सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


# नयाँ पत्रिका

nayapatrikadaily.com

५ भदौ २०८३, शुक्रबार (21 Aug 2026, Friday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १३० ■ पृष्ठ ८ | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-


# ११ हजार बचतकर्ताको डेढ अर्ब हिनामिनामा मुछिएका तामाङलाई एमालेले बनायो मन्त्री

### विनाविभागीय मन्त्री बनाइएका ज्ञानबहादुर तामाङ आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय नै लिने 'लबिङ'मा



- **एमालेका तर्फबाट समानुपातिक सांसद रहेका ज्ञानबहादुर तामाङ ०७९ सम्म नेसनल नमोबुद्ध सहकारीको अध्यक्ष थिए। २९ पुस ०७९ मा भएको सहकारीको अधिवेशनबाट राजकुमार लामाको नेतृत्वमा नयाँ सञ्चालक समिति आयो। उनीहरू दुवैको कार्यकालमा झन्डै ११ हजार बचतकर्ताको एक अर्ब ५२ करोड हिनामिना भएको सहकारी रजिस्ट्रार कार्यालयको प्रारम्भिक अनुसन्धानमा खुलिसकेको छ। यही कारण तामाङ लामो अवधि सम्पर्कविहीनसमेत बनेका थिए।**
- **सहकारीको अध्यक्ष रहेका वेला तामाङले महँगो ब्याज दिने प्रलोभनमा बचतकर्ताबाट कुस्त रकम उठाए। यसरी उठाएको रकमबाट नुवाकोटको लिखु गाउँपालिका– ९, थानसिङमा ४४ रोपनी जग्गा खरिद गरे। सहकारीको पैसाबाट किनिएको जग्गा गैरकानुनी रूपमा नुवाकोटकै ककनी गाउँपालिका– ९ की चिनीमाया लामाको नाममा पास गरे। त्यही जग्गा राष्ट्रिय सहकारी बैंकमा धितो राखेर सहकारीका नाममा १४ करोड ऋण लिए र मनपरी खर्च गरे।**

काठमाडौंमा **टेकराज थामी**
मकवानपुरमा **पोष्टराज अधिकारी**

सहकारीका करिब ११ हजार बचतकर्ताको डेढ अर्ब हिनामिनामा संलग्न ज्ञानबहादुर तामाङलाई एमालेले बागमती प्रदेशको मन्त्री बनाएको छ। नवनियुक्त मुख्यमन्त्री किरण थापामगरले उनलाई बिहीबार विनाविभागीय मन्त्री नियुक्त गरेका हुन्। सडकमा न्यायको गुहार मागिरहेका पीडितका अगाडि अब उनी झन्डावाल गाडीमा कुद्नेछन्।

काभ्रे घर भएका तामाङ एमालेको समानुपातिक सांसद हुन्। उनी काठमाडौंको सामाखुसीमा मुख्य कार्यालय रहेको नेसनल नमोबुद्ध सहकारीको सञ्चालकमध्येका एक हुन्। लामो समय उनी त्यसको अध्यक्ष रहे। उनी र त्यसपछिका अध्यक्षको कार्यकालमा बचतकर्ताको एक अर्ब ५२ करोड हिनामिना भएको सहकारी रजिस्ट्रार कार्यालयको प्रारम्भिक अनुसन्धानमा खुलिसकेको छ। यही कारण तामाङ लामो अवधि सम्पर्कविहीन बनेका थिए।

> समस्याग्रस्त घोषणा गरिएपछि नमोबुद्धमा लगाइएको छ ताला, न्यायको पर्खाइमा बचतकर्ता

तामाङको सहकारीलाई प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालयले २८ पुस ०८१ मै समस्याग्रस्त घोषणा गरेको थियो। त्यसलगत्तै सहकारीको कार्यालयमा ताला लगाइएको छ। विभागीय जिम्मेवारी पाइनसकेका तामाङले आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालयको जिम्मेवारी लिन 'लबिङ' गरिरहेको स्रोतको भनाइ छ।

२९ पुस ०७९ सम्म तामाङ नमोबुद्धको अध्यक्ष थिए। सहकारीको २२औँ अधिवेशनपछि राजकुमार लामा अध्यक्ष छन्। स्थापना भएको डेढ दशकमा सहकारीले बचतकर्ताको संख्या करिब ११ हजार पुर्‍यायो र उनीहरूबाट झन्डै दुई अर्ब रुपैयाँभन्दा धेरै बचत संकलन गर्‍यो। त्यसमध्ये डेढ अर्ब त दुरुपयोग नै भयो।

आफूहरूले गरेको बचत हिनामिना भएको थाहा पाएपछि बचतकर्ताले सामूहिक र एकल गरेर ०८१ असोजमै प्रदेश

» पृष्ठ २ मा क्रमशः

### ■ मुख्यमन्त्री किरण थापामगरको पहिलो निर्णय- **राष्ट्रिय सदाचार नीति, २०८३ लागू गर्ने**



सहकारीका बचतकर्ताको रकम हिनामिनामा मुछिएका ज्ञानबहादुर तामाङलाई मन्त्री नियुक्त गरेका नवनियुक्त मुख्यमन्त्री किरण थापामगरले पदभार ग्रहणपछि पहिलो निर्णय भने राष्ट्रिय सदाचार नीति, २०८३ कार्यान्वयन गर्ने गरेका छन्। संघीय सरकारले हालै जारी गरेको सदाचार नीतिलाई प्रदेशमा प्रभावकारी कार्यान्वयनमा लैजाने उनको निर्णय छ।

सदाचार नीतिको कार्यान्वयनका लागि आवश्यक कार्ययोजना तयार गर्न मुख्यमन्त्री कार्यालयका शासकीय सुधार सचिव उमेश ढकालको नेतृत्वमा उच्चस्तरीय समिति गठन गर्ने निर्णय पनि मुख्यमन्त्री थापाले गरेका छन्। समितिमा बैठक तथा प्रशासन सचिव रामबाबु पुरी, आन्तरिक मामिला मन्त्रालयका सचिव महेश भट्टराई, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव नारायण मैनाली तथा स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका सचिव खुबीराम अधिकारी सदस्य छन्।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

### कांग्रेसको क्रियाशील सदस्यतामा जहिल्यै किचलो

# १२औँ महाधिवेशनदेखिको क्रियाशील सदस्यता विवाद अझै सुल्झिएन

### सदस्यताको विषय नटुंगिँदा २ भदौका लागि तय भएको वडा अधिवेशन २४ भदौमा सरेको छ



**एकताबद्ध बन्ने दुवै समूहको दाबी, तर देउवा समूह अडान फेरेर नयाँ माग अघि सार्दै**

**प्रेम गौतम**/नयाँ पत्रिका

कांग्रेस महाधिवेशनका प्रारम्भिक मतदाता भनेका क्रियाशील सदस्य हुन्। वडादेखि केन्द्रीय कार्यसमितिमा पुग्न क्रियाशील सदस्य हुनैपर्छ। क्रियाशील सदस्य नभई उम्मेदवार बन्न मात्रै होइन, मतदान गर्न पनि पाइँदैन। यति महत्त्वपूर्ण क्रियाशील सदस्यता टुंग्याउन कांग्रेसलाई जहिल्यै सकस पर्छ। १२औँ महाधिवेशनदेखिको क्रियाशील सदस्यता विवाद अझै सुल्झिएको छैन।

> **महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै देउवा र खड्का आज सर्वोच्च जाने**

१२औँ महाधिवेशनमा देखापरेका विवाद १३औँमा, १३औँमा देखापरेका विवाद १४औँमा र १४औँमा देखापरेका विवाद १५औँमा मिलाउने भनियो। तर,

» पृष्ठ २ मा क्रमशः

#### सुशील र शेरबहादुरको टकरावले पुरानै सदस्यतामा १२औँ महाधिवेशन

क्रियाशील सदस्यबाटै कांग्रेसका महाधिवेशन प्रतिनिधि छानिन्छन्। उम्मेदवार बन्न र मतदान गर्न पनि क्रियाशील सदस्य नै चाहिन्छ। १२औँ महाधिवेशनअघि क्रियाशील सदस्यता विवाद चर्किएको थियो। त्यतिवेला देउवा पक्ष (इतर पक्ष)ले क्रियाशील सदस्यमा धाँधली भएको आरोप लगाएको थियो। विवादको मुख्य जड गुटगत होडबाजी नै भएको कांग्रेस नेताहरू स्विकार्छन्। महाधिवेशनमा आफ्नो प्रभाव कायम राख्न संस्थापन पक्षले विधानविपरीत नाम राखेको आरोप लाग्दै आएको छ। एकलौटी रूपमा सदस्यता फाराम बाँडेको र सदस्यता दिएको आरोप इतर पक्षको थियो। ०६७ असोज १ देखि ५ गतेसम्म भएको महाधिवेशनकै वेला क्रियाशील सदस्यताको विवाद निस्किएपछि पुरानै क्रियाशील सदस्यबाट महाधिवेशन गराइएको थियो। जसबाट सुशील कोइराला सभापतिमा निर्वाचित भएका थिए। विवाद बढेपछि सभापति कोइरालाले क्रियाशील सदस्यता विवाद समाधान गर्ने बताएका थिए। तर, विवाद समाधान भने हुन सकेन।

#### १३औँ महाधिवेशनमा सदस्यता किचलोकै कारण स्थानीय अधिवेशन नै प्रभावित

१३औँ महाधिवेशनमा पनि क्रियाशील सदस्यको विषय टुंगिएन, झन् बल्झियो। नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरणको विषयमा तत्कालीन संस्थापन पक्ष (रामचन्द्र पौडेल) र संस्थापन इतर पक्ष (शेरबहादुर देउवा)बिच चरम विवाद भएको थियो। दुवै पक्षले आ-आफ्नो पक्षका सदस्यहरूको संख्या बढाउने र अर्को पक्षको सदस्यता काँटछाँट गरेको आरोप लागेको थियो। जसका कारण स्थानीय तहका अधिवेशन नै प्रभावित भएका थिए। क्रियाशील सदस्यता विवाद थाती नै राखेर ०७२ फागुन २० देखि २३ गतेसम्म भएको महाधिवेशनबाट शेरबहादुर देउवा सभापतिमा निर्वाचित भएका थिए।

#### १४औँ महाधिवेशनमा शेरबहादुर र शेखरको विवादले सदस्य नै घटाइए

०७८ मंसिरमा सम्पन्न १४औँ महाधिवेशनका लागि करिब नौ लाख क्रियाशील सदस्य भए पनि विवादका कारण आठ लाख ८२ हजार ८१६ मात्रै कायम गरिएको थियो। विवादित स्थानमा १३औँ महाधिवेशनकै प्रतिनिधिलाई मान्यता दिइएको थियो। सोही कारण क्रियाशील सदस्यता घटाएर कायम गरिएको थियो। महाधिवेशनबाट देउवा सभापतिमा पुनः दोहोरिएका थिए।

#### क्रियाशील सदस्यता विवादकै जगमा भयो विशेष महाधिवेशन

क्रियाशील सदस्यता विवादकै कारण तोकिएको समयमा १५औँ महाधिवेशन हुन सकेन। गत पुसमा तोकिएको नियमित महाधिवेशन हुन नसकेपछि विशेष महाधिवेशन भएको थियो। विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति आयो। थापाले क्रियाशील सदस्यता अद्यावधिकको काम थाले। गत वैशाखमै सम्पन्न गर्ने भनिएको क्रियाशील सदस्यता अद्यावधिकको काम भदौ लाग्दासमेत सकिएको छैन। कांग्रेसमा अहिले देखिएको संस्थापन र संस्थापन इतर पक्षको विवादको जरो पनि क्रियाशील सदस्यता नै हो।

#### विशेष महाधिवेशनपछि पनि सुल्झिएन विवाद, पार्टी विभाजनको डिलमा

कांग्रेसमा हरेक वर्ष क्रियाशील सदस्यता नवीकरण गर्नुपर्छ। तर, हरेक महाधिवेशनमा नवीकरणको प्रावधान निलम्बन गरी एकैपटक क्रियाशील सदस्यता लिने अभ्यास छ। यही कारण महाधिवेशनकै मुखमा क्रियाशील सदस्यता लिने र नवीकरण गर्ने संख्या उल्लेख्य थपिन्छ। तर, गत पुसमा विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा बनेको कार्यसमितिले सदस्यता अद्यावधिक भइसकेपछि महाधिवेशन प्रक्रिया अघि बढाउने निर्णय गर्‍यो। त्यस आधारमा वैशाखभर सदस्यता अद्यावधिकको समय तोकिएको थियो, तर अपेक्षाकृत भएन। १४औँ महाधिवेशनमा कांग्रेसका आठ लाख ८२ हजार ८१६ क्रियाशील सदस्य कायम गरिएको थियो। यीमध्ये करिब सात लाखले अद्यावधिक गरे, नयाँ एक लाखहाराहारीले सदस्यताका लागि आवेदन दिएको सहमहामन्त्री योगेन्द्र चौधरीले बताए।

### सिराहा र सप्तरीका मुसहर बस्ती **बाढी आउँदा रोकिन्छ पढाइ**



बतहा खोलाकिनारस्थित सिराहा ढोढनाको ७० घर रहेको मुसहर बस्ती हिउँदमा सामान्य देखिए पनि बर्खा लागेपछि खेत, पैनी र जरुवाको पानी गाउँतर्फ सोझिन्छ। पानीको निकास नहुँदा बस्ती डुबानमा पर्छ। पानी नसुकुन्जेल बालबालिकाको विद्यालयको बाटो छेकिन्छ।

(**विस्तृत पृष्ठ ३**)

### गभर्नरको कार्यकाल अब तीन वर्ष

कार्यसम्पादन राम्रो भए दुई वर्ष पुनः नियुक्ति गर्न सकिने

(**विस्तृत पृष्ठ ६**)




JOIN
THE EV REVOLUTION !

**EXCITING CAREER OPPORTUNITIES AT DIRECT SOLUTION PVT. LTD.**

Direct Solution Pvt. Ltd. Growing up in the exciting world of Electric Vehicles (EVs) is looking for passionate, energetic and ambitious individuals to join our sales team.

**SALES MANAGER - EV CARS & SCOOTERS**

**1 Position :** Are you an experienced sales professional with strong leadership and customer-handling skills? Lead our EV sales team and drive our growth!
We are looking for:
- Fluency in English and chinese language is preferable
- 3+ years of relevant sales experience preferred
- Strong leadership and team-management skills
- Excellent communication and negotiation abilities
- Target-driven and result-oriented personality
- Experience in automobile/EV sales will be an advantage

**SALES EXECUTIVES / SALESMEN – EV CARS & SCOOTERS**

**5 Positions | 2 Position Reserved for Female Candidate**
**We want enthusiastic people who can:**
- Connect with customers and understand their needs
- Promote and sell our EV cars and scooters
- Achieve sales targets and earn attractive incentives
- Build strong and lasting customer relationships
- Interest/knowledge in electric vehicles is an advantage
- **Minimum Qualification:** +2 or equivalent
- **Experience:** Freshers with strong communication skills are also encouraged to apply.

- **WHAT WE OFFER**
- **Attractive Salary**
- **Performance-Based Incentives**
- **Career Growth Opportunities**
- **Opportunity to Work in the Fast-Growing EV Industry**
- **Friendly & Professional Work Environment**

**READY TO DRIVE YOUR CAREER FORWARD**

Interested candidates are requested to forward their updated CV to
***directsolutionnp@gmail.com* Call/WhatsApp: 9801040767**
Application Deadline: 31st August 2026

**Direct Solution Pvt. Ltd**
Hattisar, Kathmandu


# अनावरणको तयारीमा जेन–जी आन्दोलनका ४२ सहिदको सालिक

### राष्ट्रिय खेलकुद परिषद्को सातदोबाटोस्थित स्विमिङ पुलपरिसरमा बनाइँदै सालिकसहितको पार्क

- जेन-जी आन्दोलनको वर्ष दिन पारेर २३ भदौमा उद्घाटन गर्ने योजना
- १५ सालिक तयार, बाँकी फिनिसिङ हुँदै

तस्बिरहरू : **अमुल थापा**/नयाँ पत्रिका





**शिवहरि घिमिरे**/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा मृत्यु भएका ४२ सहिदको सालिक धमाधम निर्माण भइरहेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को सातदोबाटोस्थित परिसरमा सहिदका

» पृष्ठ २ मा क्रमशः

### ■ सहिद घोषित तीन प्रहरीको सालिक भने बनाइएन



प्रहरी प्रवक्ता अविनारायण काफ्लेे भन्छन्- **छुटाउनुहुँदैन**

अन्य सहिदहरूसँगै सहिद प्रहरीको पनि सालिक बनाउनुपर्छ। नत्र उनीहरूमाथि सरकारबाटै अन्याय भएको ठहरिन्छ। जेन-जी आन्दोलनका सबै सहिदको सालिक एकै ठाउँमा हुनुपर्छ।

## १२औँ महाधिवेशनदेखिको...

पृष्ठ १ बाट क्रमशः

विवाद अझै सुल्झेको छैन । ०७६ असोज १ देखि ५ गतेसम्म महाधिवेशनको समयमा क्रियाशील सदस्यताको विवाद जन्मिएको थियो । तर, विवाद नसुल्झिएपछि पुरानै क्रियाशील सदस्यबाट महाधिवेशन गराइएको थियो । त्यतिवेला सुशील कोइरालाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको थियो ।

१३औँ महाधिवेशनमा पनि क्रियाशील सदस्यको विषय टुंगिएन, झन् बल्झियो । ०७२ फागुन २० देखि २३ गतेसम्म भएको थियो । क्रियाशील सदस्यता विवाद थाँती नै राखेर गरिएको उक्त महाधिवेशनबाट शेरबहादुर देउवा सभापति निर्वाचित भएका थिए ।

त्यस्तै, ०७८ मंसिर २४ देखि २८ गतेसम्म भएको १४औँ महाधिवेशनका लागि करिब नौ लाख क्रियाशील सदस्य भए पनि विवादका कारण आठ लाख ८२ हजार ८१६ मात्रै कायम गरिएको थियो । उक्त महाधिवेशनबाट देउवा नै पुनः सभापतिमा दोहोरिएका थिए ।

पछिल्लोपटक गत पुसमा भएको विशेष महाधिवेशनबाट भने गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति आयो । थापाले क्रियाशील सदस्यता अद्यावधिकको काम थाले । तर, गएको वैशाखमै सक्ने भनिएको क्रियाशील सदस्यता अद्यावधिक भदौ लागिसक्दासमेत सकिएको छैन । जबकि महाधिवेशनको मिति अब डेढ महिना पनि छैन । असोज १६ देखि १९ गतेसम्म महाधिवेशन गर्ने कांग्रेसको निर्णय यथावत् छ । केन्द्रीय समिति बैठकले डिजिटल प्रणालीका प्राविधिक तथा व्यवस्थापकीय समस्या समाधान गरी क्रियाशील सदस्यताको काम अघि बढाउन व्यवस्थापन समितिलाई निर्देशन दिएको छ ।

'पार्टीका सम्पूर्ण क्रियाशील सदस्यताको डिजिटल अभिलेख व्यवस्थित गर्दै सदस्यता वितरण, नवीकरण, अद्यावधिक तथा अभिलेखीकरण गर्ने कार्यलाई सरल, विश्वसनीय र प्रभावकारी बनाइने छ । प्रक्रिया पूरा गरेका सदस्यलाई पार्टीको परिचयपत्र उपलब्ध गराउने तथा छुटेका सदस्यलाई निश्चित समय तोकेर पुनः अद्यावधिकको अवसर प्रदान गर्ने निर्णय गरिएको छ,' बैठकको निर्णयमा भनिएको छ, 'सदस्यता व्यवस्थापन सम्बन्धमा सदस्यता व्यवस्थापन समितिले गरेका निर्णयहरू अनुमोदन गरिएको छ । यसका साथै डिजिटल प्रणालीका प्राविधिक तथा व्यवस्थापकीय समस्या समाधान गरी कार्य अघि बढाउन उक्त समितिलाई आवश्यक अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ ।'

कांग्रेस विधानअनुसार हरेक वर्ष क्रियाशील सदस्यता नवीकरण गर्नुपर्छ । तर, हरेक महाधिवेशनमा नवीकरणको प्रावधान निलम्बन गरेर एकैपटक क्रियाशील सदस्यता दिने-लिने अभ्यास हुँदै आएको छ । त्यसैकारण महाधिवेशनको मुखमा क्रियाशील सदस्यता लिने र नवीकरण गर्ने संख्या उल्लेख्य थपिन्छ ।

कांग्रेस सहमहामन्त्री एवं क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य योगेन्द्र चौधरी क्रियाशीलको विवाद नआओस् भनेरै सदस्यता अद्यावधिकको निर्णय गरिएको बताउँछन् । 'यो समस्या समाधान गर्नकै लागि हामीले क्रियाशील सदस्यता अद्यावधिक गराएका हौँ । अब यस्ता समस्या आउँदैनन्, पुराना समस्या पनि समाधान हुन्छन्,' उनले भने ।

१ भदौमा सम्पन्न केन्द्रीय समिति बैठकले विधानको धारा ३५ (२) (घ) नै निलम्बन गरेको छ । विशेष परिस्थितिमा १५औँ महाधिवेशन निर्धारित समयभित्र सम्पन्न गर्न आवश्यक देखिएकाले विधानको धारा ३५(२)(घ) निलम्बन गरिएको प्रवक्ता देवराज चालिसे बताउँछन् । 'विशेष परिस्थितिमा १५औँ महाधिवेशन निर्धारित समयभित्र सम्पन्न गर्न आवश्यक देखिएकाले विधानको धारा ३५(२)(घ) सम्बन्धमा विधानबमोजिम आवश्यक निलम्बन गर्ने निर्णय गरिएको छ,' बैठकको निर्णयबारे उनले भने । उक्त धारामा केन्द्रीय महाधिवेशन र प्रदेश अधिवेशन हुने वर्षभन्दा कम्तीमा एक वर्षअगावै स्थानीय तहका सबै अधिवेशन र कार्यसमितिहरू गठन गरिने उल्लेख छ । स्थानीय तहका अधिवेशनबाट प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशनका लागि निर्वाचित हुने प्रतिनिधि प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशन हुनुभन्दा तीन महिना पहिला निर्वाचित गरिने पनि उक्त धारामा उल्लेख छ ।

सदस्यताको विषय नटुंगिँदा २ भदौका लागि तय भएको वडा अधिवेशन २४ भदौमा सरेको छ । कार्यतालिका संशोधन भए पनि महाधिवेशनको मिति यथावत् नै राखिएको छ । कांग्रेस नेताहरूका अनुसार क्रियाशील सदस्यका लागि करिब आठ लाखले नाम अद्यावधिक गरेका छन् । पुराना करिब सात लाख र नयाँ एक लाखहाराहारीले नाम अद्यावधिक गरेका हुन् । १४औँ महाधिवेशनमा कांग्रेसका आठ लाख ८२ हजार ८१६ क्रियाशील सदस्य कायम गरिएको थियो । यीमध्ये गत पुससम्म नवीकरण र नयाँ वितरण गरी सात लाख ८१ हजार २३३ क्रियाशील सदस्य कायम थिए । क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य एवं कांग्रेस सहमहामन्त्री योगेन्द्र चौधरीका अनुसार करिब आठ लाखभन्दा बढी अद्यावधिक प्रक्रियामा जोडिएका छन् र जोडिने क्रम अझै जारी छ ।

कांग्रेसले १० लाख क्रियाशील सदस्यता बनाउने लक्ष्य राखेको थियो । तर, आन्तरिक विवादका कारण लक्ष्यमा पुग्न नसकिएको नेताहरू स्विकार्छन् । सदस्यता अद्यावधिकका लागि समितिले ७७ वटै जिल्लामा केन्द्रीय प्रतिनिधि खटाएको थियो । गत वैशाखबाट सुरु भएको क्रियाशील सदस्यता अद्यावधिकका लागि महामन्त्री प्रदीप पौडेलको संयोजकत्वमा गठित क्रियाशील सदस्यता व्यवस्थापन समितिको पटक-पटक म्याद थपिएको छ । अन्तिमपटक ११ साउनमा विज्ञप्ति जारी गर्दै १४ साउनसम्म क्रियाशील सदस्यता स्वीकृत गरिसक्न समितिले भनेको थियो । केन्द्रीय समिति बैठकले पुनः समय दिएको छ ।

इतर पक्षलाई समेत समेटेर अघि बढ्ने प्रयास जारी रहेकाले क्रियाशील सदस्यताको विषय टुंग्याउन बाँकी रहेको समिति सदस्य एवं सहमहामन्त्री चौधरी बताउँछन् । चौधरीका अनुसार सबैको सहभागितामा १५औँ महाधिवेशन सम्पन्न गर्न प्रयास गरिएको हो । 'क्रियाशील सदस्यताको विषयमा केही राजनीतिक विवाद देखिएको छ । हामी सबैको सहभागितामा १५औँ महाधिवेशन होस् भन्ने पक्षमा छौँ । केही साथीहरू क्रियाशील सदस्यता अद्यावधिकमा छुट्नुभएको छ । उहाँहरूलाई समेट्ने प्रयास भइरहेको छ,' उनले भने ।

पूर्वसभापति शेरबहादुर देउवा, पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता शशांक कोइराला, शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, शशांक कोइराला, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंहलगायत इतर पक्षका नेता तथा कार्यकर्ताले अहिलेसम्म पनि क्रियाशील सदस्यता अद्यावधिक गरेका छैनन् । उनीहरूले क्रियाशील सदस्यता भने विशेष महाधिवेशनअघि नै नवीकरण गरिसकेका छन् ।

गत पुसमै तोकिएको १५औँ महाधिवेशन हुन नसकेपछि तत्कालीन संस्थापन पक्ष र नेता शेखर कोइराला पक्षविनै विशेष महाधिवेशन भएको थियो । सदस्यता अद्यावधिक नगर्नेले अधिवेशन र महाधिवेशनमा भाग लिन नपाउने, तर रेकर्डमा भने रहने कांग्रेसले चेतावनी दिँदै आएको छ । तर, इतर पक्षले १५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण गरिसकेकाले अद्यावधिक आवश्यक नरहेको र १४औँ महाधिवेशनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यको समायोजन हुनुपर्ने बताउँदै आएको छ । तर, सर्वोच्च अदालतबाट आधिकारिकता फैसलामा निस्सा प्राप्त भएपछि उत्साहित बनेको इतर पक्षले १४औँ महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवाकै नेतृत्वमा १५औँ महाधिवेशन हुनुपर्ने नयाँ माग अघि सारेको छ ।

### अन्तिम टुंगो कसरी लाग्छ ?

क्रियाशील सदस्यता व्यवस्थापन समितिले अद्यावधिक भएका नाम सम्बन्धित क्षेत्रमा पठाउनेछ । प्रक्रियागत रूपमा गर्नुपर्ने कामहरू वडा, क्षेत्र र जिल्लाले सम्पन्न गर्नेछन् । नयाँ सदस्यको हकमा वडा हुँदै क्षेत्रले टुंग्याउनेछ भने पुराना सदस्यको हकमा वडा, क्षेत्र हुँदै जिल्लाले टुंग्याउनेछ । जिल्लामा तीन सदस्यीय छानबिन समिति गठन हुनेछ । त्यसमा चित्त नबुझे केन्द्रमा उजुरी दिन सकिने व्यवस्था छ । 'क्रियाशील सदस्य बन्न चाहेकालाई प्रक्रिया पुऱ्याई अन्तिम टुंगो लगाउन पत्राचार गरिएको छ,' उनले भने । क्रियाशील सदस्यको विषयमा तल्लो तहले गरेको निर्णयमा चित्त नबुझे वा कुनै गुनासो भए केन्द्रमा उजुरी दिन सक्नेछन् ।

### आवश्यक परे मात्रै केन्द्रमा छानबिन समिति

विशेष महाधिवेशनपछि आवश्यक परे मात्रै केन्द्रमा क्रियाशील सदस्यता छानबिन समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ । इतर पक्ष सहमतिमा आउने अवस्थामा छानबिन समिति गठन गरेर अघि बढ्ने अन्यथा व्यवस्थापन समितिले नै अन्तिम रूप दिने तयारी कांग्रेसको छ । 'आवश्यक परेमा क्रियाशील सदस्यता छानबिन समिति बनाउन सक्ने व्यवस्था विधानमा छ । उहाँहरू (इतर पक्ष)को चाहनाअनुसार छानबिन समिति बनाएर पनि जान सक्ने भनेका छौँ,' सहमहामन्त्री चौधरीले भने 'अर्को, साथीहरू पनि सहभागिता खोज्दै हुनुहुन्छ । उहाँहरूको सहभागितामा क्रियाशील छानबिन समितिलाई पूरा गर्छौं । क्रियाशीलको विषयमा विवाद, असन्तुष्टि नहोस्, मेरो-तेरो भन्ने नहोस् भन्नेमा हामी सचेत छौँ । हामीलाई विश्वास छ, उहाँहरू यो प्रक्रियामा सहभागी हुनुहुन्छ ।'

चौधरीका अनुसार इतर पक्षसँग निरन्तर छलफल र संवाद भइरहेको छ । 'राजनीतिक विषय हो, महाधिवेशनमा आ-आफ्नो शक्ति देखाउने, बार्गेनिङ गर्ने कुरा नयाँ होइन । तर, हामी सुध्रिएको कांग्रेसमा गुटको आधारमा पदको लेनदेन नहोस् भन्नेमा छौँ । उहाँहरू पुरानै तौरतरिका देखाउने प्रयत्नमा हुनुहुन्छ ।'

### देउवा पक्ष फेरि अदालत जाँदै

कांग्रेसको आधिकारिकता विवाद अदालतमा विचाराधीन रहेको भन्दै संस्थापनले गरिरहेको १५औँ महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै इतर पक्ष (देउवा पक्ष) सर्वोच्च जाने भएको छ । १ भदौको केन्द्रीय समिति बैठकले १६ देखि १९ असोजमा महाधिवेशन गर्ने निर्णय गरेको छ । तर, आधिकारिकता विवाद टुंगो नलागेसम्म महाधिवेशनको सम्पूर्ण प्रक्रिया रोक्न र दीर्घकालीन महत्त्वको निर्णय नगर्न माग गर्दै इतर पक्षले सर्वोच्च जाने निर्णय गरेको हो ।

नेता डा. शशांक कोइरालाको निवासमा बिहीबार बसेको शीर्ष नेताहरूको बैठकले शुक्रबार सर्वोच्च जाने निर्णय गरेको छ । 'आधिकारिकताको विषय सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेका वेला दीर्घकालीन असर पार्ने कुनै पनि काम गर्न मिल्दैन । महाधिवेशन प्रक्रिया अघि बढाउन मिल्ने कुरै होइन । यसविरुद्ध अदालत जाने तयारीमा छौँ,' इतर पक्षका नेता मीन विश्वकर्माले भने ।

पूर्वसभापति देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काका तर्फबाट बेग्लाबेग्लै निवेदन दर्ता गर्ने तयारी छ । 'विषयवस्तु एउटै भए पनि सभापतिका रूपमा देउवा र कार्यसमितिका तर्फबाट कार्यवाहक सभापति पूर्णबहादुर खड्काले छुट्टाछुट्टै निवेदन दिने तयारी छ,' उनले भने । विशेष महाधिवेशनलाई मान्यता दिने यसअघिको फैसला पुनरवलोकनका लागि सर्वोच्चले अनुमति दिएको थियो । त्यसयता इतर पक्ष आफूहरूको पक्षमा फैसला आउने विश्वासमा उत्साहित छ ।

## ११ हजार बचतकर्ताको...

पृष्ठ १ बाट क्रमशः

सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी दिएका थिए । तर, सत्ताको आडमा लामो समय छानबिन नै गरिएन । त्यतिवेला तामाङको पार्टी एमाले सरकारमा थियो । पछि मिडियामार्फत चर्को दबाब परेपछि मात्रै प्रारम्भिक छानबिन गरेर नमोबुद्ध सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको थियो ।

यो सहकारीमा अहिले अध्यक्ष राजकुमार लामासँगै उपाध्यक्ष विमला बस्नेत, सचिव राजु सापकोटा, कोषाध्यक्ष श्यामबहादुर तामाङ, सदस्य बाबुराम लोप्चन र बुद्धिबहादुर तामाङ छन् । त्यस्तै, लेखा सुपरिवेक्षण समितिको संयोजकमा नरबहादुर तामाङ, सदस्यमा कुमारी आले र पृथ्वी तामाङ छन् । तर, उनीहरू कार्यालय कम आउने गर्छन् ।

सहकारीको अध्यक्ष रहेका वेला तामाङले महँगो ब्याज दिने प्रलोभनमा बचतकर्ताबाट कुस्त रकम उठाए । यसरी उठाएको रकमबाट गैरकानुनी रूपमा व्यक्तिका नाममा जग्गा खरिद गरे । त्यही जग्गा राष्ट्रिय सहकारी बैंकमा धितो राखेर सहकारीका नाममा १४ करोड ऋण लिए र मनपरी खर्च गरे । यसरी उनले बचतकर्तालाई मात्र होइन, सहकारी बैंकलाई पनि ठगे । प्रदेशको सहकारी मन्त्रालयले नमोबुद्धलाई समस्याग्रस्त घोषणा गरेलगत्तै तामाङसहितका सञ्चालकहरू निर्णय रोक्न माग गर्दै रिट लिएर सर्वोच्च अदालत पुगेका थिए । तर, न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको संयुक्त इजलासले उनीहरूको रिट खारेज गरिदिएको थियो ।

समस्याग्रस्त घोषणा भएलगत्तै २९ पुस ०८१ मा सहकारीमा तालाबन्दी गरिएको थियो । प्रदेश सहकारी रजिस्टार कार्यालयले सहकारीबाट कम्प्युटरका हार्डडिक्स र अन्य कागजात जफत गरेको थियो । प्रदेशस्थित रजिस्टारको कार्यालयबाटै समस्या समाधान गर्ने वा थप अनुसन्धानका लागि नेपाल प्रहरीलाई सिफारिस गर्ने सम्बन्धमा अध्ययन हुँदै गर्दा प्रक्रिया बिचमै रोकियो । जुन अहिलेसम्म अघि बढेको छैन ।

### बचतकर्तालाई मात्र होइन, तामाङले सहकारी बैंकलाई समेत ठगे

नमोबुद्ध सहकारीका तत्कालीन अध्यक्ष ज्ञानबहादुर तामाङले महँगो ब्याज दिने प्रलोभनमा बचतकर्ताबाट कुस्त रकम उठाए । यसरी उठाएको रकमबाट गैरकानुनी रूपमा व्यक्तिका नाममा जग्गा खरिद गरे । तामाङसहितका सञ्चालकले सहकारीको रकमबाट नुवाकोटको लिखु गाउँपालिका- ९, थानसिङमा ४४ रोपनी जग्गा खरिद गरेका थिए । तर, सबै जग्गा नुवाकोटकै ककनी गाउँपालिका- ९ की चिनीमाया लामाको नाममा पास गरे । त्यही जग्गा राष्ट्रिय सहकारी बैंकमा धितो राखेर सहकारीका नाममा १४ करोड ऋण लिए र मनपरी खर्च गरे ।

सुरुका केही किस्ता ऋण पनि तिर्दै गए । तर, जब समय घर्किँदै गयो, ऋण तिर्न आलटाल गर्दै गए । बैंकले ऋण तिर्न ताकेता गऱ्यो । तर, विभिन्न बहाना देखाउँदै उनले तिर्ने भाका बदल्दै गए । केही सिप नलागेपछि बैंकले तामाङको नाममा गत १४ जेठमा ३५ दिने सूचना नै सार्बजनिक गरेको थियो । बैंकले जारी गरेको सूचना तामाङसहित सहकारीका वर्तमान अध्यक्ष राजकुमार लामा, उपाध्यक्ष विमला बस्नेत, सचिव राजु सापकोटा, कोषाध्यक्ष श्यामबहादुर तामाङ, सदस्यहरू बाबुराम लोप्चन, बुद्धिबहादुर तामाङ र पेम्बा शेर्पाको नाममा थियो । तर, उनीहरूले अझै ऋण चुक्ता गरेका छैनन् । ऋण लिँदा सांसद ज्ञानबहादुर र बुद्धिबहादुर प्रमुख निर्णयकर्ता थिए । बाँकी भने जमानी मात्रै बसेका थिए ।

## बढ्यो बालविकासका सहजकर्ताको तलब

**काठमाडौं** / सामुदायिक विद्यालय तथा सामुदायिक केन्द्रमा अध्ययन गराउने प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक पाँच हजार रुपैयाँले बढाएको छ । मन्त्रिपरिषद्को बुधबारको बैठकले सहजकर्तासँगै सामुदायिक विद्यालयका विद्यालय कर्मचारी र विद्यालय सहयोगीको तलब पनि सोही अनुपातमा बढाएको हो । संघीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास इसिडी सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान बढाएको शिक्षा मन्त्रालयले जनाएको छ ।

हाल देशभरका सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ताको संख्या ३६ हजार ४४८ छ । पाँच हजार तलब वृद्धि गरिएसँगै अब (इसिडी) संघीय सरकारले दिने सहजकर्ताको मासिक तलब १२ हजारबाट बढेर १७ हजार पुगेको छ । यसबाहेक स्थानीय तहले सात हजारका दरले तलब दिँदै आइरहेका छन् । योसहित अब बालविकास सहजकर्ताको तलब २४ हजार पुगेको छ । त्यस्तै विद्यालय सहयोगी तलब १० हजार रहेकामा १५ हजार पुगेको छ भने विद्यालय कर्मचारीको तलब १५ हजारबाट २० हजार पुऱ्याइएको छ ।

नेपाल बालविकास शिक्षक केन्द्रीय संघर्ष समितिका अध्यक्ष कृष्णाकुमारी थापामगरले बाल विकास सहजकर्तालाई केही राहत मिलेको बताइन् ।

## अनावरणको तयारीमा...

पृष्ठ १ बाट क्रमशः

सालिकसहितको पार्क जेन-जी आन्दोलनकै वर्ष दिन पारेर २३ भदौमा उद्घाटन गर्ने योजना छ । ५५ लाख लागतमा नौ महिनाअघि नै सालिक बनाउन थालिएको थियो । हालसम्म १५ सालिक तयार भइसकेका छन् भने बाँकीको फिनिसिङ भइरहेको छ । तत्कालीन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारका युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले ४२ सहिदको सालिक बनाउन राखेपलाई निर्देशन दिएका थिए । तर, स्रोत सुनिश्चितता नभएपछि सहिदका परिवार र समाजसेवीले ग्लोबल आइएमई बैंकसँग पहल गरेका थिए । लगानी गरिदिन बैंक तयार भएपछि सालिक निर्माण अघि बढेको सहजकर्ता अर्जुन थापाले बताए ।

'तत्कालीन नागरिक सरकारका खेलकुदमन्त्रीले सालिक बनाउने ठाउँ दिन राखेपलाई निर्देशन दिनुभयो । ठाउँ त भयो, तर सालिक बनाउन रकम भएन । पहलपछि ग्लोबल आइएमई बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत सालिक बनाउन तयार भएपछि काम अघि बढ्यो,' उनले भने, 'अहिलेसम्म कारिगरले सबै सालिकको स्वरूप दिइसकेका छन्, त्यसमा फिनिसिङको काम भइरहेको छ, सहिदको योगदान र सम्झनामा यो काम गर्न लागिएको हो ।'

एक सातामा सबै सालिक तयार हुने जनाइएको छ । सालिक राख्नका लागि स्विमिङ पुलपरिसरको जग्गामा बगैँचा पनि तयार भइरहेको छ । खेलकुद मन्त्रालयले जग्गा सुनिश्चित गरिदिएर नौ महिनाअघि नै सालिक बनाउने काम सुरु भए पनि ढुंगा र कारिगर नपाउँदा समय लागेको सहजकर्ता थापाले बताए ।

नयाँ सरकार बनेपछि प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयले सालिक निर्माण प्रक्रिया छिटो अगाडि बढाउन चासो दिएका थिए । हाल प्रधानमन्त्री कार्यालयका प्रतिनिधिले नियमित निरीक्षणसमेत गरिरहेका छन् । 'जेन-जी सहिदहरूको सालिक निर्माण छिटो गर्ने विषयमा प्रधानमन्त्री (बालेन्द्र शाह) ज्यूले नै चासो दिएपछि सोहीअनुसार निर्माण थालिएको हो, सम्भवतः उहाँले नै उद्घाटन गर्नुहुन्छ होला,' प्रधानमन्त्री सचिवालयका एक सदस्यले भने, 'काम ढिला भयो भनेर पटक-पटक अनुगमन गरिरहेका छौँ ।'



### यी सहिदको बन्दै छ सालिक

१. **बुद्धिबहादुर तामाङ**, कीर्तिपुर- २, काठमाडौं
२. **सन्तोष विश्वकर्मा**, बेलका- ४, उदयपुर
३. **सुलभराज श्रेष्ठ**, नेपालगन्ज- १, बाँके
४. **श्रीयम चौलागाईं**, बेलबारी- ११, मोरङ
५. **इस्वतबहादुर अधिकारी**, कामपा- ११, काठमाडौं
६. **आयुष थापा**, नेपालगन्ज- १, बाँके
७. **गौरव जोशी**, धनगढी- ५, कैलाली
८. **योगबहादुर श्रेष्ठ**, बाह्रबिसे- ६, सिन्धुपाल्चोक
९. **माधव सारूमगर**, भूमिकास्थान- ४, अर्घाखाँची
१०. **विमलबाबु भट्ट**, बारपाक सुलीकोट- ५, गोरखा
११. **असहाव आलम ठकुराई**, वीरगन्ज- १२, पर्सा
१२. **सौरनकिशोर श्रेष्ठ**, बागलुङ- ४, बागलुङ
१३. **सुभाषकुमार बोहरा**, खप्तडछान्ना- ७, बझाङ
१४. **रसिक खतिवडा खत्री**, पनौती- १०, काभ्रे
१५. **विनोद महर्जन**, ललितपुर- ७, ललितपुर
१६. **दिलनारायण तामाङ**, तेमाल- ७, काभ्रे
१७. **योगेन्द्र न्यौपाने**, गोलान्जोर- १, सिन्धुली
१८. **अभिषेक श्रेष्ठ**, इनरुवा नपा- ६, सुनसरी
१९. **मोहन सरदार**, इटहरी- १४, सुनसरी
२०. **छत्रमान कुथुमी**, पाख्रीबास- २, धनकुटा
२१. **ओझन बुढा**, स्वामिकार्तिक खापर- २, बाजुरा
२२. **साजन राई**, धरान- २२, सुनसरी
२३. **अनिश पराजुली**, पालुङटार- ३, गोरखा
२४. **सारकुमार राई**, चौदण्डीगढी- ३, उदयपुर
२५. **अर्जुन भट्ट**, गण्डकी- ४, गोरखा
२६. **धीरज श्रेष्ठ**, तादी- ३, नुवाकोट
२७. **देवकुमार सुवेदी**, लालबन्दी- ५, सर्लाही
२८. **उमेश महत**, चौतारा साँगाचोकगढी- ८, सिन्धुपाल्चोक
२९. **प्रवीण कुलुङ**, सिलिचुङ- ३, संखुवासभा
३०. **निखिता गौतम**, कालिका- ८, चितवन
३१. **अभिषेक चौलागाईं**, शैलुङ- ४, दोलखा
३२. **विजय चौधरी**, लहान- १५, सिराहा
३३. **भीमराज धामी**, दुर्गाथली- १, बझाङ
३४. **नीरज पन्त**, दशरथचन्द- ६, बैतडी
३५. **दीपकसिंह साउद**, शिवनाथ- २, बैतडी
३६. **शुभराज बलामी श्रेष्ठ**, ककनी- १, नुवाकोट
३७. **ज्ञानिन्द्र सेढाईं**, अर्जुनधारा- ११, झापा
३८. **दिनेश राजवंशी**, अर्जुनधारा- ८, झापा
३९. **कमल भण्डारी**, हिलिहाङ- २, पाँचथर
४०. **दीपेश सुनुवार**, तीनपाटन- ६, सिन्धुली
४१. **महेश बुढाथोकी**, बिगु- ३, दोलखा
४२. **लच्छुमान राई**, पञ्चकन्या- २, नुवाकोट

### परामर्श नगरी असम्बन्धित ठाउँमा सहिदको सालिक बनाएको भन्दै वडाको विरोध

राखेपको स्विमिङ पुलपरिसर काठमाडौं महानगरपालिका- १५ मा पर्छ । तर, वडासँग परामर्श नगरी असम्बन्धित ठाउँमा सालिक बनाउन लागिएको भन्दै वडाध्यक्ष सुरेबहादुर शाहीले विरोध गरेका छन् । 'उहाँहरूले वडालाई नसोधी स्विमिङ पुल क्षेत्रमा सालिक र पार्क बनाउन थाल्नुभएको रहेछ । तर, यहाँ पार्क बनाएर सालिक राख्नु उपयुक्त हुँदैन, जेन-जी आन्दोलन स्विमिङ पुलभित्र भएको होइन,' उनले भने, 'हाम्रो वडामा काम गर्दा समन्वय नगरी केन्द्र सरकारको ठाडो आदेशमा काम भयो, त्यसपछि हामीले पत्र पठाएर सोधेका थियौँ, जवाफ आएन । जेन-जी सहिदको सालिकका लागि उपयुक्त ठाउँ पुरानो संसद् भवनबाहिर हुन सक्थ्यो वा अन्य उपयुक्त ठाउँ रोज्न सकिन्थ्यो । खेलकुदसँग सम्बन्धित जग्गामा आएर सालिक बनाउनु उचित भएन ।'

राखेपका सदस्यसचिव रामचरित्र मेहताले अघिल्लो सरकारकै पालामा सहिदको सालिक र पार्क बनाउने काम अघि बढेपछि वडाले विरोध गरेको बताए । 'यो ठाउँ सरकारी हो, तर यसमा सालिक बनाउनको लागि उपयुक्त नभएको भन्दै विवाद बढ्यो,' उनले भने ।

तत्कालीन खेलकुदमन्त्री तथा रास्वपा सांसद बब्लु गुप्ताले सहिदहरूको सालिक बनाउन आफूले निर्णय गरेको बताउँदै सहिदको सम्मानको लागि उक्त कार्य थालेको बताए । 'म मन्त्री हुँदा जग्गा दिलाउनका लागि राखेपलाई भनेको थिएँ, सहिदहरूको सम्मान र सम्झनामा सालिक बनाउनैपर्ने थियो,' उनले भने, 'यसमा विरोध गर्नुको आधार छैन, राखेपको जग्गामा बनाउँदा वडासँग अनुमति लिनुपर्ने अवस्था होइन ।'

### सहिद घोषित तीन प्रहरीको सालिक भने बनाइएन

#### प्रहरी प्रवक्ता भन्छन्- छुटाउनुहुँदैन

जेन-जी आन्दोलनका क्रममा समग्रमा ७६ जनाको मृत्यु भएको थियो । जुन आन्दोलनमा प्रत्यक्ष गोली लागेका, जेलनेल तोडेर भाग्दा ज्यान गुमाएका र आन्दोलनकारीबाट मारिएका प्रहरीसहितको तथ्यांक हो । जसमध्ये प्रहरीको गोली लागेर मारिएका ४२ आन्दोलनकारी र आन्दोलनकारीको आक्रमणबाट मारिएका तीन प्रहरी गरी ४५ जनालाई सरकारले सहिद घोषणा गरेको थियो । तर, राखेपको स्विमिङ पुलपरिसरमा प्रहरीबाहेक ४२ सहिदको मात्रै सालिक बनाउन लागिएको छ । सहिद प्रहरीको सालिक अन्य सहिदसँगै नबनाइएकोमा प्रहरीले असन्तुष्टि जनाएको छ । 'अन्य सहिदहरूसँगै सहिद प्रहरीको पनि सालिक बनाउनुपर्छ । नत्र उनीहरूमाथि सरकारबाटै अन्याय भएको ठहरिन्छ,' प्रहरी प्रवक्ता अविनारायण काफ्लेले भने, 'जेनजी आन्दोलनका सबै सहिदको सालिक एकैठाउँमा हुनुपर्छ ।' सहिद घोषित प्रहरीहरू सिन्धुली दुधौली- ८ का मिलन राय, कास्की रूपा- ५ का अमृत गुरुङ र दार्चुला लेकम- ३ का उत्तम थापा हुन् । उनीहरूको आन्दोलनकारीले खुकुरी प्रहार र कुटपिटबाट हत्या गरेका थिए ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दमौली, तनहुँको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०९/२२ को नयाँ पत्रिका राष्ट्रिय पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/१२/०६ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा उक्त सूचना बमोजिम कुनैपनि बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| रामबहादुर बस्नेत क्षेत्रीको बुहारी, ज्ञान बहादुर बस्नेत क्षेत्रीको पत्नी, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **रिमा बस्नेत क्षेत्री** (ना.प्र.नं. ४३१००१/१११५६१, जारी मिति २०६५/०९/०७, जि.प्र.का. तनहुँ) । | खड्क बहादुर बस्नेतको नाति, जगत बहादुर बस्नेतको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **रामबहादुर बस्नेत क्षेत्री** (ना.प्र.नं. ७०७, जारी मिति २०४४/१०/०३, जि.प्र.का. तनहुँ) । |

**धितोको विवरण**

रिमा बस्नेत क्षेत्री (ना.प्र.नं. ४३१००१/१११५६१, जारी मिति २०६५/०९/०७, जि.प्र.का. तनहुँ) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, साविक कर्लुङ गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ ण हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ स्थित कि.नं. २३ को क्षेत्रफल ०-३-१-३ (रोपनी) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०५/१९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय दमौली, तनहुँमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०५/२० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय दमौली, तनहुँमा बोलपत्रदाता र/व निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय दमौली, तनहुँमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : दमौली, तनहुँ
फोन नं. ०६५-५६४७९०
Website : www.siddharthabank.com



## कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/०५

यस मेन्छ्यायेम बचत तथा ऋण सहकारी सं.लि.को कर्जा लिने ऋणीहरूले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज र हर्जना आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत संस्थाको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी कर्जा सम्झौता बमोजिम संस्थालाई तिर्न बुझाउन पर्ने समपूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून एवं यस संस्था सँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिकी वा अन्य व्यवस्था गरी संस्थाको लेना रकम असुल गरिनुका साथै ऋणी संचालक जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने छ भनी यसै सूचनाद्धारा जानकारी गराइन्छ । साथै धितो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी संस्था ऐन २०७४ को दफा ७९ (१), संस्था नियमावली २०७५ तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ प्रचलित ऐन कानून अनुसार ऋणीको अन्य जायजेथा धनमालबाट तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गर्न गराउन हुन ऋणी तथा जमानीकर्ता सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अनुरोध गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| **१) ऋणी : गोपाल राज राई**<br>ना.प्र.प. नं.: २४५/१३६८<br>स्थाई ठेगाना : यासोक-०९, पाँचथर<br>हालको ठेगाना : ललितपुर-२६, च्याउडाँडा<br>बाबु : चन्द्र प्रसाद राई<br>बाजे : दलाहाङ्ग राई | **क) नाम : ओम कुमारी राई सम्बाहाम्फे**<br>ना.प्र.प.नं.: १०६२९<br>स्थाई ठेगाना : यासोक ०९, पाँचथर<br>हालको ठेगाना : ललितपुर-२६, च्याउडाँडा<br>बाबु : विश्वराम सम्बाहाम्फे<br>बाजे: सनमान सम्बाहाम्फे<br>**ख) नाम : पूर्णहाङ साँवा**<br>ना.प्र.प. नं.: २३४<br>स्थाई ठेगाना : इलाम -०९, गोर्खे<br>हालको ठेगाना : ललितपुर - १४, नखिपोट<br>बाबु : दिलिप साँवा<br>बाजे : हर्क वीर साँवा |

**जमानीको धितो रहेको सम्पतिको विवरण धितो लेखी दिनेको विवरण**

श्री सनमान सम्बाहाम्फेको नातिनी श्री विश्वराम सम्बाहाम्फेको छोरी ल.पु.मा.न.पा. वडा नं. २६ वस्ने वर्ष ४६ को श्री ओम कुमारी राई सम्बाहाम्फे ना. प्र. नं. १०६२९ जारी मिति २०५४/०३/२२ जि.प्र.का. पाँचथरको नाममा मालपोत कार्यालय लगनखेल ललितपुरमा । दर्ता कायम रहेको ललितपुर जिल्ला साबिक हरिसिद्धि गा.वि.स.वडा नं. ५क को कि.नं. ९२५ को क्षे.फ. ०-२-०-१ को जग्गा धितो रहेको ।

**मेन्छ्यायेम बचत तथा ऋण सहकारी संस्था लि.**
ठेगाना : टुटेपानी -१४, ललितपुर, फोन नं.: ०१-५१५१०३८, ९७४५६१६७३८
ईमेल : msc.cooperative@gmail.com

## ■ सिराहा र सप्तरीका मुसहर

# बाढी आउँदा रोकिन्छ बालबालिकाको पढाइ

## राज्यले पर्याप्त ध्यान नपुर्‍याउँदा दलितभित्र पनि सीमान्त मुसहर समुदायका नागरिक शिक्षा र स्वास्थ्यको पहुँचबाट टाढा

**यम बम र मणिलाल विश्वकर्मा**/नयाँ पत्रिका

बर्खा सुरु भएपछि सिराहाको मिर्चैया नगरपालिका-९ ढोढना गाउँको मुसहर बस्तीका बालबालिकाका लागि विद्यालय जाने बाटो हराउँछ। गाउँदेखि करिब पाँच सय मिटर पूर्वतर्फ रहेको जनता आधारभूत विद्यालय पुग्न उनीहरू पानीमा हेलिनुपर्छ।

बतहा खोलाकिनारमा रहेको ७० घरको यो बस्ती हिउँदमा सामान्य देखिए पनि बर्खा लागेपछि खेत, पैनी र जरुवाको पानी गाउँतर्फ सोभिन्छ। पानीको निकास नहुँदा बस्ती डुबानमा पर्छ। पानी नसुकुन्जेल बालबालिकाको विद्यालयको बाटो छेकिन्छ।

स्थानीय ५७ वर्षीय रामप्रसाद सदायका अनुसार बस्तीका ३५ बालबालिका विद्यालय जाने गरेका छन्। तर, बर्खामा बतहा खोलासँगै जरुवा, पैनी र खेतको पानी बस्तीमा पस्दा उनीहरूको पढाइ प्रभावित हुन्छ। 'जरुवा खोलाको पानी बस्ती हुँदै दक्षिणतर्फ पर्ने पिप्रा, मथलेश्वर, सोनी गधवा, सीतापुरसम्म पुग्छ। बर्खामा पानी पर्नेबित्तिकै गाउँ डुबानमा पर्छ। बच्चाबच्चीको स्कुल छुट्छ,' उनले भने। दुई वर्षअघि असोजको बाढीले त एक सातासम्म विस्थापित नै गराएको थियो।

गाउँदेखि उत्तरतर्फ भगवतपुर जाने बाटोमा बतहा खोलामाथि झोलुंगे पुल बनेकाले फूलबरिया मावि पढ्ने माथिल्लो कक्षाका विद्यार्थीलाई केही सहज छ। तर, गाउँनजिकैको आधारभूत विद्यालयमा पढ्ने साना बालबालिकाका लागि जोखिम छ। ढोढना गाउँकी बेचनीदेवी सदायका दुई नातिनातिनी कक्षा २ र ३ मा पढिरहेका छन्। 'दुई-चार घण्टा पानी पर्‍यो भने स्कुल जाने बाटो नै बन्द हुने भएकाले विद्यालय पठाउन सक्दैनौँ,' उनले सुनाइन्।

### यो समस्या ढोढनामा मात्रै छैन

मिर्चैया नगरपालिका-३ बतहा खोलाकिनारको बकथलवा गाउँको मुसहर बस्तीमा पनि बर्खा लागेपछि विद्यालय जाने बालबालिकाको बाटो अवरुद्ध हुन्छ। राघोपुर बजारबाट करिब एक सय मिटर पश्चिम-दक्षिणमा रहेको यो सुकुमबासी बस्तीमा खोला र खेतको पानी पस्ने गरेको कलसीदेवी सदायले बताइन्। 'झरी परेपछि बालबालिका राघोपुर बजारमा रहेको जनता आधारभूत विद्यालय पढ्न जान पाउँदैनन्,' उनी भन्छिन्।

बस्ती जोगाउन बनाइएको तटबन्ध पनि जीर्ण छ। सामान्य मर्मत गरिएको भए पनि ठुलो बाढी आए जुनसुकै वेला भत्किन सक्ने स्थानीयको चिन्ता छ।

बस्तीका किशोर नीरज सदायका लागि यो केवल बाढीको समस्या होइन, शिक्षाको अधिकारसँग जोडिएको विषय हो। गरिबीका कारण मुसहर बालबालिकाले आधारभूत तहसम्मको शिक्षा पूरा गर्नसमेत संघर्ष गरिरहेको अवस्थामा बर्खाको डुबानले उनीहरूको पढाइमा थप अवरोध सिर्जना गरिरहेको उनी बताउँछन्।



कल्याणपुर नगरपालिका शिक्षा शाखा प्रमुख **जयप्रसाद दास** भन्छन्-

गाउँमा बाढी आएपछि त विद्यालय नै बन्द हुन्छन्। विस्थापित बस्ने नै विद्यालयमा हो। पढाइ छुटेकाको हकमा विद्यालयले थप कक्षा, कोचिङ सञ्चालन र गृहकार्य गराउँछ।

लहान नगरपालिका-१ मटियर्वा गाउँको कथा पनि उस्तै छ। सञ्चालनमा नरहेको नहरको किनारमा २५ घर मुसहर परिवार बस्छन्। लहान-७ हुँदै आएको नाला तथा वरपरका खेतबारीको पानी नहरमा मिसिन्छ। नहर ठाउँठाउँमा थुनिँदा बर्खामा बस्ती डुबानमा पर्ने गरेको छ। स्थानीय सोनावती सदायका छोरा आशिष कक्षा २ मा पढिरहेका छन्। 'बर्खामा त हामी स्कुल पठाउँदैनौँ, बाढीको डर लाग्छ,' उनले भनिन्।

शिलादेवी सदायका छोरा विभान्त सदाय बाल विकासमा पढिरहेका छन्। 'ठुला मान्छेलाई त हिँड्डुल गर्न समस्या छ, सानो छोरालाई पानीमा हेलिएर जान जोखिम हुने भएकाले विद्यालय पुर्‍याउने र ल्याउने गरिरहेकी छु,' उनले सुनाइन्।

दुई वर्षअघि आएको ठुलो बाढीले नहरको तीन ठाउँमा डिल भत्कियो। पानी बस्तीमा पस्यो। स्थानीय र सुरक्षाकर्मीले उद्धार गरी गाउँनजिकैको सामुदायिक विद्यालयमा वासको व्यवस्था गरे।

मानवीय क्षति भएन। तर, विद्यालय आश्रयस्थल बनेपछि पढाइ कसरी चल्थ्यो ?

सोनियावती सदायका अनुसार भत्किएको बाँध अहिलेसम्म पूर्ण रूपमा मर्मत भएको छैन। अहिले पनि दुई-तीन फिट पानीमा हेलिएर हिँड्नुपर्ने अवस्था आउँछ। यसको प्रत्यक्ष असर सात सय मिटर टाढाको लेखनाथ आधारभूत विद्यालयमा पढ्ने साना बालबालिकामाथि परेको छ।

स्थानीयले चन्दा उठाएर बनाएको बाँसको अस्थायी पुलसमेत बाढीले बगाएपछि पानीमा हेलिएर आवतजावत गर्नुको विकल्प नरहेको उनीहरूको भनाइ छ। 'ससाना बालबालिकालाई विद्यालय जान-आउन झन् समस्या छ,' सदाय भन्छिन्।

बस्तीकी शिलादेवी सदायका अनुसार नहरको डिलमै घर बनाएर बसिरहेका परिवारका लागि बर्खा हरेक वर्ष जोखिम बोकेर आउँछ। इन्द्रादेवी सदायका अनुसार कमला नदीको डुबान र बाढीले हिँड्डुल गर्न नसक्ने भएपछि बालबालिका घरमै बस्न बाध्य हुन्छन्। 'भूमिहीन सुकुमबासी बाध्यतावश नहरको डिलमा असुरक्षित रूपमा बसिरहेका छौँ,' उनी भन्छिन्, 'हाम्रो समस्या कसले बुझिदिने ?'



सप्तरीको विष्णुपुर गाउँपालिका-६ रञ्जितपुर मुसहर बस्ती

कल्याणपुर नगरपालिकाका शिक्षा शाखा प्रमुख जयप्रसाद दासले डुबानका वेला प्रभावितलाई विद्यालयमै राखिने भएकाले अवस्था सहज नहुन्जेल विद्यालय प्रायः बन्द हुने गरेको बताए। 'गाउँमा बाढी आएपछि त विद्यालय नै बन्द हुन्छन्। विस्थापित बस्ने नै विद्यालयमा हो,' उनले भने, 'पढाइ छुटेकाको हकमा विद्यालयले थप कक्षा, कोचिङ सञ्चालन र गृहकार्य गराउँछ।'

कल्याणपुर नगरपालिका-३ इटारी प्रसाहीमा रहेको आधारभूत विद्यालयका प्रधानाध्यापक सुमिन्द्रा मण्डलले प्रायः बर्खामा डुबान हुने भएकाले विद्यालय बन्द हुने गरेको बताइन्। 'डुबानमा परेका बस्तीका बालबालिकाका लागि किताब भिज्छ। नयाँ किताब दिनुपर्छ। त्यसपछि मात्र पढाइ हुन्छ,' उनले सुनाइन्।

कमला नदीतटीय क्षेत्रमा पर्ने कल्याणपुर नगरपालिका-३ इटारी प्रसाही गाउँमा ०७६ साउनको पहिलो साता कमलाको बाढी पस्दा करिब ३० घर मुसहर बस्ती डुबानमा परेको थियो।

कमला नदी नियन्त्रण आयोजनाअन्तर्गत निर्माण गरिएको पूर्वी तटबन्ध तथा 'एन्टी-फ्लड स्लुस गेट'को काम अधुरो रहँदा बाढी गाउँ पसेको स्थानीय बताउँछन्। त्यतिवेला विद्यालय विद्यार्थीका लागि पढ्ने ठाउँ रहेन। गाउँको विद्यालय बाढीपीडितको आश्रयस्थल बन्यो। एक महिनासम्म विद्यार्थीले पढ्न पाएनन्। 'खान बस्न नै समस्या भएको वेला एक महिना गाउँका विद्यार्थीले पढ्न नै पाएनन्,' नेपाल राष्ट्रिय मुसहर संघका प्रवक्ता सुलिन्दर सदायले भने, 'छिमेकी जमुवा गाउँको मुसहर बस्तीमा पनि करिब पाँच दर्जन घर बाढीमा डुबेपछि स्थानीय डेढ महिनासम्म विद्यालयमै आश्रय लिएर बसे।'

स्थानीय वृद्ध भुल्ली सदायका अनुसार त्यतिवेला ज्यान जोगाउनु नै ठुलो कुरा थियो। बालबालिकाको पढाइ त्यसपछि मात्रै सम्झिने विषय बनेको थियो। त्यस बाढीले कल्याणपुर नगरपालिका-१२ बेलहा, सिराहा नगरपालिका-१२ सारश्वर र वडा नम्बर ६ को बसबिट्टालगायत करिब एक दर्जन गाउँ प्रभावित भएको जिल्ला विपत् व्यवस्थापन समितिको विवरणमा उल्लेख छ।

सप्तरीको तिलाठीकोइलाठी गाउँपालिका-४ मुसहर बस्तीमा ७० परिवार घर पक्की छन्। संघसंस्थाको सहयोगमा घर त बनेका छन्। तर, तीनतिरबाट नदीले घेरिएको बस्तीले बाढीबाट उन्मुक्ति पाएको छैन। 'उत्तरतिर महुली र पश्चिमतिरबाट खाँडो नदी बग्छ, अनि पूर्वतर्फबाट बहने कोशीको बहावले पनि बस्तीलाई छाड्दैन। स्थानीय जितनीदेवी सदाका सात नातीनातिना स्कुल जान्छन्। 'बर्खामा घरभित्रै पानी पस्छ। आँगनमा कम्मरसम्म पानी आउँछ,' उनले भनिन्, 'हामी त पानी परे स्कुल पठाउँदैनौँ। घाम लागे, बाढी नआए मात्र पठाउँछौँ।' डेढ किलोमिटर टाढा राष्ट्रिय आधारभूत विद्यालय डलवा छ।

### ■ बस्तीमा समस्याका चाङ

भूमिहीन तथा सुकुमबासी मुसहर बस्ती अनगिन्ती समस्यासँग जुधिरहेको छ। पर्याप्त शौचालय छैन। स्वच्छ खानेपानीको सुनिश्चितता छैन। गुणस्तरीय शिक्षा, स्वास्थ्यमा पहुँच छैन। ०७८ को जनगणनाअनुसार नेपालमा ३२ जिल्लामा बसोवास रहेको मुसहरको जनसंख्या दुई लाख ६४५ हजार ९७४ छ। जसमध्ये मधेशमा मात्र एक लाख ७९ हजार १५३ छन्। नेपाल राष्ट्रिय मुसहर संघका अनुसार करिब ८० प्रतिशत भूमिहीन रहेका मुसहरको जनसंख्या सिराहामा मात्र ४७ हजार ५०० छ।

सप्तरीको विष्णुपुर गाउँपालिका-६ रञ्जितपुरको करिब २५० घरपरिवारको मुसहर बस्ती यसको उदाहरण हो। यहाँका अधिकांश परिवार मजदुरी गरेर जीविका चलाउँछन्। केही राजविराज तथा आसपासका सहरमा निर्माण मजदुरका रूपमा काम गर्छन् भने केही भारतको हरियाणा, पञ्जाबसम्म पुगेका छन्। वडा सदस्यसमेत रहेकी स्थानीय रितादेवी सदायका अनुसार बस्तीका अधिकांश परिवार ऐलानी जग्गामा बसिरहेका छन्। पक्की शौचालय छैन। सामूहिक रूपमा रहेको चापाकलको पानीमा निर्भर हुनुपर्छ। 'हाम्रोमा समस्या धेरै छ। हामी सबै ऐलानी जग्गामा बसेका छौँ। पक्की शौचालय छैन, सामूहिक रूपमा चापाकल छ, त्यहीँको पानी खानुपर्छ,' उनी भन्छिन्, 'खान लगाउन धौधौ हुन्छ, कसरी उपचार गराउनु ?' यहाँका बालकालिका घरदेखि एक किलोमिटर टाढा रहेको राष्ट्रिय आधारभूत विद्यालय पढ्न जान्छन्। तर, बिचमै पढाइ छाड्ने अधिक छन्। अस्मिता सदाका श्रीमान् श्याम सदा मजदुरी गर्छन्। अस्मिता चार छोराछोरी हुर्काइरहेकी छिन्। उनकी जेठी छोरी गीताले स्कुल छाडिसकेकी छिन्। 'गीताले साइकल नभई स्कुल जान्न भन्यो। ८ कक्षामा पढाइ छाडेर, खेतबारीमा मजदुरी गर्न थालेकी छ,' अस्मिताले भनिन्, 'अरू छोराछोरी पढिरहेका छन्। कापीकिताब, ड्रेस पुर्‍याउन गाह्रो भइरहेको छ।' यही बस्तीकी १५ वर्षीया निशा सदाले पनि पढाइ छाडेकी छिन्।

५७ वर्षीया विनमा सदा १० कट्ठा अधियाँमा खेती गरिरहेकी छन्। 'हामीसँग जग्गा छैन। अरूको खेत कमाएर खाइरहेका छौँ,' उनले भनिन्, 'खान त पुगेको छ तर बिरामी भए अस्पताल जाने पैसा हुँदैन।'

नेपाल राष्ट्रिय मुसहर संघका प्रवक्ता सुलिन्दर सदायले धेरैजसो मुसहर परिवार नदीकिनार तथा पर्तीमा बसिरहेको र त्यसमा पनि ठुलो परिवार हुने भएकाले शिक्षा, स्वास्थ्य र पोषण उपलब्ध हुन नसकेको बताए। 'भूमिहीनलाई खेती गर्न पाउने गरी जग्गा दिनुपर्‍यो। त्यसपछि उनीहरूले परिवार पाल्न सक्छन्। शिक्षा, स्वास्थ्यमा पहुँच हुन्छ,' उनले भने, 'मजदुरीको भरमा परिवार पाल्नुपर्छ। बिरामी भए उपचार गराउन सक्दैनन्। सरकारको स्वास्थ्य बिमाको शुल्क तिर्न पनि पैसा हुँदैन।' मधेश सरकारले मुसहरसहित विपन्न परिवारका लागि जनता आवास कार्यक्रम ल्याए पनि बहुसंख्यक आवासविहीन मुसहर परिवारको घर बन्न नसकेको उनले बताए।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले विपत्बाट बालबालिका, वृद्धवृद्धा, गर्भवती, अपांगता भएका व्यक्ति बढी जोखिममा हुने गरेको बताइन्। 'बाढीले सबैलाई प्रभावित गर्छ। तर, सबैको जोखिम बराबर हुँदैन। विपन्न परिवारका बालबालिकाले बाढीको असर केही कम भोग्न सक्छन्,' उनले भनिन्, 'प्राधिकरणले पनि जोखिममा रहेका वर्गलाई प्राथमिकतामा राखेर पुनर्निर्माण र राहत कार्यक्रम सञ्चालन गर्छ। विषयगत मन्त्रालय र निकायले पनि त्यहीअनुसार काम गरिरहेका हुन्छन्।'

## श्रीमती कुट्ने श्रीमान् कारागार चलान

**लहान**/ साथीसँग मोबाइलमा कुरा गरेको निहुँमा घरको झ्यालढोका थुनेर भात पकाउने चुलोमा तताएको फलामे रडले श्रीमतीलाई निर्घात कुटपिट गर्ने सिराहाका एकजना व्यक्ति पुर्पक्षका लागि कारागार चलान भएका छन्।

सिराहा जिल्ला अदालतका न्यायाधीश जुद्धबहादुर आलेको मंगलबारको इजलासले नवराजपुर गाउँपालिका-४ का ३४ वर्षीय रामशंकर यादवलाई ज्यान मार्ने उद्योगसम्बन्धी कसुरमा पुर्पक्षका लागि थुनामा राख्न भनेपछि उनी सिराहा कारागार चलान भएका हुन्। आलेले गत ५ साउन राति २५ वर्षीया श्रीमतीको हातखुट्टा बाँधेर कपडा कोच्दै मुखमा टेप लगाएर तातेको फलामे रडले निर्घात कुटपिट गरेको अभियोग छ।

कुटपिट गर्न सघाएको आरोप खेपेका यादवका भाइ श्यामसुन्दर भने फरार रहेकाले खोजी भइरहेको इलाका प्रहरी कार्यालय महेशपुर पतारले जनाएको छ। इलाका प्रहरी कार्यालय महेशपुर पतारका प्रहरी प्रमुख प्रहरी निरीक्षक विशाल मल्लले घटनाबारे सूक्ष्म अनुसन्धान भइरहेको बताए।

## पासपोर्ट प्रकरणमा प्रधानमन्त्रीसँग छलफल भएको अख्तियारको स्वीकारोक्ति

नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले पासपोर्टको विषयमा प्रधानमन्त्रीले छलफल गर्न बोलाएको र आफूहरू गएको बताएका छन्।



राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबार बसेको बैठकमा प्रमुख आयुक्त राईले विद्युतीय पासपोर्ट छपाइ खरिद ठेक्कामा भएको अनियमितताबारे छलफल भएको प्रस्टीकरण दिएका हुन्। उनले प्रधानमन्त्री कार्यालयमा केरकार गरेको भन्ने कुरालाई अस्वीकार गरे।

सांसदहरूले स्वायत्त संवैधानिक निकायलाई प्रधानमन्त्रीले बोलाउन मिल्छ भनेर प्रश्न गर्दा प्रमुख आयुक्त राईले छलफल परामर्शका लागि बोलाउन मिल्ने भएकैले आफूहरू गएको प्रस्टीकरण पनि दिए।

प्रधानमन्त्रीसँग छलफलपछि अनुसन्धान सकाएर मुद्दा दर्ता गरिएको उनले जानकारी दिए। पासपोर्ट खरिद ठेक्कामा कैफियत देखिएकाले नै मुद्दा दर्ता गरेको र त्यो कुरा अभियोगपत्रमा हेर्न सकिने बताए।

'प्रधानमन्त्रीज्यूले बोलाउनुभयो। छलफल गर्‍यौँ। एक्सपेरिमेन्ट गर्न पाउनुहुन्थ्यो भनेर राखेपछि हामीले एक्सपेरिमेन्ट गर्‍यौँ। कैफियतविना हामीले लगेको अवस्था छैन। त्यो कुरामा म धेरै प्रवेश गर्न चाहिनँ।'

### 'सरकारबाट कुनै हस्तक्षेप हुँदैन'

रास्वपा सभापति रवि लामिछानेले कानुनले दिएको अधिकारको सदुपयोग गर्दै सुशासन कायम गर्ने काममा सरकारबाट कुनै किसिमको राजनीतिक हस्तक्षेप नहुने बताएका छन्। 'सरकारको कुनै आग्रह-पूर्वाग्रह छैन। कानुनले दिएको अधिकारको सदुपयोग गर्दै सुशासन कायम गर्ने काममा सरकारबाट कुनै किसिमको राजनीतिक हस्तक्षेप हुनेछैन,' उनले भने। अख्तियारको वर्तमान नेतृत्व संवैधानिक प्रक्रिया, सिफारिस र संसदीय सुनुवाइका आधारमा नियुक्त भएको भन्दै उनले आयोगले आफ्नो संवैधानिक जिम्मेवारी स्वतन्त्र र निष्पक्ष रूपमा निर्वाह गर्न सरकारबाट कुनै दबाब वा हस्तक्षेप नहुने स्पष्ट पारे।

सभापति लामिछानेले मन्त्रिपरिषद्ले गर्ने 'नीतिगत निर्णय'को सीमा र दायरा के हो भन्ने कुरा स्पष्ट पारिनुपर्नेमा जोड दिए। नीतिगत निर्णयका नाममा निर्णय गर्न नै डराउने अवस्था आएमा देशको विकास र सुशासन ठप्प हुने भएकाले यसको स्पष्ट व्याख्या आवश्यक रहेको उनको भनाइ छ। नीतिगत निर्णयको अपव्याख्याले अनिर्णयको बन्दी हुन सक्ने औँल्याउँदै यसबारे कानुनमा नै स्पष्ट पार्नुपर्ने बताए। उनले भने, 'हामीले स्पष्ट पारिदिनुपर्छ। नीतिगत निर्णयको आवश्यकता पर्छ। नत्र, क्याबिनेटले कसरी काम गर्छ ? कुन प्रधानमन्त्रीले काम गर्छ ? निर्णय नै गर्न डराउने हो भने देश कसरी अगाडि बढाउँछ ? सुशासन, विकास, समुन्नतिको निर्णय कसले गर्ने ?'

## नाबालिकाको चरित्रहत्या गरी रकम मागेको आरोपमा युवक पक्राउ

**काठमाडौं**/ सामाजिक सञ्जालमार्फत नाबालिकाको चरित्रहत्या गरी रकम मागेको आरोपमा एक युवक पक्राउ परेका छन्।

फेसबुकमा साथी बनेर प्रलोभनमा पारी अश्लील सामग्री सामाजिक सञ्जालमा पोस्ट गरेर रकमसमेत मागेको आरोपमा साइबर ब्युरोले नुवाकोटको शिवपुरी गाउँपालिका-७ बस्ने १९ वर्षीय सुदीप कटुवाललाई बिहीबार पक्राउ गरेको हो।

बुधबार पक्राउ परेका कटुवाललाई काठमाडौं जिल्ला अदालतबाट विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा सात दिन म्याद थप गरी अनुसन्धान भइरहेको ब्युरोले जनाएको छ।


सबैको दुःखको आसु पुछेर जिन्दगीमा
दयालु नौनी झैं पग्ली रहन्थ्यौं चित्त भित्रमा
ठाडो शिर गरी नम्र बोल्दथ्यौं मुस्कानमा
सुगन्धी फुलझैं बास्ना छर्‍यौं विश्वसामुमा
अमर भै राम हे राम पार्‍यौं आशिषको टिका
निदायौ आर्यघाटैमा गौरीशंकरमा सदा।
– उषा पन्थी

भावपूर्ण श्रद्धाञ्जली



जन्म
बि.सं. २००२ बैशाख ९

स्वर्गारोहण
वि.सं. २०८३ श्रावण २४

स्व. राम राज श्रेष्ठ

मेरो प्रातः स्मरणीय एवं पूजनीय श्रीमान राम राज श्रेष्ठको असामयिक स्वर्गारोहणले हामीलाई अत्यन्त स्तब्ध तुल्याएको छ। उहाँ आज स्वर्गारोहण भएको १३ औं दिनको पूण्यतिथिमा उहाँको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै यस दुःखको घडीमा हामीलाई समबेदना प्रकट गर्नु हुने सम्पूर्ण नातेदार, इष्टमित्र लगायत सबै शुभेच्छुकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

श्रीमतीः हसना श्रेष्ठ

छोरा/बुहारी
लव राज श्रेष्ठ/मिलाश्री शाक्य श्रेष्ठ

भाइ/बुहारी
मदन राज श्रेष्ठ/बिन्द्रा श्रेष्ठ

भतिजा-बुहारी/भतिजी
रबिन्द्र श्रेष्ठ/सरस्वती श्रेष्ठ, ईन्द्र श्रेष्ठ/युकारी श्रेष्ठ,
शैलेन्द्र श्रेष्ठ/तारा मानन्धर श्रेष्ठ, राजेन्द्र श्रेष्ठ/सबिता मास्के श्रेष्ठ,
नरेन्द्र श्रेष्ठ/सबिना श्रेष्ठ, सुप्रिया श्रेष्ठ

नाति
लय राज श्रेष्ठ

तथा
सम्पूर्ण श्रेष्ठ परिवार


## ■ बागमतीमा सरकार फेरबदल

# एमाले र नेकपा सत्तासाझेदार, राप्रपामा रडाको

हेटौंडामा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा एमाले र नेकपाबिचको सत्तासाझेदारीमा किरण थापामगर मुख्यमन्त्री नियुक्त भएका छन्। तर, रडाको राप्रपामा मच्चिएको छ।

राप्रपाभित्र ध्रुवीकरण बढेका वेला प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले बिहीबार एमाले नेता थापामगरलाई मुख्यमन्त्री नियुक्त गरेका छन्। थापा आफ्नो दल एमालेका २५, नेकपाका २६ र राप्रपाका १२ प्रदेश सभा सदस्यको समर्थनमा मुख्यमन्त्री बनेका हुन्।



राप्रपाको लाइनविपरीत सरकार बनाउन समर्थन जनाएको भन्दै केन्द्रीय कार्यसम्पादन समितिले प्रदेश संसदीय दलका नेता उद्धव थापालाई निलम्बनको कारबाही गर्ने निर्णय गरेको छ। तर, राप्रपाको एउटा समूह भने सरकारमा नै सहभागी भएको छ।

शपथ भएलगत्तै मुख्यमन्त्री थापामगरले एमालेबाट दुई र नेकपाबाट एकजना मन्त्री बनाउँदा राप्रपाका तीनजनालाई मन्त्रिपरिषद्मा राखेका छन्। राप्रपाबाट गिरबहादुर तामाङ स्वास्थ्य, राजु विष्ट खानेपानी र राजेन्द्र प्रजापति उद्योगमन्त्री बनेका हुन्। यसबाहेक एमालेबाट भरतबहादुर केसी भौतिक पूर्वाधार र ज्ञानबहादुर तामाङ विनाविभागीय मन्त्री बनेका छन्। नेकपाबाट सरल सहयात्रीले आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी पाएका छन्। मुख्यमन्त्री थापाले अब संविधानअनुसार ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्नेछ। १०४ सदस्यीय प्रदेश सभामा सरकार जोगाउन थापालाई कम्तीमा ५३ सांसदको समर्थन आवश्यक पर्छ।

### ■ राप्रपा केन्द्रमा पनि विवाद चर्कियो

बागमती प्रदेशमा एमाले-नेकपा गठबन्धन सरकारमा सामेल हुने राप्रपा प्रदेश संसदीय दलको निर्णय र समर्थनपछि केन्द्रमा पनि विवाद चर्किएको छ।

अध्यक्ष राजेन्द्र लिङदेनसहित केन्द्रीय कार्यसम्पादन समितिको बहुमत पक्षले बिहीबार प्रदेश संसदीय दलका नेता उद्धव थापालाई निलम्बनको कारबाही गर्ने निर्णय गरेको छ। प्रवक्ता मोहनकुमार श्रेष्ठका अनुसार पार्टीको निर्णय र निर्देशनविना सरकारलाई समर्थन दिने वा सरकारमा सहभागी हुने काममा पार्टीको प्रदेश सभा सदस्य संलग्न भएमा सोहीबमोजिमको कारबाही गरिने निर्णय बैठकले गरेको छ।

**दलका नेता उद्धव थापालाई कारबाही गर्ने निर्णयप्रति पूर्वअध्यक्ष थापा र लोहनीसहितका नेताको फरक मत**

तर, निलम्बनका लागि निर्वाचन आयोगलाई पत्राचार गर्ने कार्यसम्पादन समितिको बैठकको निर्णयप्रति पूर्वअध्यक्ष कमल थापा, डा. प्रकाशचन्द्र लोहोनीसहित कार्यसम्पादन समितिका पाँच सदस्यले बहुमतको निर्णयप्रति असहमति राखेका छन्।

त्यसरी फरक मत राख्नेमा वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, बागमती प्रदेश अध्यक्ष विक्रम थापा, कार्यसम्पादन समिति सदस्य अर्जुन राईलगायत छन्।

दलका नेता थापालाई कारबाही गर्ने निर्णय विधान र स्थापित प्रक्रियाविपरीत भएको उनीहरूको जिकिर छ। 'पार्टी अत्यन्तै जटिल मोडबाट गुज्रिरहेको वर्तमान अवस्थामा आपसी एकता र सद्भाव कायम राख्नु अपरिहार्य छ। अतः पार्टीका तर्फबाट निर्वाचित सांसदलाई कारबाही गर्नुपूर्व निम्न विषयमाथि गम्भीर समीक्षा हुनुपर्छ भन्ने हाम्रो स्पष्ट धारणा छ,' असहमतिका तीन विषय स्पष्ट पार्न माग गर्दै असहमत पक्षका नेताले भनेका छन्।

बागमती प्रदेशमा राप्रपाबाट १२ सांसद छन्। थापाले बुधबार मात्र दलका तर्फबाट समर्थन रहेको पत्र बुझाएपछि प्रदेश संसदीय दलमा पनि विवाद छ। राप्रपा बागमतीको एउटा पक्ष सरकारमा सहभागी भएको छ भने अर्को पक्षले विरोध गरिरहेको छ।

# परिवर्तनको 'जन–अल्गोरिदम'

## जब जनतामा उत्पीडनबाट मुक्त हुने तीव्र इच्छाशक्ति र चेतना पैदा हुन्छ, तब आन्दोलनको सामाजिक 'अल्गोरिदम' स्वतः क्रियाशील हुन्छ



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

नेपाली राजनीतिक आन्दोलनको इतिहासलाई सरसर्ती हेर्दा यसका प्रवृत्ति र विशेषता एउटै तर वर्तुलाकार रेखा (गोलो घेरा) मा अगाडि बढेको देखिन्छ। यो त्यस्तो राजनीतिक घेरा हो, जहाँ हरेक संकटको घडीमा आमजनताको तीव्र गतिशीलता र हस्तक्षेप प्रधान बन्दै आएको छ। जनता सडकमा ओर्लिन्छन्, व्यवस्था बदलिन्छ, नयाँ नेतृत्व जन्मिन्छ, तर केही समयमै शासकबाट जनताको त्यो अपार विश्वासमाथि घात हुन्छ। परिणामस्वरूप, समाजले फेरि अर्को विद्रोहको गर्भधारण गर्न पुग्छ। तावाबाट उम्केको माछो पटक-पटक भुंग्रोमा परेजस्तै नेपाली जनता फेरि पनि धोका र निराशाको त्यही पुरानो चक्रव्यूहमा फस्दै आएका देखिन्छन्।

### ■ राणाशाहीको अन्त्य र 'आन्दोलनको प्रारम्भिक अल्गोरिदम'

नेपाली जनताको संगठित विद्रोहको आधुनिक शृंखला राणाशाहीविरुद्धको आन्दोलनबाट सुरु भयो, जुन २००७ सालमा आएर जनविस्फोटमा बदलियो। मुक्तिसेनाकै निर्माण गरेर सबैखाले निरंकुशता र उत्पीडनविरुद्धको आन्दोलनको नेतृत्व मूलतः नेपाली कांग्रेसले गरेको थियो। कांग्रेसको नेतृत्वमा कम्युनिस्ट र अन्य क्रान्तिकारी शक्तिको संयुक्त विद्रोहले १०४ वर्ष लामो जहानियाँ राणा शासन अन्त्य गर्‍यो। राणा शासन ढलेपछि नेपाली जनतामा एउटा अभूतपूर्व आशा पलाएको थियो। त्यही जनलहरको पृष्ठभूमिमा २०१५ सालमा भएको पहिलो आमनिर्वाचनमा नेपाली जनताले कांग्रेसलाई दुईतिहाइको भारी जनमत सुम्पिए। यहाँ हामीले गम्भीरतापूर्वक स्मरण र विश्लेषण गर्नुपर्ने विषय के छ भने तत्कालीन समयमा आजको जस्तो आधुनिक सूचना प्रविधि, सामाजिक सञ्जाल वा डिजिटल माध्यम थिएनन्। तैपनि, देशव्यापी रूपमा परिवर्तनको त्यो आँधीबेहरी कसरी सम्भव भयो ?

वास्तवमा, जब जनतामा उत्पीडनबाट मुक्त हुने तीव्र इच्छाशक्ति र चेतना पैदा हुन्छ, तब आन्दोलनको एउटा सामाजिक 'अल्गोरिदम' स्वतः क्रियाशील हुन्छ। त्यो प्रविधिले बनाएको कृत्रिम लहर थिएन, बरु जनताको भित्री हृदयबाट उम्लिएको क्रान्तिकारी गतिशीलता थियो।

### ■ २०१७ को कुठाराघात, झापा विद्रोह र २०३६ को पदचाप

नेपाली जनताको त्यो तीव्र आकांक्षा र अभूतपूर्व त्यागमाथि २०१७ साल पुस १ गतेको शाही कदमले निर्मम कुठाराघात गर्‍यो। राजा महेन्द्रले प्रजातन्त्रको घाँटी निमोठे र जनताको बलिदान अधुरै रहन पुग्यो। पञ्चायती निरंकुशताले देशमा एकछत्र राज गर्न खोजे पनि दमनले चेतनाको आगोलाई निभाउन सकेन।

पुराना दलमा देखिएको शिथिलताबिच निरंकुशताविरुद्ध नयाँ र क्रान्तिकारी लहर सिर्जना गर्दै २०२८ सालमा ऐतिहासिक झापा विद्रोह भयो। वर्गशत्रु खत्तम गर्ने सर्वहारा चेतना र क्रान्तिकारी जोसका साथ युवाले गरेको त्यो विद्रोह नेपाली कम्युनिस्ट आन्दोलनलाई पुनर्गठित गर्ने एउटा नयाँ र शक्तिशाली 'वैचारिक अल्गोरिदम' थियो। झापा विद्रोहले थला परेको कम्युनिस्ट आन्दोलनलाई उठायो र निरंकुश पञ्चायतविरुद्ध एउटा बलियो प्रतिरोधको जग बसाल्यो। त्यसकै निरन्तरता र जनताको सञ्चित आक्रोशको जगमा २०३६ सालको ऐतिहासिक आन्दोलन भयो। पाकिस्तानी नेता जुल्फिकर अली भुट्टोलाई फाँसी दिइएको विरोधमा विद्यार्थीबाट स्वस्फुर्त रूपमा सुरु भएको त्यो आन्दोलन अन्ततः पञ्चायती व्यवस्थाविरोधी जनविद्रोहमा बदलियो। सूचना प्रविधि नभएको त्यो जमानामा पनि विद्यार्थी र भुइँमान्छेको तीव्र गतिशीलताले पञ्चायती सत्तालाई यसरी हल्लाइदियो कि तत्कालीन राजा वीरेन्द्र जनमतसंग्रहको घोषणा गर्न बाध्य भए। २०२८ र २०३६ का यी आन्दोलनले प्रमाणित गर्छन् कि नेपाली जनताको क्रान्तिकारी चेतना सधैँ हस्तक्षेप-प्रधान रहँदै आएको छ।

### ■ २०४६ को परिवर्तनदेखि जनयुद्ध र गणतन्त्रसम्म

पञ्चायती निरंकुशताविरुद्ध कांग्रेस, संयुक्त वाम मोर्चा र संयुक्त जनआन्दोलन संयोजन समितिको ऐतिहासिक कार्यगत एकता भयो। ०४६ को संयुक्त जनआन्दोलनले अन्ततः ३० वर्षे पञ्चायतको किल्ला ढाल्यो। पञ्चायत ढलेपछि नेपाली जनताले कांग्रेस र कम्युनिस्ट पार्टीमाथि पुनः ठुलो विश्वास प्रकट गरे। २०४८ को निर्वाचनमा नेपाली जनताले कांग्रेसलाई बहुमत दिए र नेकपा एमालेलाई बलियो प्रतिपक्षका रूपमा स्थापित गरे। २०४६/४७ को आन्दोलनको 'अल्गोरिदम'ले देशव्यापी रूपमा सुशासन र विकासको नयाँ लहर र सिर्जनाको खोजी गरेको थियो।

दुर्भाग्यवश, जनआन्दोलनबाट आएका संसद्वादी दलहरूले पनि जनताको त्यो अपार विश्वासको कदर गर्न सकेनन्। जनतन्त्र, जनजीविका र राष्ट्रियताका आधारभूत सवालहरू क्रमशः ओझेलमा पर्दै गए। विकृति र भ्रष्टाचार संस्थागत हुन थाल्यो। व्यवस्था बदलिए पनि भुइँमान्छेको अवस्था बदलिने संकेत देखिएन। संसद्वादी सरकारले आफ्ना हक-अधिकारका लागि उठेका शान्तिपूर्ण आन्दोलनमाथि निर्मम दमन र दर्जनौँ नागरिकको हत्या गर्ने नीति अख्तियार गरे।




यही पृष्ठभूमिमा देशमा पूर्ण लोकतन्त्र र नयाँ जनवाद स्थापना गर्ने उद्देश्यका साथ तत्कालीन नेकपा (माओवादी) ले २०५२ सालमा दीर्घकालीन जनयुद्धको घोषणा गर्‍यो। १० वर्षे जनयुद्ध र त्यसकै जगमा भएको २०६२/६३ को दोस्रो १९ दिने ऐतिहासिक जनआन्दोलनले मुलुकमा २५० वर्ष पुरानो राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्‍यो।

नयाँ राजनीतिक परिस्थितिमा भएको २०६४ को संविधानसभा निर्वाचनमा नेपाली जनताले 'जनयुद्ध र परिवर्तनका एजेन्डाको अल्गोरिदम'का आधारमा माओवादीलाई देशको पहिलो पार्टी बनाए। संसद्वादी पार्टी र अग्रगामी शक्तिबिच भएको रस्साकस्सीपछि इतिहासका क्रान्तिकारी एजेन्डालाई आंशिक रूपमा भए पनि दोस्रो संविधानसभामार्फत संस्थागत गर्दै अन्ततः २०७२ सालमा नयाँ संविधान जारी भयो। त्यसपछि, २०७४ को निर्वाचनमा कम्युनिस्ट एकताको नारा र तत्कालीन 'नेकपा'को गठनले जनतामा अझ ठुलो तरंग ल्यायो। जनताले कम्युनिस्टलाई झन्डै दुईतिहाइको स्पष्ट बहुमत दिए। तर, आन्तरिक शक्ति संघर्ष, गुटबन्दी र वैदेशिक भूराजनीतिक घेराबन्दीका कारण त्यो कम्युनिस्ट सरकार पनि तासको महलझैँ ढल्यो। नेपाली राजनीतिमा जनता पटक-पटक विश्वास र घातको यो दुश्चक्र व्यहोर्न बाध्य भइरहे।

> नयाँ शक्ति र सरकारले पनि जनताको वर्गीय अपेक्षा, सुशासन र राष्ट्रियताको रक्षा गर्न सकेनन् भने नेपाली जनता चुप लागेर बस्नेछैनन्। जबसम्म वास्तविक परिवर्तन र मुक्ति सम्भव हुँदैन, तबसम्म अर्को आन्दोलनको आँधीबेहरी आइरहने निश्चित छ।

### ■ विकृत शासकीय रबैया र 'जेन-जी' विद्रोहको उदय

पछिल्लो समय राजनीतिक अस्थिरता, तीव्र भ्रष्टाचार, चरम बेथिति र जनताको दैनिक जनजीविका (डेलिभरी) को समस्याका कारण सिंगो समाज गहिरो निराशा र आक्रोशमा डुब्न पुग्यो। संसद्का पहिलो र दोस्रो ठुला दल मिलेर सत्ता सञ्चालन गर्ने र आफ्ना कमजोरी लुकाउने जुन मिलेमतोको रबैया देखियो, त्यसले विकृति, विसंगति र जनविरोधी हर्कतलाई झन् प्रश्रय दियो। आफूलाई संसारकै सफल शासक घोषणा गर्ने नेताहरूको दम्भ र छलछामको राजनीतिले नेपाली जनता वाक्कदिक्क भइसकेका थिए।

यही शासकीय दम्भ, भ्रष्ट आचरण र पुराना दलको असफलताले मुलुकमा अर्को विद्रोहको वस्तुगत आधार तयार गर्‍यो। सामाजिक सञ्जाल, डिजिटल प्रविधि र सूचनाको आधुनिक 'अल्गोरिदम'को सहयोगमा नयाँ पुस्ता (जेन-जी) सडकमा ओर्लियो र २०८२ को विद्रोहले सत्ताको पुरानो समीकरणलाई जरैदेखि उखेलेर फालिदियो। परिणामस्वरूप, सूचना र प्रविधिको लहरमा सवार भएको नयाँ पार्टी (रास्वपा) ले निर्वाचनमा झन्डै दुईतिहाइको जनमत पायो र बालेन शाहको नेतृत्वमा नयाँ सरकार बन्यो। तर, यो कुनै प्रविधि वा 'अल्गोरिदमको कमाल' मात्र थिएन। यो त २००७ साल, २०२८ को झापा विद्रोह, २०३६ को विद्यार्थी आन्दोलन, २०४६ को जनआन्दोलन र महान् जनयुद्धदेखि नेपाली जनताले प्रदर्शन गर्दै आएको ऐतिहासिक आन्दोलनप्रतिको निरन्तरता र हिजोदेखिको क्रान्तिकारी प्रवृत्तिको पछिल्लो अभिव्यक्ति पनि थियो। यदि यो नयाँ शक्ति र सरकारले पनि जनताको वर्गीय अपेक्षा, सुशासन र राष्ट्रियताको रक्षा गर्न सकेनन् भने नेपाली जनता चुप लागेर बस्नेछैनन्। जबसम्म वास्तविक परिवर्तन र मुक्ति सम्भव हुँदैन, तबसम्म अर्को आन्दोलनको आँधीबेहरी आइरहने निश्चित छ।

### ■ वर्तमान संविधानको सीमा र समाजवादको अपरिहार्यता

हाम्रो राजनीतिक आन्दोलनको इतिहास निकै दुःखद र विरोधाभासपूर्ण छ। हामीले पटक-पटक सहिदहरूको रगतको अपमान भएको देखेका छौँ। हामी तावाबाट उम्कन खोज्छौँ, तर शासकहरूको ढोंग र अक्षमताका कारण पुनः भुंग्रोमा खस्छौँ।

वास्तवमा, २०७२ को संविधान निर्माण गर्दा नै यदि हामीले पूर्ण कार्यकारी शासकीय स्वरूप (प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख), पहिचानसहितको वास्तविक संघीयता र पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाउन सकेको भए आज देशले यो दुर्दशा र अस्थिरता व्यहोर्नुपर्ने थिएन। यस प्रकारको अग्रगामी राजनीतिक प्रणालीलाई हामी 'उन्नत लोकतन्त्र' वा 'समाजवादको प्रारम्भिक चरण' भन्न सक्छौँ। जहाँ राज्य, समाज र व्यक्तिको हितको उचित संयोजन र सन्तुलन कायम हुन्छ। जबसम्म नेपाल यो गन्तव्यमा पुग्दैन, तबसम्म नेपाली जनता आन्दोलित भइरहनेछन्।

आज हामी कम्युनिस्ट आन्दोलनलाई वैचारिक र व्यावहारिक रूपमा सुदृढ गर्न चाहन्छौँ। यद्यपि, वर्तमान विश्वको राजनीतिक पानीढलो र पुँजीवादी प्रचारबाजी कम्युनिस्टको पक्षमा देखिँदैन। भूमण्डलीकृत पुँजीवादले विश्वभरका श्रमजीवी जनतालाई भ्रममा पारेको छ र मानव जातिकै मुक्तिको विचार (कम्युनिस्ट सिद्धान्त) प्रति घृणा सिर्जना गराउने भगीरथ प्रयास भइरहेको छ। तर, अर्कातिर, धनी र गरिबबिचको खाडल दिन-प्रतिदिन गहिरिँदै गएको छ।

यो चरम असमानताको चक्रबाट मुक्ति पाउन पुँजीवादको एक मात्र निर्विकल्प बाटो 'समाजवाद' नै हो। किनकि, समाजवाद गतिशील, प्रगतिशील र निरन्तर परिवर्तनशील हुन्छ। यसले मात्र वर्गीय विभेदमा आधारित वर्तमान क्रूर समाजलाई एउटा समतामूलक र मानव समाजमा बदल्ने वैज्ञानिक, वस्तुवादी र क्रान्तिकारी बाटो निर्माण गर्न सक्छ। त्यसैले, रूप र अनुहार फेरिने तर प्रवृत्ति र वर्गचरित्र नफेरिने संसद्वादी वा पपुलिस्ट (लोकप्रियतावादी) भ्रमबाट मुक्त हुँदै वैज्ञानिक समाजवादको दिशामा अघि बढ्नु नै नेपाली राजनीतिको अबको एक मात्र सही र ऐतिहासिक बाटो हो।

*(गोतामे बागमती प्रदेश सभाका सदस्य हुन्)*

---

## ३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठलाई**



**संस्थापनइतर पक्षले सातै प्रदेशमा चलाउन लागेको पार्टी पुनर्निर्माण महाभियान'ले एमालेमा कुनै फरक पार्ला ?**

एमालेमा यो अभियान धेरै अगाडि नै सुरु हुनुपर्थ्यो। पार्टीमा पुरानो पुस्ता असान्दर्भिक भएपछि नयाँ पुस्ताले विकल्प खोज्नु स्वाभाविक हो। यसले सीमित व्यक्ति विशेषलाई केही घाटा पुर्‍याए पनि सिंगो पार्टीलाई थप ऊर्जा र गति दिन्छ। यसले पार्टीपंक्तिमा मात्र नभई आमजनतामा समेत आशा जगाउँछ। यतिखेर एमालेलगायत देशका सबै पुराना दलमा अघिल्लो पुस्ताबाट चरम निराशा छ। पटक-पटक प्रधानमन्त्री, मन्त्री या सांसद बन्दा, केही गरेर देखाउने अवसर पाउँदा पनि हरेकपटक चुकेको, असफल भएको नेतृत्वविरुद्ध पार्टी कार्यकर्ताले विद्रोह गर्नुपर्ने हो। तर, गत २१ फागुनको निर्वाचनमा जनताले मतमार्फत विद्रोह गरिदिए। यसबाट ती पार्टीका आमकार्यकर्ता पनि उत्साहित नै छन्। त्यसैले, यो अभियानले एमालेको पार्टी जीवनमा पक्कै पनि सकारात्मक प्रभाव पार्छ।

**यस्तो अभियानले एमालेमा पुस्तान्तरणको दबाब दिन सक्ने सम्भावना कति देख्नुहुन्छ ?**

एमाले अध्यक्ष ओलीलाई उहाँकै 'कोर टिम'मा बसेर साथ दिइरहेका नेताले नै उहाँकै सम्मुखमा बसेर नेतृत्व छाड्न दबाब दिइसकेको अवस्थामा यस्तो अभियानले नेतृत्व पुस्तान्तरणमा पर्याप्त दबाब दिन सक्छ। समयको पदचाप र पार्टीका नेता, कार्यकर्ताको भावना बुझेर सम्मानपूर्वक बिदा हुने कि अपमानित भएर निकालिने, विकल्प छनोट गर्ने जिम्मा नेतृत्व स्वयंको हो।

**नेतृत्वको इच्छाविपरीत सञ्चालन गरिने यस्तो अभियानले पार्टी थप कमजोर त हुँदैन नि ?**


यस्तो अभियान चलाउनुलाई गुटबन्दी भन्न मिल्दैन। यो सिंगो पार्टीपंक्तिले धेरै अघि नै उठाउनुपर्ने विषय थियो। अहिले केही नेता, कार्यकर्ताले उठाए। यसमा अध्यक्ष ओलीनिकट नेताहरूकै प्रत्यक्ष, अप्रत्यक्ष प्रोत्साहन हुन पनि सक्छ। तर, जजसले उठाए पनि या प्रोत्साहन गरे पनि यो अभियानले पार्टीलाई कमजोर होइन, बलियो नै बनाउनेछ।

---

प्रेरक प्रसंग

## जीवनका खराब अनुभव

रविन कक्षामा शान्त रहन्थे। उनी अरूसँग खासै कुराकानी गर्दैनथे। उनका धेरै साथी पनि थिएनन्। जहिल्यै दुःखी देखिन्थे।



एक दिन उनी कक्षामा पढिरहेका थिए। उनलाई शान्त देखेर प्राध्यापकले कक्षापछि आफूलाई भेट्न भने। रविन प्राध्यापकको कक्षमा पुगे। प्राध्यापकले भने- रविन, म तिमीलाई प्रायः शान्त र चिन्तितजस्तो देख्छु। हाँसखेल गरेको र साथीहरूसित कुराकानी गरेको पनि देख्दिनँ। यसको कारण के हो ?

रविनले भने- सर, मेरो विगत निकै खराब छ। मेरो जीवन दुःखदायी घटनाले भरिएको छ। म तिनैका बारेमा सोचेर चिन्तित हुने गर्छु। प्राध्यापकले ध्यानपूर्वक रविनका कुरा सुने र आउँदो आइतबार आफ्नो घरमा आमन्त्रित गरे। रविन निर्धारित समयमै प्राध्यापकको घर पुगे। एकैछिनको भलाकुसारीपछि प्राध्यापकले सोधे- रविन तिमी सर्बत पिउँछौ ? रविनले स्वीकृतिमा टाउको हल्लाए। सर्बत बनाउँदै गर्दा प्राध्यापकले जानाजान चिनी निकै कम र नुन अलि बढी नै हालिदिए।

एक घुट्को सर्बत पिउनासाथ अनौठो स्वादले गर्दा रविनले मुख बिगारे। उनलाई ध्यानपूर्वक हेरिरहेका प्राध्यापकले प्रश्न गरे- के भयो ? सर्बत मन परेन ? रविनले भने- नुन अलि बढी परेछ, सर ! उनले आफ्नो भनाइ राम्ररी पूरा गर्न नपाउँदै प्राध्यापकले भने- बर्बादै भएछ। म यसलाई फ्याँकेर अर्को सर्बत बनाइदिन्छु, पर्ख है !

प्राध्यापकले गिलास उठाउन लाग्दा उनलाई रोक्दै रविनले भने- केही छैन सर, नुन थोरै बढी भयो त के भयो ? यसमा थोरै चिनी थपिदिए त यसको स्वाद ठिक भइहाल्छ नि !

प्राध्यापकले हाँस्दै भने- हो, मैले तिमीबाट यही जवाफ सुन्न चाहेको थिएँ, रविन ! यसलाई आफ्नो जीवनसित तुलना गरिहेर त। सर्बतमा नुन धेरै हुनु हाम्रो जीवनमा खराब अनुभव हुनुजस्तै हो। अब मिठो बनाउन जसरी हामी यसबाट नुन निकाल्न सक्दैनौँ, ठिक त्यसैगरी हामी दुःखद घटनालाई जीवनबाट हटाउन सक्दैनौँ। तर, जसरी थोरै चिनी थपेर सर्बतलाई मिठो बनाउन सकिन्छ, त्यसैगरी पुराना तिता अनुभव मेटाउन जीवनमा राम्रा अनुभवबाट मिठास घोल्नुपर्छ।

---

टिप्पणी nayapatrikaofficial @naya_patrika

## बेरोजगारलाई रोजगारी खोइ त ?

निजामती कर्मचारी, शिक्षक तथा विद्यालय कर्मचारी सरकारले तलब बढाइदिँदा खुसी देखिन्छन्। दुध किसानदेखि व्यापारीसम्म खुसी छन्। तर, सरकारले यसरी तलब, सुविधा बढाइदिँदा हामी बेरोजगार सर्वसाधारणलाई भने महँगीको भार बढेको छ। के आफ्ना बेरोजगार नागरिकलाई रोजगारी दिनु राज्यको दायित्व होइन ? एकातिर स्वदेशमै काम नपाउँदा नेपाली युवा दिनदिनै बिदेसिइरहेका छन्। तिनले यहाँ गर्नुपर्ने उत्पादनका काम ठप्प छ। देश पूरै आयात व्यापारको भरमा पर्नुपर्ने बाध्यता छ। यस्तोमा सरकारले प्रस्ट योजना बनाएर युवालाई स्वदेशमै रोजगारी दिने या सहुलियतपूर्ण कर्जा दिएर स्वरोजगार बन्ने वातावरण मिलाउने दायित्व सरकारकै होइन र ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## पैसाको सदुपयोग गरौँ

हाम्रो देशका बैंकहरूमा १५ खर्ब रकम थुप्रिएको तर ऋण लिने ऋणीको भने संख्या बढ्न नसकेको समाचार पढियो। भनिन्छ- 'पैसाले पैसा तान्छ'। यसरी बैंकमा थुप्रिएको पैसा लगानी गरेर उत्पादन बढाउन सके पो देशमा रोजगारी बढ्छ, निर्यात बढ्छ, आयात घट्छ, विकास निर्माणले गति लिन्छ, राज्यले पाउने राजस्व बढ्छ, अर्थतन्त्र चलायमान हुन्छ। तर, बैंकमा थुप्रिएको पैसा ढुसी लाग्ने गरी थन्क्याएर राख्नुपर्‍यो भने त्यो पैसाको के काम ?

● **सविना रसाइली**, गोठाटार, काठमाडौं

## कार्यसम्पादन सम्झौता किन ?

प्रधानमन्त्रीले मन्त्री र मुख्यसचिवसँग कार्यसम्पादन सम्झौता गरेको समाचार सुनियो। हुन त यसअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि यस्तो सम्झौता नगरेका होइनन्। तर, त्यो सम्झौता कति कार्यान्वयन भयो, त्यसले कस्तो कार्य सक्षमता बढायो र देश र जनताले त्यसबाट के लाभ पाए ? त्यसको कुनै हिसाबकिताब भएको सुनिएन। त्यसैले, अहिले पनि त्यही अर्थनबर्थको कार्यसम्पादन सम्झौता गरिएको त होइन ? यसबारे हामीलाई जानकारी चाहियो।

● **सुजन कायस्थ**, बांगेमुढा, काठमाडौं

## कता जाँदै छ हाम्रो समाज ?

बाराको जितपुर-सिमरा उपमहानगरपालिकामा तीन वर्षीया बालिका गरिमा चौधरीमाथि भएको जघन्य अपराधको समाचारले हरेक नागरिकलाई स्तब्ध बनाएको छ। यति कलिलो उमेरकी बालिकामाथि भएको भनिएको यौन हिंसा र त्यसपछि भएको हत्याले केवल एउटा परिवारलाई शोकमा डुबाएको छैन, हाम्रो समाजको चेतना र सुरक्षा व्यवस्थामाथि समेत गम्भीर प्रश्न उठाएको छ। दोषी जोसुकै होस्, निष्पक्ष अनुसन्धान गरी प्रमाणका आधारमा कानुनबमोजिम कडा सजाय हुनुपर्छ। तर, न्यायको अर्थ अपराधीलाई सजाय दिनुमा मात्र सीमित हुनुहुँदैन। यस घटनाले हामी सबैलाई यो सोच्न बाध्य बनाएको छ कि हाम्रा बालबालिका वास्तवमै कति सुरक्षित छन् ?

हामी नारीलाई देवीका रूपमा सम्मान गर्ने संस्कृतिको गर्व गर्छौं। छोरीलाई लक्ष्मी भन्छौं। तर, नारीलाई देवीका रूपमा सम्मान र पूजा गर्ने समाजमा बालिका र महिलामाथि हुने हिंसा तथा यौन अपराधका घटना कसरी भइरहेका छन् ? हाम्रो संस्कार, नैतिकता र सामाजिक जिम्मेवारी कहाँ कमजोर हुँदै गइरहेको छ ? अब आत्मसमीक्षा गर्ने वेला आएको छ। अभियन्ता, नागरिक समाज र सञ्चार माध्यमको भूमिका पनि घटनाको चर्चा हुँदासम्म मात्र होइन, न्यायको अन्तिम टुंगो नलागेसम्म निरन्तर निगरानी तथा समाजमा यस्ता जघन्य अपराध नहोस् भन्नेतर्फ केन्द्रित हुनुपर्छ। पीडितका लागि न्याय भनेको दोषीलाई सजाय दिनु मात्र होइन, नेपालका हरेक बालबालिका निर्भयपूर्वक बाँच्न सक्ने समाज निर्माण गर्नु हो।

● **प्रत्यूषकुमार झा**, वीरगन्ज पब्लिक कलेज, वीरगन्ज, पर्सा
pjha54652@gmail.com

लेख, रचना तथा पाठक टिप्पणीका लागि नयाँ इमेल ठेगाना
nayapatrikaopinion@gmail.com

---

# झारखण्डका विद्यार्थीसामु घुँडा टेकेको राज्य सरकार

## सरकारले २२ वटा परीक्षा रद्द गर्ने र अन्यमाथि छानबिन गर्ने बताएपछि २५ जुलाईदेखि जारी विद्यार्थी आन्दोलन स्थगित भएको छ



देश / विदेश

● नोलिना मिन्ज
(मिन्ज लेखक तथा भारतीय पत्रकार हुन्)

'रद्द करो, रद्द करो ! जेपिएससी परीक्षा रद्द करो' (रद्द गर्नुहोस्, रद्द गर्नुहोस् ! जेपिएससी परीक्षाको नतिजा रद्द गर्नुहोस्)। जुलाई ३१ को साँझ राँचीको जयपाल सिंह मुन्डा रंगशालामा युवा प्रदर्शनकारीको नारा गुन्जियो। झारखण्ड लोक सेवा आयोग (जेपिएससी) द्वारा आयोजित चौधौँ संयुक्त निजामती सेवा परीक्षाको नतिजामा भएको अनियमितताको विरोध गर्दै उनीहरू जुलाई २९ देखि आन्दोलित थिए। प्रारम्भिक परीक्षा अप्रिलमा सञ्चालन भएको थियो। र, आयोगले २ जुलाईमा यसको नतिजा सार्वजनिक गर्‍यो। आयोगले मुख्य परीक्षाका लागि दुई हजार २०४ जना उम्मेदवारलाई छनोट गर्‍यो। जुलाईमा हुने भनिएको सो परीक्षा विरोध प्रदर्शनका कारण स्थगित छ। परीक्षाविरुद्धको यो पहिलो विरोध प्रदर्शन भने होइन। जुलाईको सुरुतिरै राज्यका विपक्षी दलहरू (भारतीय जनता पार्टी र अल झारखण्ड स्टुडेन्ट्स युनियन पार्टी) ले अनियमितताको विरोधमा विभिन्न प्रदर्शन गरे। तर, महिनाको अन्त्यतिर मात्रै एउटा बृहत् आन्दोलनले गति लियो। आन्दोलनमा कुनै विशेष वैचारिक आबद्धताविनै राज्यभरका परीक्षार्थी सहभागी भए।

यो विरोध २५ जुलाईमा बापु वाटिका (बगैँचा) मा सुरु भयो। दिल्लीमा निट परीक्षाको प्रश्नपत्र चुहावटको विरोधमा भइरहेको आन्दोलनले शिक्षामन्त्रीको राजीनामाको मागसहित चरम उत्कर्ष लिइरहेकै वेला २५ जुलाईमा 'बापु वाटिका'बाट विरोध प्रदर्शन सुरु भयो। २९ जुलाईदेखि राँचीका आन्दोलनकारीले रंगशालामा धर्ना दिन थाले। २५ वर्षीया परीक्षार्थी गौरी कुमारी आफ्ना दुई साथीसँगै विरोधस्थलमा उभिएर परीक्षाका उम्मेदवारका लागि न्यायको माग गर्दै नारा लगाइरहेकी थिइन्। उनले भनिन्, 'यो प्रणाली निकै भ्रष्ट भइसकेको छ। किताब पसल र पान पसल सञ्चालकले मलाई सम्पर्क गरेर 'सेटिङ' मिलाउन सहयोग गर्ने बताएका थिए।' वास्तवमा, कुमारी मूल परीक्षाका लागि छनोट भएकी थिइन्। तथापि, उनी परीक्षा रद्द होस् भन्ने चाहन्थिन्। उनी भन्छिन्, 'नतिजामा स्पष्ट रूपमा गडबडी गरिएको छ। म छनोट भएँ, तर मेरी साथी भइनन्। म विरोध गरिरहेकी छु किनभने मलाई लाग्छ कि सबै परीक्षार्थीले निष्पक्ष अवसर पाउनुपर्छ।' २ अगस्टमा झारखण्ड लोकतान्त्रिक क्रान्तिकारी मञ्चका विद्यार्थी नेता देवेन्द्रनाथ महतोले आफ्ना माग पूरा गर्न सरकारलाई दबाब दिने उद्देश्यले अनिश्चितकालीन आमरण अनशन घोषणा गरे। धेरै विद्यार्थी महतोको अनशनमा सामेल भए।

मुख्यमन्त्री हेमन्त सोरेनले ५ अगस्टमा रामगढमा पत्रकारसँग कुरा गर्दै आफ्नो सरकार विद्यार्थीको साथमा रहेको र उनीहरूलाई न्यायको सुनिश्चितता दिलाउने बताए। आन्दोलनरत विद्यार्थीसँग वार्ता गर्न र उनीहरूका समस्या सम्बोधन गर्न झारखण्ड सरकारले मन्त्रीहरू सम्मिलित चार सदस्यीय समिति गठन गर्‍यो। समितिले ९ अगस्टमा विद्यार्थी समूहसँग वार्ता गर्‍यो र अप्रिलमा सञ्चालित प्रारम्भिक परीक्षा रद्द गर्नेलगायत उनीहरूका धेरै माग पूरा गर्न सहमति जनायो। झारखण्ड लोक सेवा आयोगका तीन सदस्यले राजीनामा दिए। तर, यी कदमले आन्दोलनलाई मत्थर पार्न सकेनन्। अन्ततः बुधबार



राज्य सरकार आन्दोलनकारी विद्यार्थीका मागप्रति धेरै लचिलो बन्यो। सरकारले २२ वटा परीक्षा रद्द गर्‍यो र अन्य कतिपय परीक्षाबारे छानबिन गर्न आदेश दियो। बुधबार विद्यार्थी नेताले सरकारलाई आफ्ना बाँकी वाचा पूरा गर्न दुई महिनाको समय दिएको बताए।

झारखण्डमा नतिजा सार्वजनिक भएपछि युवा प्रदर्शनकारीले जेपिएससी परीक्षासम्बन्धी विभिन्न समस्या औँल्याएका थिए। उनीहरूले उठाएको एउटा मुख्य विषय थियो- आयोगले अनुसूचित जाति र अनुसूचित जनजातिका उम्मेदवारलगायत विभिन्न वर्गका लागि परीक्षा उत्तीर्ण गर्न आवश्यक न्यूनतम अंक सार्वजनिक गरेको थिएन। उनीहरूको तर्क थियो कि यसले छनोट प्रक्रियाको पारदर्शितामा आँच पुर्‍याएको छ, किनकि उम्मेदवारसँग अन्य प्रतिस्पर्धीको तुलनामा परीक्षामा आफ्नो स्थान वा वरीयता कस्तो रह्यो भन्ने आकलन गर्ने कुनै उपाय थिएन।

विद्यार्थीको आन्दोलन भइरहँदा एक सफल उम्मेदवारको भनिएको 'अप्टिकल मार्क रिकग्निसन' (ओएमआर) उत्तरपुस्तिकाको तस्बिर भाइरल भयो, जसमा प्रश्नपत्रका कुल १०० प्रश्नमध्ये ४८ वटाको मात्र जवाफ दिइएको थियो। परीक्षार्थीले औँल्याएअनुसार दुईवटा प्रारम्भिक परीक्षाका पत्रको संयुक्त उत्तीर्णाङ्क १४५ थियो, जबकि एउटा पत्रमा ५० भन्दा कम प्रश्नको जवाफ दिएर प्राप्त गर्न असम्भव हुन्थ्यो। परीक्षार्थीले सफल उम्मेदवारको प्रकाशित सूचीमा पनि अनियमितता देखिएको कुरा उठाए। उम्मेदवारको रोल नम्बर क्रमिक रूपमा राखिएको सो सूचीमा निश्चित संख्यासम्मका उम्मेदवारको विवरण देखिए पनि त्यसपछि अर्को सफल उम्मेदवारको नाम आउनुअघि ८०० भन्दा बढी रोल नम्बरको अन्तर देखिएको थियो। अर्को मुख्य चिन्ताको विषय परीक्षा सञ्चालन गर्न छनोट गरिएको संस्था युटिएसआर डाटा प्रोसेसिङसँग सम्बन्धित थियो। सो संस्थालाई जेपिएससीसँगको सम्झौता पालना नगरेका कारण मे २०२५ मा कालोसूचीमा राखिएको थियो। यिनै चिन्ता र विरोधको जवाफमा राज्य सरकारले छानबिनका लागि 'क्रिमिनल इन्भेस्टिगेसन डिपार्टमेन्ट'लाई निर्देशन दियो। प्रहरीले जेपिएससीको कार्यालय र अध्यक्ष एल खियाङ्तेको अवासमा छापा मार्‍यो। खियाङ्तेले २२ जुलाईमा पदबाट राजीनामा दिए। सो विषयसँग सम्बन्धित रहेको आरोपमा अहिलेसम्म १९ जना पक्राउ परेका छन्।

*स्क्रोलबाट*

# जलवायु प्रकोपको चपेटामा पूरै अफ्रिका

## संयुक्त राष्ट्रसंघका अनुसार प्रतिकूल मौसमले कृषि उपजमा प्रभाव पार्दा पूर्वी र दक्षिणी अफ्रिकामा एक करोड ८० लाखभन्दा बढी मानिसले सेप्टेम्बरदेखि खाद्य असुरक्षाको सामना गर्नुपर्ने हुन सक्छ

पछिल्लो समयमा अफ्रिकी देशले चरम जलवायु अवस्थाको सामना गरिरहेका छन् । हालैका सातामा घातक डढेलोले अल्जेरिया, मोरोक्को र ट्युनिसियाका जंगललाई तहसनहस पाऱ्यो । डढेलोले जैविक विविधतामा ठुलो ह्रास ल्याएको भन्दै वातावरण र पर्यावरणविद्ले चिन्ता व्यक्त गरेका छन् । मौसमी बाढीले पश्चिम अफ्रिकाभरि हजारौं मानिसलाई विस्थापित गरेको छ । यी जलवायु चरम सीमाले विगत एक वर्षदेखि बढ्दै गएको गम्भीर खाद्य संकटलाई अझ जटिल बनाउँछ ।



**नोस्मोट गबाडामोसी**

गबाडामोसी मल्टिमिडिया पत्रकार तथा फरेन पोलिसीमा अफ्रिकी विषयवस्तुलाई समेट्छिन् ।

लामो खडेरी र अनियमित मौसम ढाँचाले यसअघि नै क्षेत्रीय बाली उत्पादनमा ठुलो क्षति पुऱ्याएको छ । नाइजेरियामा विज्ञहरूले चेतावनी दिएका छन् कि जलवायु परिवर्तन र कमजोर सहर योजनाले बाढी निरन्तर समस्याका रूपमा परिणत भएको छ । बाढीका कारण नाइजेरियामा सडकहरू जलमग्न छन् ।

राजधानी अबुजामा, राजनीतिज्ञ र वातावरणीयविज्ञहरूले संघीय सरकारको ग्रिनबेल्टमा व्यावसायिक र आवासीय भवन निर्माण गर्न अनुमति दिएकोमा आलोचना गरेका छन् । भवनको सट्टा उक्त क्षेत्रमा वृक्षरोपण गरेको भए बाढीको जोखिम घट्ने र केही पानी सोस्न सक्ने उनीहरूको तर्क छ । सरकारले लामो समयदेखि अव्यवस्थित रूपमा फालिएको फोहोरलाई उचित व्यवस्थापन गर्न नसकेको र निकास समस्यालाई सम्बोधन गर्न असफल भएको आलोचकहरूको तर्क छ । ।

गत महिना, घानाका राष्ट्रपति जोन ड्रामानी महामाले जुन बाढीले कम्तीमा १३ जनाको मृत्यु र लगभग ४८ हजारलाई विस्थापित गरेपछि आपत्कालीन बैठक गरे । महामाले राजधानी आक्राबरपर जलमार्गमा अवरोध पुऱ्याउने सबै भवन भत्काउन पनि आदेश दिए ।

आइभोरीकोस्टमा हालैका महिनामा आएको बाढीका कारण ५० जनाभन्दा बढी मानिसको मृत्यु भएपछि सरकारले राजधानी अबिद्जानका बाढीको जोखिमयुक्त क्षेत्रबाट कुल पाँच हजार मानिसलाई अन्यत्र सार्ने योजना घोषणा गरेको छ । तीव्र सहरी विस्तारका कारण



बाढी र पहिरोको जोखिम भएका क्षेत्रहरूमा असुरक्षित तथा अनौपचारिक बसोबासको दायरा बढेको छ । अधिकारीहरूले अनौपचारिक बस्ती भत्काउन सुरु गरिसकेका छन् । तर, विस्थापित भएका केही बासिन्दाले आफूहरूसँग जाने अन्य कुनै ठाउँ नभएको बताएका छन् ।

यसैबिच, सुपर 'एलनिनो' (मौसमी गतिविधि) नामक दुर्लभ मौसमी प्रणालीले सेहेल र दक्षिणी अफ्रिकाका राष्ट्रहरूमा गम्भीर खडेरी तथा पूर्वी अफ्रिकामा बाढीको जोखिम निम्त्याउने देखिएको छ । यो क्रम सेप्टेम्बरको आसपासबाट सुरु हुने अनुमान गरिएको छ । अफ्रिकी विकास बैंकले चेतावनी दिएअनुसार एल निनोका कारण अफ्रिकी राष्ट्रहरूले १० देखि २० अर्ब डलरसम्मको आर्थिक क्षति व्यहोर्नुपर्ने र यसले ठुलो मात्रामा बसाइँसराइको अवस्था सिर्जना गर्न सक्ने अनुमान गरिएको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गत महिना भनेका थिए, 'एल निनो हाम्रो ढोकामै मात्र आइपुगेको छैन, यो घरभित्रै पसेर तापक्रम बढाइरहेको छ । यो त केवल सुरुवात मात्र हो ।' संयुक्त राष्ट्रसंघका अनुसार, पूर्वी र दक्षिणी अफ्रिकामा एक करोड ८० लाखभन्दा बढी मानिसले सेप्टेम्बर महिनादेखि खाद्य असुरक्षाको सामना गर्नुपर्ने हुन सक्छ । सोमालिया, सुडान, दक्षिण सुडान र इथियोपियामा एल निनोको प्रभावलाई लिएर विशेष चिन्ता व्यक्त गरिएको छ । यी सबै राष्ट्र पहिले नै द्वन्द्वबाट प्रभावित छन् ।

कृषि उत्पादनमा निर्भर अन्य देशहरूले पनि आगामी बाढीको तयारी गरिरहँदा खडेरीको असर महसुस गरिरहेका छन् । उदाहरणका लागि केन्यामा मकै (त्यहाँका मानिसहरूको मुख्य आहार)को उत्पादनमा करिब ३० प्रतिशतले कमी आउने अनुमान गरिएको छ ।

केन्याको मौसम विज्ञान सेवा प्राधिकरणका पूर्वानुमान सहायक निर्देशक डेभिड कोरोसले 'डेली नेसन' नामक पत्रिकालाई बताएअनुसार' कृषि उत्पादकत्वमा आएको कमी र बढ्दो पानीको अभावमार्फत यसको असर पहिले नै महसुस भइरहेको छ । 'हामीले निगरानी गरिरहेका संकेतहरू अझ स्पष्ट र बलियो हुँदै गइरहेका छन् । यस वर्षको अन्त्यतिर केन्याको मौसमी ढाँचामा उल्लेखनीय परिवर्तन ल्याउने सम्भावना छ ,' उनले भने ।

यी क्षेत्रीय मौसमी ढाँचाले अफ्रिकालाई मात्र असर गर्नेछैनन् । विशेष गरी एल निनोले इरान युद्ध र स्ट्रेट अफ हर्मुजको व्यावहारिक बन्दका कारण विश्वव्यापी आपूर्ति शृंखलामा देखिएको अवरोधलाई अझ निर्मम बनाउन सक्छ, जसले गर्दा युरोप र संयुक्त राज्य अमेरिकामा खाद्यान्न तथा उपभोग्य वस्तुहरूको मूल्यवृद्धि हुनेछ । इन्धनको मूल्यवृद्धि र आपूर्तिमा अवरोधले विश्वभर चामल, पाम आयल, चिनी र कफीको मूल्य ५० देखि १०० प्रतिशतसम्म बढ्न सक्छ ।

घट्दो माछाको भण्डारलाई जोगाउन र आर्थिक नियन्त्रण पुनः प्राप्त गर्ने प्रयासमा अफ्रिकीहरू युरोपेली संघसँगको दिगो माछा मार्ने साझेदारी सम्झौताको विरोध गरिरहेका छन् । यी सम्झौताहरूले स्थानीय माछा मार्नेहरूका लागि आर्थिक क्षतिपूर्ति वा विकास सहयोगको बदलामा इयू जहाजहरूलाई अफ्रिकी राष्ट्रको विशेष आर्थिक क्षेत्रमा माछा मार्ने इजाजतपत्र प्रदान गर्दछ ।

गत साता सार्वजनिक भएको एउटा रिपोर्टअनुसार एकतर्फी आर्थिक प्रतिफललाई उद्धृत गर्दै अफ्रिकी मुलुक ग्याबोनले ईयुसँगको आफ्नो १९ वर्षे माछा मार्ने सम्झौता आधिकारिक रूपमा समाप्त गऱ्यो । ग्याबोनले ईयु ब्लकबाट प्रतिवर्ष औसतमा ४३ मिलियन मात्र प्राप्त गऱ्यो । सम्झौता औपचारिक रूपमा जुन २९ मा समाप्त भयो र नवीकरण गरिएको छैन ।

सेनेगल, मौरिटानिया र गिनी-बिसाउजस्ता राष्ट्रहरूमा, इयू र स्थानीय माछा मार्ने समुदायबिच लामो समयदेखि तनाव छ । मैले पहिले पश्चिम अफ्रिकामा युरोपेली, चिनियाँ र व्यावसायिक रुसी 'फिसिङ बोट'ले अवैध रूपमा अत्यधिक माछा मार्नेबारेमा रिपोर्ट गरेको छु । यो प्रवृत्तिलाई विश्लेषकहरूले युरोपमा घातक अवैध बसाइँसराइको एउटा कारणको रूपमा औँल्याएका छन् ।

*फरेन पोलिसीबाट*

## इतिहासमा आज
अगस्ट २१



**सन् १९९१ : सोभियत संघको सत्तारूढ कम्युनिस्ट पार्टीभित्रका कट्टरपन्थीहरूले राष्ट्रपति मिखाइल गोर्बाचेभलाई नजरबन्दमा राखेर सुरु गरेको 'कु' तीन दिनमै असफल बन्यो । गोर्बाचेभ पुनः राष्ट्रपति त नियुक्त भए, तर यस तीनदिने कुले कम्युनिस्ट शासनको पतनको सुरुवात गऱ्यो ।**

- **सन् १२६४** : कुब्लाई खानको सत्तामाथि दाबी गर्दै विद्रोहमा उत्रिएका खानका भाइ एरिक बोकले आत्मसमर्पण गरेसँगै 'टोलुइड गृहयुद्ध' चार वर्ष लामो संघर्षपछि टुंगियो ।
- **१५४१** : सुलेमान प्रथमको नेतृत्वमा अटोमन टर्क फौजले हंगेरीको राजधानी बुढापेस्ट कब्जा गऱ्यो, जसले युरोपमा डेढ सय वर्ष लामो मुस्लिम शासनको जग हाल्यो ।
- **सन् १८१०** : राजा चाल्स तेह्रौं निसन्तान रहेको र रुसबाट निरन्तरको खतराबिच स्विडेनको संसद्ले नेपोलियनका मार्सल ज-बाप्टिस्ट बनाडोटलाई युवराज चुन्यो, जो आठ वर्षपछि राजा बने ।
- **सन् १९५७** : सोभियत संघले विश्वको पहिलो अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल 'आर-७ सेमिओर्का' सफलतापूर्वक परीक्षण गऱ्यो ।
- **सन् १९५९** : हवाई टापु श्रृंखा अमेरिकाको ५०औँ राज्य बन्यो ।
- **सन् १९६८** : सोभियत संघ नेतृत्वको 'वार्सा प्याक्ट' फौज चेकोस्लोभाकियालाई कब्जामा लिए । सुधारवादी नेता एलेक्ज्यान्डर डब्केकलाई पक्राउ गरेर 'मस्को प्रोटोकल'मा हस्ताक्षर गर्न बाध्य बनाइयो ।
- **सन् १९९१** : सोभियत संघको एक सदस्य लात्भीयाले संघबाट अलग भएको घोषणा गऱ्यो ।
- **सन् २०१७** : बहुराष्ट्रिय औषधि निर्माता कम्पनी 'जोनसन एन्ड जोनसन'लाई उसको एक उत्पादन प्रयोग गरेर डिम्बाशय क्यान्सर भएकी एक महिलालाई ४१.७ करोड डलर जरिवाना तिर्नुपर्ने आदेश दिइयो ।
- **सन् २०१८** : भारतको चन्द्रयान प्रथम नामक अन्तरिक्षयानले चन्द्रमा पहिलोपटक जमेको पानी पहिचान गऱ्यो ।
- **सन् २०१९** : विगतमा पोलियो धेरै देखिने देश नाइजेरियामा लगातार तीन वर्ष पोलियो नदेखिएसँगै पोलियो निर्मूलीकरणतर्फ सफलता मानियो ।

# इरानसँग व्यापार गर्ने देशमाथि पनि प्रतिबन्ध लगाउने ट्रम्पको चेतावनी




**तेहरान**/ इरान युद्ध अन्त्य गर्नेसम्बन्धी वार्तामा गतिरोध देखिएको समयमा वासिङ्टनले तेहरानमाथि दबाब बढाउँदै लगेको समयमा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध 'अहिलेसम्मकै सबैभन्दा कठोर आर्थिक अभियान' चलाउने घोषणा गरेका छन् ।

बुधबार सामाजिक सञ्जाल 'ट्रुथ सोसल'मा एक पोस्ट गर्दै ट्रम्पले इरानले सम्झौता गर्ने अवसर 'छोप्न' नसकेको भन्दै छिट्टै सम्झौतामा नआएर तेहरानविरुद्ध 'अभूतपूर्वस्तरको आर्थिक युद्ध चलाउने र एक्लो पारिदिने' चेतावनी दिएका छन् ।

ट्रम्पले अब इरानसँग व्यापार गर्ने देशविरुद्ध समेत प्रतिबन्ध लगाउने धम्की पनि दिएका छन् । 'आफ्ना वित्तीय संस्थाहरू, व्यवसाय, विमानस्थल वा सरकारी संस्थाहरूलाई इरानसँग कुनै पनि प्रकारको कारोबार गरेर सघाउने अनुमति दिने जुनसुकै देशले पनि ठुलो आर्थिक परिणामहरूको सामना गर्नेछन्,' ट्रम्पले पोस्टमा लेखेका छन् । ट्रम्पले इरानलाई आर्थिक प्रतिबन्धको धम्की दिएको यो पहिलोपटक भने होइन ।

फेब्रुअरीमा अमेरिका-इजरायल युद्ध सुरु भएपछि नै अमेरिकी सरकारले इरानविरुद्ध 'अपरेसन इकोनोमिक फ्युरी' नामको आर्थिक दबाब अभियान पनि चलाइरहेको छ । अमेरिकाले पहिले नै इरानको तेल, ढुवानी र वित्तीय क्षेत्रहरूमा व्यापक प्रतिबन्धहरू लगाउँदै आएको छ । अमेरिका आर्थिक प्रतिबन्धमार्फत तेहरानले राजस्वको स्रोत कटौती गर्न खोजिरहेको छ । यसै उद्देश्यले अमेरिकाले इरानी बन्दरगाहहरूमा नौसेना नाकाबन्दी लगाउनेदेखि इरानलाई विदेशमा तेल बेच्न मद्दत गरेका आरोप लागेका कम्पनीहरू ट्यांकरहरूलाई पनि प्रतिबन्ध लगाएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले ट्रम्पको आर्थिक प्रतिबन्धहरूको पछिल्लो धम्कीलाई खारेज गर्दै यसलाई 'अमेरिकाको आफ्नै संकटबाट ध्यान मोड्ने प्रयास' बताए । ट्रम्पको चेतावनीको केही दिनअघि मात्र 'संयुक्त अरब इमिरेट्स(युएई)'ले आफ्नो समुद्रतर्फ इरानले दुई ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाउँदै तेहरानसँगको सबै वित्तीय सम्बन्ध तोडेको घोषणा गरेको छ ।

युएईको यस घोषणा अमेरिकाले पछिल्लो समय युएई र अमेरिकी अधिकारीबिच कूटनीतिक सक्रियता बढेपछि आएको धेरैले औँल्याएका छन् । मंगलबार मात्र अमेरिकी विदेशमन्त्री मार्को रुबियो र युएई राष्ट्रिय सुरक्षा सल्लाहकार सेख तहनुन बिन जायद अल नाह्यानबिचको फोन कलसहित हालैका दिनहरूमा दुई पक्षबिच अचानक छलफल बढेको देखिन्छ ।

ट्रम्पले लक्षित गर्न सक्ने अन्य इरानी व्यापार साझेदारहरूमा चीन, इराक र टर्की समावेश हुन सक्ने आकलन छ ।

# इन्डोनेसियामा भूकम्पको तीन दिनपछि ८४ वर्षीया वृद्धाको उद्धार

**जकार्ता**/ पूर्वी इन्डोनेसियामा शक्तिशाली भूकम्प गएको तीन दिनपछि एकजना ८४ वर्षीया वृद्धालाई उनको घरको भग्नावशेषबाट जीवितै उद्धार गरिएको अधिकारीहरूले पुष्टि गरेका छन् । शनिबार बिहान इन्डोनेसियाको फ्लोरेस टापुमा ७.७ म्याग्निच्युडको भूकम्प गएको थियो । त्यस विपत्मा कम्तीमा ७३ जनाको मृत्यु भएको थियो भने ९०० भन्दा बढी मानिसहरू घाइते भएका थिए । त्यस्तै, लगभग ६०,००० जना विस्थापित भएका थिए ।

भूकम्पका कारण गएको पहिरोले ८४ वर्षीया पाउलिना पोबी बस्ने नितुङलिया गाउँ जाने बाटो अवरुद्ध भएकाले वृद्धा महिला मंगलबारसम्म उनको घरको बाँसको पर्खालमुनि तीन दिनसम्म पुरिएकी थिइन् । सिक्का रिजेन्सी क्षेत्रका



प्रहरी बाम्बाङ सुपेनोले स्थानीय मिडियालाई बताएअनुसार महिलालाई उद्धारपछि उपचारका लागि नजिकैको स्वास्थ्य केन्द्रमा लगिएको छ ।

'वृद्धालाई पक्षाघात भएकाले उनी हलचल गर्न सक्दिनथिइन्, त्यसैले चौथो दिनसम्म पनि उनको परिवारले उनलाई फेला पार्न सकेको थिएन्,' अर्का स्थानीय अधिकारी रुडोल्फस रिबाले एजेन्स फ्रान्स-प्रेस(एएफपी)लाई भने, 'उनी स्वस्थ छिन्, कुनै पनि चोटपटक लागेको थिएन । तर, केही खान नपाएकाले केही कमजोर देखिन्थिन् । तर, यति दिनपछि यति उमेरको मानिसको उद्धार कुनै चमत्कारजस्तै छ ।'

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना**

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **१) ऋणी फर्म : अल्फा ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : विमला मल्ल (शाही)** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प.) मा प्रा.फ.द.नं. १३१/०७७/०७८, दर्ता मिति : २०७७/०४/२०, ठेगाना : जिल्ला नवलपरासी, (व.सु.प.) बर्दघाट न.पा. वडा नं. ४ |
| | **२) ऋणी : विमला मल्ल (शाही)** स्थायी ठेगाना : नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ५, हालको ठेगाना : नवलपरासी जिल्ला, (व.सु.प.) बर्दघाट न.पा. वडा नं. ४, बाबु : खडक बहादुर शाही, बाजे : इन्द्र बहादुर शाही भन्ने इन्द्र बहादुर ठकुरी, पति : चन्द्र बहादुर मल्ल |
| | **३) ऋणी : रामजी चापागाई** स्थायी ठेगाना : न.प. जिल्ला, पंचनगर गा.प. वडा नं. ३, हालको ठेगाना : नवलपरासी (व.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. १०, बाबु : रोमाकान्त चापागाई, बाजे : दिवाकर चापागाई, |
| | **जमानीकर्ताहरु : १) विमला मल्ल (शाही),** स्थायी ठेगाना : नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ५, हालको ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४, बाबु : खडक बहादुर शाही, बाजे : इन्द्र बहादुर शाही भन्ने इन्द्र बहादुर ठकुरी, पति : चन्द्र बहादुर मल्ल, **२) सरस्वती चापागाईं,** स्थायी ठेगाना : न.प. जिल्ला, पंचनगर गा.वि.स. वडा नं. ३, हालको ठेगाना : नवलपरासी (व.सु.प.) जिल्ला, बर्दघाट न.पा. वडा नं. १०, बाबु : शोभाखर, ससुरा : रोमाकान्त चापागाई , पति : रामजी चापागाई |
| २ | **ऋणी: अविराज खड्का** **स्थायी ठेगाना** : खोटाङ जिल्ला, मातिम गा.पा. वडा नं. ६, **हालको ठेगाना** : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. २०, **बाबु** : खड्ग बहादुर खड्का, **बाजे** : गणेश बहादुर खड्का |
| ३ | **१) ऋणी फर्म: एम. जे. फ्युचर ग्रुप, सञ्चालक तथा जमानीकर्ता : मंगल लामा** **दर्ता नं.** : घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.पू.) मा उद्योग दर्ता नं. १०७४/०७७/०७८, **दर्ता मिति:** २०७७/०८/०९, **ठेगाना:** जिल्ला नवलपरासी (ब.सू.पू.), कावासोती न.पा. वडा नं. ८ |
| | **२) ऋणी: मंगल लामा** **स्थायी ठेगाना** : नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. २, **हालको ठेगाना** : नवलपरासी (ब.सु.पू.) जिल्ला, कावासोती न.पा वडा नं. ३, **बाबु** : खडक बहादुर गोले, **बाजे** : कान्छा गोले |
| ४ | **ऋणी कम्पनी : पुडासैनी मल्टिपर्पोज अर्गानिक फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि., संचालक तथा जमानीकर्ता: सरोज पुडासैनी** **दर्ता नं.:** कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा **दर्ता नं.** २७७५६८/०७८/०७९, **दर्ता मिति** २०७८/०८/०६, **ठेगाना:** जिल्ला काठमाडौं, शंखरापुर न.पा. वडा नं. ५ |
| ५ | **ऋणी: फुल कुमारी महतो अमगाई** स्थायी ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. २, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १०, बाबु : वाल देव महतो, ससुरा : रित बहादुर अमगाई, पति : सुरेन्द्र अमगाई |
| ६ | **ऋणी: देवीका कटुवाल** स्थायी ठेगाना : मोरङ जिल्ला, वयरवन गा.वि.स. वडा नं. ४, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ५, बाबु : ठग बहादुर भण्डारी, ससुरा : विर बहादुर कटुवाल, पति : इन्द्र बहादुर कटुवाल, |
| ७ | **ऋणी फर्म : पराजुली फ्रेस हाउस तथा पोल्ट्री सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: सरस्वता तिम्स्ना पराजुली** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा **प्रा.फ.र.नं.** ६६२७/०७५/०७६, **दर्ता मिति** २०७५/०४/१५, **ठेगाना:** जिल्ला सुनसरी, इटहरी उ.म.न.पा. वडा नं. ५ |
| ८ | **१) ऋणी फर्म : रिषव मत्सय पालन, संचालक तथा जमानीकर्ता: नगिना देवी** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा उद्योग दर्ता नं. ८५५२/०७६/०७७, **दर्ता मिति:** २०७६/११/२०, **ठेगाना:** जिल्ला सर्लाही, चन्द्रनगर गा.पा. वडा नं. १ |
| | **कर्जाको किसिम: बिना धितो कर्जा** **२) ऋणी: बच्चे राय** स्थायी ठेगाना : सर्लाही जिल्ला, किसनपुर गा.वि.स. वडा नं. ७, हालको ठेगाना : सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. १, बाबु : जनक राय, बाजे : भागवान दत्त राय |
| | **जमानीकर्ताहरु: १) पपु कुमार यादव,** स्थायी ठेगाना : सर्लाही जिल्ला, किसनपुर गा.वि.स. वडा नं. ७, हालको ठेगाना : सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. १, बाबु : बच्चे राय, बाजे : जनक राय, **२) नगिना देवी,** स्थायी ठेगाना : सर्लाही जिल्ला, किसनपुर गा.वि.स. वडा नं. ७, हालको ठेगाना : सर्लाही जिल्ला, चन्द्रनगर गा.पा. वडा नं. १, बाबु : जमिरी राय, ससुरा : जनक राय, पति : बच्चे राय |
| ९ | **ऋणी फर्म : रौतहट वेकरी उद्योग, संचालक तथा जमानीकर्ता: शेख अलाउदीन** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. ७७७९/७८/९२/३ गढीमाई, **दर्ता मिति** २०७७/०४/२२, **ठेगाना:** जिल्ला रौतहट, गम्हरिया गा.वि.स. वडा नं. ५ क (हाल गढीमाई न.पा. वडा नं. ३) |
| १० | **ऋणी : विनोद पाल** स्थायी ठेगाना : सुनसरी जिल्ला, मध्यहर्षाही गा.वि.स. वडा नं. ०२, हालको ठेगाना : सुनसरी जिल्ला, देवानगंज गा.पा. वडा नं. ०७, बाबु : जगदिश पाल, बाजे : मैनकु पाल |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

# गभर्नरको कार्यकाल अब तीन वर्ष

### राष्ट्र बैंक ऐन संशोधनमा गभर्नर र सञ्चालकको कार्यकाल छोट्याउने अर्थ समितिको निर्णय, कार्यसम्पादन राम्रो भए दुई वर्ष पुनः नियुक्ति पाइने

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकको गभर्नरको पदावधि अब तीन वर्ष मात्रै हुने भएको छ। प्रतिनिधिसभाको अर्थ समितिमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकमाथि भएको दफाबार छलफलमा बिहीबार समितिले नेपाल राष्ट्र बैंकका गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकहरूको पदावधि छोट्याउने निर्णय गरेको हो। राष्ट्र बैंकको उक्त पदहरूको कार्यकाल पाँच वर्षबाट घटाएर तीन वर्ष कायम राख्ने सहमति भएसँगै पुनः नियुक्तिसम्बन्धी व्यवस्था पनि थप भएको छ।

समितिले गभर्नरको नियमित कार्यकाल घटाउने र कार्यसम्पादनका आधारमा पुनः नियुक्तिको बाटो खोल्ने निर्णयमा पनि सहमति भएको छ। समितिको बैठकले मूल ऐनको दफा १८ को उपदफा (१) मा रहेको गभर्नरको कार्यकालसम्बन्धी व्यवस्थालाई संशोधन गर्दै साबिकको पाँच वर्ष भन्ने शब्दको सट्टा तीन वर्ष राख्ने सहमति भएको छ। अर्थ समितिले गरेको निर्णय संघीय संसद्का दुवै सदनबाट पारित भएमा गभर्नर, डेपुटी गभर्नर र सञ्चालकको पदावधि तीन वर्षमा झर्नेछ।

अर्थ समिति सदस्यसचिव लक्ष्मण अर्यालले समितिको बैठकमा सांसदहरूले गभर्नरको कार्यअवधि पाँच वर्ष निकै लामो भएको भन्दै चार वर्ष राख्न प्रस्ताव गरेको जानकारी दिए। चार वर्ष पनि लामो नै हुने भन्दै सबैले तीन वर्षमा सहमति जनाएको उनले बताए। उनले भने, 'सांसद सुशील खड्काले आफ्नो संशोधन प्रस्तावमा चार वर्ष राख्नुपर्ने उल्लेख गर्नुभएको थियो। केही पूर्वगभर्नरहरूले पाँच वर्ष निकै पट्यारलाग्दो भएको गुनासो पनि राख्नुभएको थियो। चार वर्ष पनि निकै लामो हुने विषय उठान भएपछि सबैले तीन वर्षमा सहमति जनाउनुभएको थियो। तीन वर्षमा कार्यसम्पादन राम्रो भयो भने थप दुई वर्ष पदावधि लम्ब्याउन सक्ने व्यवस्था पनि गरिएको छ।'

यसैगरी, विधेयकको दफा १३ अर्थात् मूल ऐनको दफा १८ का लागि प्रस्तावित उपदफा (२) लाई पूर्ण रूपमा प्रतिस्थापन गर्दै समितिले पुनः नियुक्तिको नयाँ प्रावधान थप गरेको छ। परिमार्जित व्यवस्थाअनुसार सरकारले कार्यसम्पादन मूल्यांकनका आधारमा कार्यकाल समाप्त भएका गभर्नर, डेपुटी गभर्नर र सञ्चालकलाई थप दुई वर्षका लागि पुनः नियुक्ति गर्न सक्नेछ। यसले केन्द्रीय बैंकको नेतृत्वमा रहने पदाधिकारीको कार्यसम्पादनलाई नै उनीहरूको पदावधि थपको मुख्य आधार बनाएको छ।

### सांसद सुशील खड्का भन्छन्-



सुरुमा मैले नै पदावधि घटाएर चार वर्षको प्रस्ताव लगेको हो। भारतमा तीन वर्षमा थप तीन वर्षसम्म कार्यकाल थप्न सकिने रहेछ। कति मुलुकमा त आठ वर्षको पदावधि रहेछ। हाम्रो जस्तो अर्थ-राजनीति भएको मुलुकमा तीनमा थप दुई वर्ष निकै उपयुक्त हुन्छ भन्ने सहमति भयो। विगतमा कमजोर पर्फमेन्स भएका गभर्नरलाई पनि सरकारले हटाउन खोज्दा कानुनी झमेलामा परेको देखिन्छ। अब खराब कार्यसम्पादन भएका व्यक्ति तीन वर्षभन्दा बढी बस्न नपाउने भए। गभर्नरलाई दुई वर्ष पदावधि बढाउन कार्यसम्पादनमा पनि सुधार गर्न सकिने भयो। आखिर कार्यगत रूपमा स्वयत्त भए पनि राष्ट्र बैंक सरकारको रणनीतिक हिस्सेदार हो। सरकारको भिजनसँग तादात्म्य भएन भने लामो समय पदमा बस्ने अवस्था आउनुहुँदैन।

### अर्थ समिति सदस्यसचिव लक्ष्मण अर्याल भन्छन्-



सांसद सुशील खड्काले आफ्नो संशोधन प्रस्तावमा चार वर्ष राख्नुपर्ने उल्लेख गर्नुभएको थियो। केही पूर्वगभर्नरहरूले पाँच वर्ष निकै पट्यारलाग्दो भएको गुनासो पनि राख्नुभएको थियो। चार वर्ष पनि निकै लामो हुने विषय उठान भएपछि सबैले तीन वर्षमा सहमति जनाउनुभएको थियो। तीन वर्षमा कार्यसम्पादन राम्रो भयो भने थप दुई वर्ष पदावधि लम्ब्याउन सक्ने व्यवस्था पनि गरिएको छ।

### नवनियुक्त डेपुटी गभर्नर रावलको पदबहाली

नेपाल राष्ट्र बैंकका नवनियुक्त डेपुटी गभर्नर दीर्घबहादुर रावलले बिहीबार पद तथा गोपनीयताको शपथ लिएका छन्। गभर्नर प्राडा विश्वनाथ पौडेलसमक्ष शपथ लिएका उनले बिहीबार नै पदबहालीसमेत गरे।

मन्त्रिपरिषद्को ३ भदौको निर्णयअनुसार रावल डेपुटी गभर्नरमा नियुक्त भएका हुन्। शपथग्रहण समारोहमा संक्षिप्त मन्तव्यसहित गभर्नर पौडेलले डेपुटी गभर्नर रावललाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिएका छन्। डेपुटी गभर्नर रावलले ०६२ माघ २ गते सहायक निर्देशकका रूपमा बैंक सेवा प्रवेश गरेका थिए। उनी ०६९ सालमा उपनिर्देशक, ०७५ सालमा निर्देशक हुँदै ०८२ जेठ १९ गते कार्यकारी निर्देशकमा पदोन्नति भएका थिए। पदोन्नतिपछि उनले बैंक सुपरिवेक्षण विभागको नेतृत्व सम्हाल्दै आएका थिए।

GREEN DRIVE
GLOBAL AUTO LOAN
FIXED INTEREST RATE STARTING FROM 5.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

# मापदण्ड तोकेर खुलाइँदै चार वर्षदेखि रोकिएको पिपिए

### प्राधिकरणका सञ्चालक शाहीको नेतृत्वमा बनाइयो उपसमिति, सात दिनमा मापदण्ड बनाउनुपर्ने

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका


नेपाल विद्युत् प्राधिकरणले करिब चार वर्षदेखि रोकेको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) खुलाउने भएको छ। प्राधिकरणले पहिलोपटक मापदण्डसमेत तोकेर पिपिए खुलाउने प्रक्रिया अघि बढाएको हो। बिहीबार ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको अध्यक्षतामा बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले पिपिए खोल्नका लागि मापदण्ड बनाउन सञ्चालक सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा पाँच सदस्यीय उपसमिति गठन गरेको छ। फागुन ०७९ यता पिपिए ठप्प छ।

उपसमितिमा विद्युत् विकास विभागका उपमहानिर्देशक, ऊर्जा मन्त्रालयका तर्फबाट सिडिई शालिग्राम भण्डारी, विज्ञ रिवाज शर्मा सदस्य र प्राधिकरणका व्यापार शाखाका निर्देशक सदस्यसचिव रहेका छन्। सञ्चालक समितिको निर्णयमा भनिएको छ, 'आर्थिक ऐन, २०८३ मा व्यवस्था भएबमोजिम उत्पादन अनुमतिप्राप्त ऊर्जा उत्पादकसँग विद्युत् खरिद सम्झौता (पिपिए) गर्ने सम्बन्धमा विद्यमान आधार र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट गठित समितिको सिफारिससमेतको अध्ययन विश्लेषण गरी विद्युत् खरिद सम्झौता (पिपिए)को मापदण्ड सात दिनभित्र तयार गर्न सञ्चालक समिति सदस्य अंशुकिरण शाहीको संयोजकत्वमा उपसमिति गठन गरिएको छ।'

उपसमितिले अब सात दिनभित्र पिपिएका लागि मापदण्ड बनाएर सञ्चालक समितिमा पेस गर्नेछ। सञ्चालक समितिले त्यसकै आधारमा पिपिए खुलाउने विषयमा निर्णय गर्नेछ।

सञ्चालक शाहीले एक सातामा पिपिएका लागि मापदण्ड बनाउने बताए। 'मन्त्रालयको कार्यदलले पनि मापदण्ड बनाएर पिपिए खुलाउन भनेको छ,' उनले भने, 'अब अध्ययन गरेर पिपिएका लागि मापदण्ड तोक्नेछौँ। र, त्यो सञ्चालक समितिमा पेस हुनेछ। कस्तो मापदण्ड तोक्ने भनेर अहिले नै निर्क्योल भएको छैन। यही सात दिनभित्र अध्ययन गरेर मापदण्ड निर्धारण गरिनेछ।'

१३ चैतमा गठित बालेन्द्र शाहको नेतृत्वले नयाँ सरकाले १४ चैतमा शासकीय सुधारका कार्यसूची ल्याउँदै एक सय ८० दिनमा पिपिएसम्बन्धी निर्णय दिने घोषणा गरेको थियो। त्यो घोषणा गरेको शुक्रबार एक सय ४७ दिन पुगेको छ। सरकारको घोषणाअनुसार अबको ३३ दिनमा पिपिए खुलाउनुपर्नेछ।



एक सय ८० दिनमा पिपिए गर्ने घोषणासँगै ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले १९ चैतमा यस सम्बन्धमा मन्त्रालयकै सहसचिव सागर गौतमको संयोजकत्वमा अध्ययन समिति बनाएका थिए। उक्त समितिले करिब दुई महिनाअघि प्रतिवेदन बुझाएको थियो। बिहीबार गठित उपसमितिले सो प्रतिवेदन पनि अध्ययन गरेर मापदण्ड बनाउनुपर्नेछ। स्रोतअनुसार मन्त्रालयको समितिले पनि मापदण्ड तोकेर पिपिए गर्न भनेको छ।

यसअघि कोटा प्रणालीमा पिपिए खुलाउने व्यवस्था थियो। त्यसमा अब भने मापदण्ड तोक्न लागिएको हो। स्रोतका अनुसार अदालतको फैसलासँग बाझिने अर्थात् विपरीत हुने आयोजनाको पिपिए गरिनेछैन। यसैगरी, अन्य मापदण्ड पनि निर्धारण गरिनेछ। 'वन क्षेत्र, रुख कटानी, संरक्षण क्षेत्र प्रयोग गर्न दिने विषयमा सर्वोच्च अदालतका फैसलाहरू पनि हेर्छौं। अदालको फैसलाविपरीत हुने आयोजनामा तत्काल पिपिए हुँदैन,' स्रोतले भन्यो, 'अन्य मापदण्ड पनि तोकिन्छ। तर, पिपिए भने खोल्ने योजना नै हो।'

### चार वर्षदेखि ठप्प छ पिपिए

नेपालमा पिपिए गर्ने अधिकार सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणलाई मात्रै छ। अर्थात्, प्रवर्द्धकलाई विद्युत् बिक्री गर्न दोस्रो बजार नै छैन। तर, सरकार आफैँले आयोजना बनाउन भनेर लाइसेन्स दिए पनि पिपिएमा भने अंकुश लगाउँदै आएको छ। सरकारले दिने कोटामा मात्रै प्राधिकरणले पिपिए गर्दै आएको थियो। त्यसले लाइसेन्स लिएका हजारौँ मेगावाट आयोजना निर्माणमा जान सकेका छैनन्।

हाल प्राधिकरणसँग १५ हजार मेगावाटको कोटामा पिपिए गर्ने नीति छ। त्यसमा जलाशययुक्त तथा पम्प स्टोरेजबाट २०-२५ प्रतिशत, अर्धजलाशयबाट २५-३० प्रतिशत, नदी प्रवाहबाट ४०-४५ प्रतिशत र अन्य वैकल्पिक स्रोतबाट ५-१० प्रतिशतको अनुपातमा पिपिए गर्ने प्राधिकरणको नीति छ। त्यसमा कतिपयको कोटा सकिएको छ। तर, केहीको कोटा बाँकी छ। यो नीति ०७५ को हो। पछिल्लोपटक १५ हजार कोटाभित्रै रहेर फागुन ०७९ मा १५ सय मेगावाटका आरओआर परियोजनाको पिपिए गरिएको थियो। त्यसपछि पिपिए भएको छैन।

पछिल्लोपटक २०३५ सम्म ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। तर, त्यसअनुसार पिपिए गर्ने विषयमा निर्णय भइसकेको छैन। हाल प्राधिकरणका झन्डै १६ हजार मेगावाटका आयोजना पिपिएको पखाईमा छन्। पिपिए नभई बैंकले ऋण नदिने हुँदा परियोजनाले लगानी जुटाउन सकेको छैन। त्यसले गर्दा ऊर्जा परियोजनाको निर्माण पनि रोकिएको छ।

यद्यपि, यसअघि १३ चैत ०८१ मा तत्कालीन ऊर्जामन्त्री दीपक खड्काले अस्वाभाविक रूपमा ग्रिड कनेक्सन सम्झौता गरेका झन्डै पाँच हजार मेगावाटका पाँच सय ५४ परियोजनाको पिपिए गर्ने निर्णय गरेका थिए। तर, १५ जेठ ०८२ मा तत्कालीन सरकारले बजेटबाट 'टेक एन्ड पे' मोडेलमा आरओआर परियोजनाको पिपिए गर्ने नीति ल्याएपछि त्यो अघि बढ्न सकेन। चालू आवको बजेटमा भने टेक अर पेमै पिपिए गर्ने भनिएको छ। 'पिपिए भएका, तर निर्माण सुरु नगरेका आयोजनाको अनुमतिपत्र खारेज गरी टेक अर पे विधिमा नयाँ पिपिए गर्ने प्रबन्ध गर्नेछौँ। १० मेगावाटभन्दा कम क्षमताका विद्युत् आयोजनाको तत्काल पिपिए गर्नेछौँ। सुक्खा याममा घटाघटमा विद्युत् खरिददर निर्धारण गरी खरिद सम्झौता गर्ने व्यवस्था मिलाउनेछौँ,' बजेटमा भनिएको छ। प्राधिकरणले १० मेगावाटभन्दा साना परियोजनाको पिपिएका लागि कार्यदल यसअघि नै बनाइसकेको छ।

## नेप्सेसँगै बढ्यो कारोबार

**काठमाडौं**/ लगातार चार कारोबार दिन घटेको नेप्से परिसूचक बिहीबार सामान्य बढेको छ। सो दिन बजार ७.१७ अंक अर्थात् ०.२७ प्रतिशतले बढेसँगै नेप्से परिसूचक २६२९.४० विन्दु कायम भएको छ।

नेप्सेसँगै कारोबार रकम पनि बढेको छ। बुधबार तीन अर्ब २९ करोड ८० लाख रुपैयाँबराबरको कारोबार भएकामा बिहीबार भने चार अर्ब ४० करोडको कारबोर भएको हो। सो दिन एक सय ३२ वटा कम्पनीको मूल्य बढ्दा एक सय ३२ वटै कम्पनीको घटेको छ। १३ कम्पनीको मूल्य स्थिर छ।

नेप्सेका १३ वटा उपसमूहमध्ये बैंक, जलविद्युत्, लगानी, जीवन बिमा, उत्पादन तथा प्रशोधन र 'अन्य' समूह बढेका छन्। बाँकी घटेका छन्। बिहीबार पनि माउन्ट एभरेस्ट पावर डेभलपमेन्ट र सर्वोत्तम पेन्ट्सको मूल्य १५ प्रतिशत बढेको छ। अन्य कम्पनीको वृद्धि ६.६३ प्रतिशतमुनि छ। यसैगरी, कुमारी धनवृद्धि योजनाका इकाइधनीले ९.७७ प्रतिशत घाटा व्यहोरेका छन्।

## फेरि बढ्यो अन्डाको मूल्य

**काठमाडौं**/ नेपाल लेयर्स कुखुरापालक संघले बिहीबारदेखि लागू हुने गरी फार्मबाट बिक्री हुने अन्डाको समर्थन मूल्य बढाएको छ। चितवनलाई आधार मानेर संघले निर्धारण गरेको नयाँ मूल्यअनुसार एक्सएल आकारको अन्डाको मूल्य प्रतिक्रेट पाँच सय ९० रुपैयाँ पुगेको छ। त्यस्तै, ठुलो अन्डा पाँच सय ७५ रुपैयाँ र मिडियम अन्डा पाँच सय ३५ रुपैयाँ प्रतिक्रेट कायम गरिएको छ। सानो अन्डाको मूल्य भने प्रतिपेटी तीन हजार दुई सय रुपैयाँ तोकिएको छ।

संघले यसपटक सबै मुख्य आकारका अन्डाको मूल्य प्रतिक्रेट १५ रुपैयाँले वृद्धि गरेको हो। यसअघि ३० साउनदेखि एक्सएल अन्डाको मूल्य पाँच सय ७५, ठुलोको पाँच सय ६० र मिडियमको पाँच सय २० रुपैयाँ तोकिएको थियो।

साउनयता अन्डाको मूल्यमा भएको यो पाँचौं संशोधन हो। साउनको सुरुवातमा एक्सएल अन्डाको फार्म समर्थन मूल्य प्रतिक्रेट पाँच सय २५ रुपैयाँ थियो। साउनको अन्त्यसम्म उक्त मूल्य बढेर पाँच सय ७५ रुपैयाँ पुगेको थियो। भदौ सुरु भएसँगै थप १५ रुपैयाँ बढाएर पाँच सय ९० रुपैयाँ कायम गरिएको हो। व्यवसायीका अनुसार उत्पादन घटेका कारण अन्डाको आपूर्ति र मागबिच असन्तुलन बढेको छ। बर्डफ्लु संक्रमणका कारण ठुलो संख्यामा कुखुरा नष्ट गर्नुपरेपछि अन्डा उत्पादनमा उल्लेख्य कमी आएको उनीहरूको दाबी छ।

उत्पादन घटेसँगै बजारको मागअनुसार अन्डा आपूर्ति गर्न कठिन भएको र त्यसकै प्रभावस्वरूप समर्थन मूल्य बढाउनुपरेको नेपाल लेयर्स कुखुरापालक संघले जनाएको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

**कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०५/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१. ऋणीः शुभारम्भ पब्लिकेशन प्रा.लि.**<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं<br>दर्ता नं. : ४७६२५/०६४/०६५<br>दर्ता मिति : २०६४/०५/०३<br>पान नं. ३०२६७३५७९<br>ठेगानाः काठमाण्डौ-१६, काठमाण्डौ<br>**अ.प्रा.व्यक्ति/जमानतकर्ताको नामः पुरुषोत्तम देवकोटा**<br>बाबुको नाम : कृष्णहरि देवकोटा<br>बाजेको नाम : उमाकान्त देवकोटा<br>ठेगानाः गाईखुर-०९, गोरखा<br>ना.प्र.नं. : १९१३६, जारी मिति : २०४५/०३/३१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., गोरखा<br>**कर्जा लिएको शाखा : बानेश्वर, काठमाण्डौ**<br>**जमानतकर्ताको विवरण**<br>**क) नामः लिल बहादुर अधिकारी** (संचालक)<br>बाबुको नामः लक्ष्मण अधिकारी<br>बाजेको नाम : गोया बहादुर अधिकारी<br>ठेगानाः जामुने-०४, तनहुँ<br>ना.प्र.नं.: १०३३९, जारी मितिः २०५१/०८/२३<br>जारी गर्ने कार्यालयः जि.प्र.का., तनहुँ | **ख) नामः दिनेश अधिकारी** (संचालक)<br>बाबुको नाम : प्रेमनाथ शर्मा अधिकारी<br>बाजेको नाम : तेजनाथ अधिकारी<br>ठेगाना : निलकण्ठ-०७, धादिङ्ग<br>ना.प्र.नं.: ४३८०२, जारी मितिः २०५८/०५/१०<br>जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ्ग<br>**ग) नामः सुश्री माया कुमारी वोहरा जैसी** (संचालक)<br>बाबुको नाम : टिका दत्त वोहरा जैसी<br>पतिको नाम : मदन पाठक<br>ससुराको नामः लोकनाथ पाठक<br>ठेगानाः अमरगढी-०३, डडेलधुरा<br>ना.प्र.नं.: ३३३, जारी मितिः २०५४/१२/१९<br>जारी गर्ने कार्यालयः जि.प्र.का., डडेलधुरा<br>**घ) नाम : सन्तोष पुडासैनी** (संचालक)<br>बाबुको नाम : कृष्ण प्रसाद पुडासैनी<br>बाजेको नाम : सितुनाथ पुडासैनी<br>ठेगानाः का.म.न.पा.-०६, काठमाडौं<br>ना.प्र.नं.: २७३०/३७८६३, जारी मितिः २०६३/०४/२९<br>जारी गर्ने कार्यालयः जि.प्र.का., काठमाडौं |

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय चावाहिलमा शुभारम्भ पब्लिकेशन प्रा.लि.को नाममा दर्ता कायम रहेको काठमाडौं जिल्ला चुन्नीखेल-०२ स्थित कि.नं. १७५६ को क्षेत्रफल ३६५.५९ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दमौली, तनहुँको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८३/०५/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्योट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्योट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| पूर्ण बहादुर सारुको बुहारी, शिव लाल थापाको पत्नी, तनहुँ जिल्ला, साविक कोटदरवार गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ४ बस्ने **याम कुमारी थापा** (ना.प्र.नं. ४३३००८/३९०, जारी मिति २०६३/११/१८, जि.प्र.का. तनहुँ)। | लाल बहादुर थापाको बुहारी, पूर्ण बहादुर सारुको पत्नी, तनहुँ जिल्ला, साविक कोटदरवार गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ४ बस्ने **श्रीमाया सारु** (ना.प्र.नं. ९०३, जारी मिति २०४४/११/१९, जि.प्र.का. तनहुँ)। |

**धितोको विवरण**

याम कुमारी थापा (ना.प्र.न. ४३३००८/३९०, जारी मिति २०६३/११/१८, जि.प्र.का. तनहुँ) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, साविक फराकचौर गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ घ हाल तनहुँ जिल्ला, ब्यास न.पा. वडा नं. ४ स्थित कि.नं. ३२३३ को क्षेत्रफल ०-२-०-० (रोपनी) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : दमौली, तनहुँ
फोन नं. ०६५-५६४७९०
Website : www.siddharthabank.com

## धानबालीमा पातबेरुवा र गभारो किराको प्रकोप

सल्यानमा **दीपक शर्मा**




सल्यानका विभिन्न क्षेत्रका धानबालीमा किराको प्रकोप देखिन थालेपछि किसान चिन्तित भएका छन्। कालीमाटी गाउँपालिकाका विभिन्न ठाउँमा धानबालीमा पातबेरुवा र गभारो किरा देखिएको हो।

कालीमाटी गाउँपालिका- २ निवासी अमर वलीले करिब पाँच रोपनी धानबालीमा पातबेरुवा किराको प्रकोप देखिएको बताए। किरा लागेपछि धानको पात बेरिने र धान बढ्न नसक्ने उनले बताए। यसैगरी, खिमा पुनको करिब चार रोपनी धानबालीमा समेत किराको प्रकोप देखिएको छ। आफ्नो सबै बारीमा यस प्रकारको समस्या देखिएको उनको भनाइ छ। कालीमाटी गाउँपालिका कृषि प्राविधिक केशव थापाका अनुसार धानबालीमा अनुगमन गर्दा गभारो किरा र पातबेरुवाको समस्या देखिएको छ। धानको डाँठभित्र लार्भा भेटिनुका साथै गुभो सुक्ने समस्या देखिएको उनले जानकारी दिए। प्राविधिक थापाका अनुसार धानबालीमा विभिन्न प्रकारका किराको प्रकोप देखिन थालेकाले किसानले नियमित रूपमा खेतको अनुगमन गर्न आवश्यक छ। विशेषगरी पातबेरुवा र गभारो किराको सुरुवाती अवस्थामै पहिचान गरी नियन्त्रणका उपाय अपनाउन सके उत्पादनमा हुने क्षति कम गर्न सकिने उनले बताए।

## भन्सारसम्बन्धी पूर्वसूचना आदानप्रदान गर्न सासेक राष्ट्रबिच समझदारी

**काठमाडौं**/ नेपालसहित दक्षिण एसियाका चार राष्ट्रले भन्सारसम्बन्धी पूर्वसूचना आदानप्रदान गर्ने समझदारी गरेका छन्। दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक)अन्तर्गत सदस्य राष्ट्रहरू नेपाल, भुटान, माल्दिभ्स र बंगलादेशले वस्तुहरूको पूर्वआगमन सूचना आदानप्रदानका लागि समझदारी गरेका हुन्। माल्दिभ्समा आयोजित सासेकको १४औं भन्सार सबग्रुपको बैठकमा उक्त समझदारी भएको हो। सासेक राष्ट्रहरूबिच व्यापार सहजीकरण तथा भन्सार नियन्त्रणलाई थप प्रभावकारी बनाउन तयार गरिएको समझदारीपत्रमा चार देशका भन्सार प्रशासनको तर्फबाट हस्ताक्षर भएको हो। नेपालको तर्फबाट भन्सार विभागका महानिर्देशक यमलाल भुसालले समझदारीपत्रमा हस्ताक्षर गरेका छन्। यस समझदारीको मुख्य उद्देश्य सदस्य राष्ट्रहरूबिच वस्तुहरूको पूर्वआगमन सूचना (प्रि-अराइभल इन्फर्मेसन) आदानप्रदान गर्नु रहेको छ। यसबाट मालवस्तु भन्सार कार्यालयमा आइपुग्नुअघि नै उपलब्ध सूचनाको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न, भन्सारको नियन्त्रणलाई थप प्रभावकारी बनाउन तथा छिटो र सहज रूपमा वस्तु जाँचपास गर्न सहयोग पुग्नेछ।

# एनसेलको अन्तर्राष्ट्रिय आउटगोइङ कलमा ६० सेकेन्ड पल्स दर लागू



**काठमाडौं**/ एनसेलले एक सय ९८ गन्तव्य मुलुकका लागि आफ्नो अन्तर्राष्ट्रिय आउटगोइङ कलको पल्स दर परिवर्तन गरेको छ। कम्पनीले २ भदौदेखि परिवर्तन गरेको यो दर नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृतिमा ६० सेकेन्ड बनाइएको हो। दूरसञ्चार ऐन २०५३ को दफा ४२ अनुसार प्राधिकरणले एनसेलको नयाँ पल्स दरका लागि निर्णयानुसार स्वीकृति प्रदान गरेको हो।

प्राधिकरणको स्वीकृतिबमोजिम अब अस्ट्रेलिया, बहराइन, क्यानडा, अमेरिका, चीन, फिनल्यान्ड, डेनमार्क, फ्रान्स र जर्मनीमा नयाँ पल्स दर लागू भएको छ। त्यसैगरी भारत, हङकङ, इटाली, जापान, साउथ कोरिया, लेबनान, मलेसिया, न्युजिल्यान्ड, नर्वे, पाकिस्तान, पोल्यान्ड, कतार, रसिया, रोमानिया, साउदी अरेयिबा, सिंगापुर, साउथ अफ्रिका, स्पेन, स्विडेन, स्विटजरल्यान्ड, ताइवान, थाइल्यान्ड, टर्की, संयुक्त अरब इमिरेट्स, अमेरिका, मेक्सिको, लिबियालगायतका गन्तव्य मुलुकमा पनि यो दर लागू भएको कम्पनीले जनाएको छ। नयाँ पल्स दर कायम भएका सबै मुलुकहरूको पूरा सूची, कल तथा एसएमएसको शुल्क एनसेल वेबसाइटको 'इन्टरनेसनल कल एन्ड एसएमएस रेट' खण्डमा हेर्न सकिन्छ।

# इलेक्ट्रिक तथा कन्जुमर इलेक्ट्रोनिक्स अन्तर्राष्ट्रिय प्रदर्शनी १९ भदौदेखि

> प्रदर्शनीमा स्वदेशी-विदेशी एक सयभन्दा बढी कम्पनीका स्टल रहने, ३० हजारले अवलोकन गर्ने अनुमान

5th NEPAL ELECTRIC, POWER AND LIGHTS INTERNATIONAL EXPO 2026

4th Edition Nepal Consumer Electronics & Home Appliances eXpo

**काठमाडौं**/ नेपाल इलेक्ट्रिक, पावर, लाइट तथा नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अप्लायन्सेस अन्तर्राष्ट्रिय प्रदर्शनी १९ देखि आयोजना हुने भएको छ। मिडिया स्पेस सोलुसन्स प्रालि, एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालि तथा फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिको संयुक्त आयोजनामा हुने उक्त प्रदर्शनी २१ भदौसम्म भृकुटीमण्डपमा चल्ने बताइएको छ।

नेपालको विद्युत्, ऊर्जा, उपभोक्ता इलेक्ट्रोनिक्स तथा होम अप्लायन्सेस क्षेत्रलाई अन्तर्राष्ट्रिय व्यावसायिक मञ्चसँग जोड्ने उद्देश्यले प्रदर्शनी आयोजना गर्न लागिएको आयोजकले जनाएको छ। प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी सयभन्दा बढी कम्पनीका स्टल रहनेछन्। प्रदर्शनीले उद्योग, व्यापार तथा प्रविधिबिच सहकार्य अभिवृद्धि गर्दै यस क्षेत्रको समग्र विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

बढ्दो जलविद्युत् उत्पादनको प्रभावकारी उपयोग, ऊर्जा दक्षताको प्रवर्द्धन तथा विद्युतीय पूर्वाधारको विकासलाई थप व्यवस्थित बनाउन प्रदर्शनीले विशेष भूमिका खेल्ने विश्वास आयोजकको छ। साथै, ऊर्जा तथा विद्युतीय व्यवसायसँग सम्बन्धित नवीनतम प्रविधि, उत्पादन तथा सेवाहरूको प्रदर्शनमार्फत उद्योगी, व्यवसायी, उत्पादक, आयातकर्ता, वितरक तथा सेवाप्रदायकबिच नयाँ व्यावसायिक अवसर सिर्जना गर्ने लक्ष्य राखिएको बताइएको छ।

प्रदर्शनीले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका उद्योगी, व्यवसायी, उद्यमी, उत्पादक, वितरक तथा सम्बन्धित सरोकारवालालाई एउटै व्यावसायिक प्लाटफर्ममा ल्याई ज्ञान, अनुभव र प्रविधिको आदानप्रदान गर्ने अवसर प्रदान गर्नेछ। आयोजकका अनुसार यसबाट विद्युत् तथा विद्युतीय सामग्रीसम्बन्धी उद्योगको प्रवर्द्धन, व्यापार विस्तार तथा दीर्घकालीन व्यावसायिक सहकार्यलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

प्रदर्शनीमा नेपाली उत्पादनसँगै बहुराष्ट्रिय कम्पनीहरूद्वारा उत्पादित ट्रान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रण प्रणाली, हाउस वायरिङ सामग्री, वायर तथा केबलका साथै इलेक्ट्रोनिक्स क्षेत्रसँग सम्बन्धित विविध उत्पादन, प्रविधि तथा सेवाहरू प्रदर्शन गरिनेछन्। प्रदर्शनी अवधिभर ३० हजारभन्दा बढीले अवलोकन गर्ने आयोजकको विश्वास छ।

# सिद्धार्थ बैंकमा कर्पोरेट खाता अनलाइनमार्फत खोल्न सकिने



**काठमाडौं**/ सिद्धार्थ बैंकले पहिलोपटक व्यावसायिक तथा कर्पोरेट ग्राहकका लागि अनलाइनमार्फत खाता खोल्न सकिने डिजिटल सेवा सञ्चालनमा ल्याएको छ। यस सेवामार्फत नेपालमा दर्ता भएका कम्पनी, फर्म, संस्था तथा अन्य व्यावसायिक ग्राहकले अनलाइनबाटै खाता खोल्न सक्नेछन्।

बैंकका अनुसार ग्राहकको समय र प्रक्रियागत झन्झटलाई न्यूनीकरण गर्दै बैंकिङ सेवालाई थप सहज, सरल र प्रविधिमैत्री बनाउने उद्देश्यले यो सेवा सञ्चालनमा ल्याइएको हो। अनलाइन प्रणालीमार्फत आवश्यक विवरण तथा कागजात पेस गरी व्यावसायिक तथा कर्पोरेट खाता खोल्ने प्रक्रियालाई डिजिटल माध्यमबाट अगाडि बढाउन सकिने बताइएको छ।

खाता सक्रियताका लागि आवश्यक प्रमाणीकरण तथा प्रक्रिया पूरा गर्न भने ग्राहकले सक्कली कागजपत्रका साथ आफ्नो नजिकको शाखामा एकपटक भौतिक रूपमा उपस्थित हुनुपर्नेछ। यस सेवाले व्यवसाय तथा संस्थागत ग्राहकलाई खाता खोल्ने प्रक्रियामा थप सुविधा प्रदान गर्नुका साथै बैंकिङ सेवामा डिजिटल पहुँच विस्तार गर्न सहयोग गर्ने बैंकले विश्वास लिएको छ। यस सेवाबारे थप जानकारी लिन बैंकको २४सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' सम्पर्क गर्न सकिने पनि बैंकले जनाएको छ।

## मुक्तिनाथ विकासको चाडपर्व अफर
# कृषि तथा एसएमई कर्जामा छुट


मुक्तिनाथ विकास बैंक लिमिटेड MUKTINATH BIKAS BANK LIMITED

**काठमाडौं**/ मुक्तिनाथ विकास बैंक लिमिटेडले चाडवर्डलक्षित अफर ल्याएको छ। बैंकले आउँदै गरेका तिज, दसैं, तिहार तथा छठपर्वलाई लक्षित गर्दै कृषि तथा साना तथा मझौला उद्यम (एसएमई) कर्जामा विशेष सुविधा सार्वजनिक गरेको हो।

बैंकले कृषि, व्यवसाय तथा एसएमई क्षेत्रमा प्रवाह हुने विभिन्न कर्जामा आधार दरमा न्यूनतम ०.५० प्रतिशतसम्म प्रिमियम थप गरी कर्जा उपलब्ध गराउने जनाएको छ। साथै, कर्जा प्रवाह गर्दा लाग्ने प्रशासनिक शुल्कमा २५ प्रतिशत छुट दिने पनि बैंकले जनाएको छ। योजनाअन्तर्गत कृषि तथा एसएमई व्यवसाय विस्तार, उद्यम सञ्चालन, कार्यशील पुँजीलगायत सम्बन्धित प्रयोजनका लागि कर्जा लिन सकिनेछ। अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा स्थानान्तरण गर्नसमेत यो सुविधा उपयोग गर्न सकिने बैंकले जनाएको छ।

बैंकका अनुसार यो योजनाले चाडपर्वको समयमा व्यवसाय विस्तार, उद्यम सञ्चालन तथा कार्यशील पुँजी व्यवस्थापनका लागि आवश्यक वित्तीय स्रोत जुटाउन कृषि तथा साना तथा मझौला व्यवसायीलाई सहयोग पुग्नेछ। यो विशेष कर्जा सुविधा बैंकका देशभर रहेका एक सय ७६ वटै शाखाबाट उपलब्ध हुने बताइएको छ।

# एनएमबिको अनलाइन कर्जा ट्र्याकिङ प्रणाली सञ्चालनमा




**काठमाडौं**/ एनएमबि बैंकले अनलाइन कर्जा आवेदन तथा ट्र्याकिङ प्रणाली सञ्चालनमा ल्याएको छ। यो नयाँ व्यवस्थासँगै ग्राहकले अब बैंक धाउनुपर्ने र कागजी प्रक्रिया पूरा गर्नुपर्ने झन्झटबाट मुक्ति पाउने बताइएको छ।

नयाँ डिजिटल पोर्टलमार्फत ग्राहकले जुनसुकै स्थान वा डिभाइसबाट सजिलै कर्जाका लागि आवेदन दिन र आफ्नो आवेदन कुन चरणमा पुगेको छ भनी रियल-टाइममा ट्र्याक गर्न सक्नेछन्। यसले कर्जा स्वीकृत हुने समय घटाउनुका साथै सम्पूर्ण प्रक्रियालाई पारदर्शी, सरल र वातावरणमैत्री बनाउने बैंकको विश्वास छ। बैंकका अनुसार आधुनिक तथा कागजरहित बैंकिङ सेवा प्रवर्द्धन गर्ने लक्ष्यका साथ यो सेवा सुरु गरिएको हो। सम्पूर्ण कर्जा प्रक्रियालाई डिजिटलाइज गरी ग्राहकको अमूल्य समय बचत गर्न र दिगो तथा प्रविधिमैत्री बैंकिङ सेवा प्रदान गर्न सधैँ प्रतिबद्ध रहेको बैंकले जनाएको छ। एनएमबिले देशभरका एक सय ९७ शाखा, एक सय ७६ एटिएम र नौवटा एक्सटेन्सन काउन्टरमार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

# कुमारी बैंक र हेल्भेटासबिच सम्झौता

**काठमाडौं**/ कुमारी बैंक लिमिटेड र हेल्भेटास स्विस इन्टरकोअपरेसन नेपाल (हेल्भेटास नेपाल)सँग समझदारी भएको छ। यो साझेदारीको मुख्य उद्देश्य नेपालको उदाउँदो हरित अर्थतन्त्रमा संलग्न सूक्ष्म उद्यमी, कृषक, युवाद्वारा सञ्चालित व्यवसाय तथा मूल्य शृंखला साझेदारको वित्तीय पहुँच विस्तार गर्नुका साथै व्यवसाय विकाससम्बन्धी सहयोग उपलब्ध गराउनु रहेको बताइएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख मार्केटिङ तथा लगानी अधिकृत चन्दन कार्की र हेल्भेटास नेपालका कन्ट्री डाइरेक्टर मनीष प्रधानले औपचारिक रूपमा हस्ताक्षर गरेका हुन्। यससँगै दुवै संस्थाले हरित उद्यम तथा हरित मूल्य शृंखलामा आधारित व्यवसायका लागि वित्तीय पहुँच विस्तार र मूल्य शृंखला वित्तीयकरणलाई प्राथमिकतामा राख्नेछन्। समावेशी आर्थिक विकास, उद्यम प्रवर्द्धन तथा मूल्य शृंखला सुदृढीकरणमा हेल्भेटास नेपालको अनुभवलाई बैंकको वित्तीय विशेषज्ञता, सेवा तथा व्यापक पहुँचसँग जोडेको बताइएको छ।

बैंकका दिगो बैंकिङ प्रमुख अर्पण पौडेलले हरित उद्यमका विकासका लागि प्रयत्नरत व्यवसाय तथा उद्यमीलाई वित्तीय स्रोतसँगै आवश्यक व्यावसायिक क्षमता विकासमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

# नेपाल इन्स्योरेन्स फुटसल प्रतियोगिता आयोजना हुँदै

**काठमाडौं**/ नेपाल इन्स्योरेन्स कम्पनीले स्थापनाको ७९औँ वर्ष पूरा गरी ८० वर्षमा प्रवेश गरेको अवसरमा दोस्रो नेपाल इन्स्योरेन्स फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ। कम्पनीको ७९औँ वार्षिकोत्सवको अवसरमा आगामी ३ असोजमा सामाखुसी फुटसलमा प्रतियोगिता आयोजना गर्न लागिएको हो। प्रतियोगितामा नेपाल बिमा प्राधिकरणलगायत सम्पूर्ण जीवन बिमा, निर्जीवन बिमा, लघु बिमा तथा पुनर्बिमा कम्पनीका कर्मचारीहरूको सहभागिता रहने बताइएको छ। कम्पनीका अनुसार प्रतियोगिताको मुख्य उद्देश्य मनोरञ्जनसँगै बिमा क्षेत्रसँग सम्बन्धित कर्मचारीहरूबिच आपसी समन्वय, सद्भाव, आत्मविश्वास तथा स्वस्थ जीवनशैलीसम्बन्धी चेतनाको विकास गर्नु हो।

**मोटरसाइकल हरायो**

मिति २०८३/५/२ गते अ. १६:०० बजे देखि १८:०० बजेको समयमा का.जि. का.म.न.पा.-६ चुच्चेपाटीबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

**नाम : हुलास फिन सर्भ हायर पर्चेस लि. (ऋणी: बसन्त लामा)**
मो.सा.नं.: बा.प्र. ०२ ०६० प १४४७
चेसिस नं.: MD2A13EX7SCC84394
इन्जिन नं.: DKXCSC28674
सम्पर्क न.: 9841752922


# लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०५/०५**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्बन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गराइन्छ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानून बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति लगायत ऋणी लगायत सम्बन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : बट्टार, नुवाकोट**

**ऋणीको नाम :** राम बहादुर श्रेष्ठको बुहारी, नारायण श्रेष्ठको श्रीमती, नुवाकोट जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ५ भई हाल विदुर न.पा. वडा नं. १३ बस्ने **ज्ञानी नेवार** (ना.प्र.नं. ११९०९६, जि.प्र.का. नुवाकोट, जारी मिति २०६०/०८/०८)।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** लक्ष्मी नारायण श्रेष्ठको नाति, मेहर मान श्रेष्ठको छोरा, नुवाकोट जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ५ भई हाल विदुर न.पा. वडा नं. १३ बस्ने **राम बहादुर श्रेष्ठ** (ना.प्र.नं. १००, जि.प्र.का. नुवाकोट, जारी मिति २०४३/०८/२३)।

**व्यक्तिगत जमानतकर्ता :** मेहर मान श्रेष्ठको नाति, राम बहादुर श्रेष्ठको छोरा, नुवाकोट जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ५ भई हाल विदुर न.पा. वडा नं. १३ बस्ने **नारायण श्रेष्ठ** (ना.प्र.नं. ६३९६४, जि.प्र.का. नुवाकोट, जारी मिति २०५९/१२/२७)।

**धितो सुरक्षणको विवरण : व्यक्तिगत तथा धितो जमानतकर्ता राम बहादुर श्रेष्ठ**को नाममा मालपोत कार्यालय विदुर, नुवाकोटको लगतमा दर्ता श्रेष्ता कायम रहेको नुवाकोट जिल्ला, साविक कल्याणपुर गा.वि.स. वडा नं. ७ (हाल नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. १३) स्थित कि.नं. १४४७ को क्षेत्रफल ३-७-३-३ (रोपनी) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालय : चुरे, कैलाली**

**ऋणीको नाम :** रुद्र बहादुर चन्दको नातिनी, इन्द्र बहादुर चन्दको छोरी, कैलाली जिल्ला, सहजपुर गा.वि.स. वडा नं. ९ भई हाल चुरे गा.पा. वडा नं. ३ बस्ने **विमला कुमारी चन्द शाह** (ना.प्र.नं. ६७-१७-७०-००६६८, जि.प्र.का. कैलाली, जारी मिति २०७०/०२/१८)।

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** पदम बहादुर शाहको नाति, हर्क बहादुर शाहको छोरा, बिमला कुमारी चन्द शाहको श्रीमान, कैलाली जिल्ला, सहजपुर गा.वि.स. वडा नं. ९ भई हाल चुरे गा.पा. वडा नं. ३ बस्ने **पृथ्वी विक्रम शाह** (ना.प्र.नं. ८७३६, जि.प्र.का. कैलाली, जारी मिति २०५२/१०/०३)।

**ख.** जगनाथ पौडेलको नातिनी, भिम नाथ पौडेलको छोरी, हर्क बहादुर शाहको श्रीमती, कैलाली जिल्ला, सहजपुर गा.वि.स. वडा नं. ९ भई हाल चुरे गा.पा. वडा नं. ३ बस्ने **देव कुमारी शाह** (ना.प्र.नं. २११, जि.प्र.का. कैलाली, जारी मिति २०४३/११/१२)।

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता विमला कुमारी चन्द शाह**को नाममा मालपोत कार्यालय कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, चौमाला गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १०७ नक्सा सिट नं. ०२७/०५४१ को क्षेत्रफल १,८१५.०० (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालय : धनगढी लक्ष्मी नारायणचोक, कैलाली**

**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन,२०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलालीमा दर्ता नं. ६८२८/१२७, मिति २०६९/०७/०१ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय, धनगढी, कैलाली, पान नं.६००७८०६१४ भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ स्थित **न्यू गणेश ईटा उद्योग**।

**प्रोप्राइटर तथा धितो जमानतकता :** गुरु दयाल महतोको बुहारी, मनोज कुमार महतोको पत्नी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. २ बस्ने **कृष्णा कुमारी बिष्ट** (ना.प्र.नं. ४८७७५, जि.प्र.का. कैलाली, जारी मिति २०५९/०३/३२)।

**व्यक्तिगत जमानतकर्ता :** भण्डारी महतोको नाति, गुरु दयाल महतोको छोरा, कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १ भई हाल धनगढी उ.म.न.पा. वडा नं. २ बस्ने **मनोज कुमार महतो** (ना.प्र.नं. १६३१८, जि.प्र.का. कैलाली, जारी मिति २०५०/०७/२४)।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता कृष्णा कुमारी बिष्ट**को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, उर्मा गा.वि.स./न.पा. वडा नं. १ र ६, नक्सा सिट नं. ०२७/०८१६ स्थित कित्ता नं. ११८, २६८ र २७० को क्षेत्रफल क्रमशः २७१५.४८, १३५४.५२ र ३३८.६३ (ब.मी.) तथा कैलाली जिल्ला, धनगढी गा.वि.स./न.पा. वडा नं. २, नक्सा सिट नं. ०२७०८०७१ स्थित कित्ता नं. ५४ को क्षेत्रफल १६७६.५० (ब.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२.** यस बैंकको नाममा दर्ता कायम रही **ऋणी न्यू गणेश ईटा उद्योग** जनिएको मोडेल LPK1618 TC/36 च्यासिस नं. MAT449019J2R25478 इन्जिन नं. 81K63741894 भएको सवारी दर्ता नं. सु.प.पू.०१-००१ क १८७२ को भाडा/निजी सवारी साधन थान १।

**३.** बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**शाखा कार्यालय : गौर, रौतहट**

**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय/विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा दर्ता नं. ६६५५/४५५/१०३/४९ मिति २०७५/०८/०४ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय गौर पान नं. ६०८७७४३२१ भएको रौतहट जिल्ला, राजपुर न.पा. वडा नं. १ स्थित **आलम ट्रेडर्स**।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता :** शेख इसुफको नाति, शेख हदिसको छोरा, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स. वडा नं. ३ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **शेख महमद वसिर आलम** (ना.प्र.नं. ६०६, जि.प्र.का. रौतहट, जारी मिति २०५४/०५/०५)।

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** शेख हदिसको बुहारी, शेख महमद वसिर आलमको पत्नी, रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स. वडा नं. ३ भई हाल राजपुर न.पा. वडा नं. १ बस्ने **सदरुन नेसा** (ना.प्र.नं. ५३०, जि.प्र.का. रौतहट, जारी मिति २०६२/११/२३)।

**व्यक्तिगत जमानतकर्ता :** शेख हदिसको नाति, शेख महमद वसिर आलमको छोरा, रौतहट जिल्ला, राजपुर न.पा. वडा नं. १ बस्ने अजहर **हुसैन मदनी** (ना.प्र.नं. ३२-०१-७५-०२१०३, जि.प्र.का. रौतहट, जारी मिति २०७५/०३/१२)।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता सदरुन नेसा**को नाममा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, पिप्रा भगवानपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ९७४ को क्षेत्रफल ०-१-४-० (बिगाह) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२.** बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : अमरसिंह, पोखरा**

**ऋणीको नाम :** कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता नं. २७९००५/०७८/०७९ मिति २०७८/०८/२१ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय ६१०१६६१२९ भई कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १४ मा रजिष्टर्ड/दर्ता भएको **दुगड निर्माण सामाग्री सप्लायर प्रा.लि.**।

**संचालक तथा धितो जमानतकर्ता :** राज सिंह दुगडको नाति, विकाश दुगडको छोरा, रुपन्देही जिल्ला, बोगडी न.पा./गा.पा. वडा नं. ८ भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ८ बस्ने **दिग्विजय दुगड** (ना.प्र.नं. ३७३०६४/६६, जि.प्र.का. रुपन्देही, जारी मिति २०७०/०२/३०)।

**व्यक्तिगत जमानतकर्ता :** पुनम चन्द दुगडको नाति, राज दुगडको छोरा, रुपन्देही जिल्ला, बोगडी न.पा./गा.पा. वडा नं. ८ भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ८ बस्ने **विकाश दुगड** (ना.प्र.नं. ३७३०६४/१४९, जि.प्र.का. रुपन्देही, जारी मिति २०६३/११/२९)।

**धितो सुरक्षणको विवरण :**

**१. धितो तथा व्यक्तिगत जमानतकर्ता दिग्विजय दुगड**को नाममा मालपोत कार्यालय भैरहवाको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, धकधई, गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सिट नं. ६ ख स्थित कित्ता नं. ९५७ र ९५८ को क्षेत्रफल क्रमशः १६९.३२ र ३१३.२४ (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**शाखा कार्यालय : पर्सा, चितवन**

**ऋणीको नाम :** खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खैरहनी, चितवन नेपालमा द.नं. ५५११ मिति २०७९/०९/२० मा दर्ता भएको आन्तरिक राजश्व कार्यालय, भरतपुर स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१९२१२४४७ भएको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. १२ स्थित **थपलिया कृष्ण कृषि फर्म**।

**प्रोप्राईटरको विवरण :** भागिरथ थपलियाको नाति, तथा रामचन्द्र थपलियाको छोरा, चितवन जिल्ला, कुमरोज गा.वि.स./न.पा. वडा नं. ६ भई हाल खैरहनी न.पा. वडा नं. १२ बस्ने **कृष्ण प्रसाद थपलिया** (ना.प्र.नं. ४००४/०५८, जि.प्र.का. चितवन, जारी मिति २०५८/०६/१४)।

**व्यक्तिगत जमानतकर्ता :** हरी प्रसाद तिमल्सीनाको छोरी, रामचन्द्र थपलियाको बुहारी, कृष्ण प्रसाद थपलियाको श्रीमती, चितवन जिल्ला, कुमरोज गा.वि.स./न.पा. वडा नं. ६ भई हाल खैरहनी न.पा. वडा नं. १२ बस्ने **सरिता थपलिया** (ना.प्र.नं. ३५-०१-७०-००६७३, जि.प्र.का. चितवन, जारी मिति २०७०/०९/२३)।

**धितो सुरक्षणको विवरण :**

**१. धितो जमानतकर्ता कृष्ण प्रसाद थपलिया**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कुमरोज गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सिट नं. ६ ख स्थित कित्ता नं. २४२ को क्षेत्रफल ६८९.९६ (व.मि.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२.** बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**शाखा कार्यालय : लहान, सिरहा**

**१. ऋणीको नाम :** नन्दी लाल महतोको बुहारी, राम विलास महतोको पत्नी, सिरहा जिल्ला, लहान न.पा. वडा नं. १३ बस्ने **राधा कुमारी महतो** (ना.प्र.नं. १५२००५/२४५६८, इ.प्र.का. लहान, जारी मिति २०७३/०९/२५)।

**व्यक्तिगत जमानतकर्ता :** सर्जुग महतोको बुहारी, धनराज महतोको पत्नी, सिरहा जिल्ला, दुर्गापुर गा.वि.स. वडा नं. १ भई हाल गोलबजार न.पा. वडा नं. १३ बस्ने **रम्भा महतो** (ना.प्र.नं. ६६७/५३५१/१, जि.का. सिरहा, जारी मिति २०४५/०२/१०)।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता राधा कुमारी महतो**को नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, बस्तीपुर वडा नं. ३, नक्सा सिट नं. ३ क स्थित कित्ता नं. ५५३ को क्षेत्रफल ०-१-७ (विगाहा) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२. संयुक्त ऋणीको विवरण :**

**क.** नवैत महतोको नाति, उमा महतो कोईरीको छोरा, सिरहा जिल्ला, फुलकाहाकट्टी न.पा./गा.वि.स. वडा नं. ३ भई हाल धनगढीमाई न.पा. वडा नं. ६ बस्ने **रमेश कुमार सिंह** (ना.प्र.नं. ना.वा. ३९०/६, जि.प्र.का. सिराहा, जारी मिति २०५१/१२/०८)।

**ख.** उमा महतो कोईरीकी बुहारी, गणपत महतो कोइरीकी छोरी, रमेश कुमार सिंहकी पत्नी, सिरहा जिल्ला, फुलकाहाकट्टि गा.वि.स. वडा नं. ३ भई हालधनगढीमाई न.पा. वडा नं. ६ बस्ने **रेखा कुमारी महतो** (ना.प्र.नं. ०३४६२२४६/४८४१०, जि.प्र.का. सिरहा, जारी मिति २०६०/०८/०४)।

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणीमध्येको जग्गाधनी रेखा कुमारी महतो**को नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ५८ र ६४१ को क्षेत्रफल क्रमशः ०-४-१२ र ०-१-१५ (विगाहा) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालय : फिदिम, पाँचथर**

**संयुक्त ऋणीको नाम :**

**क.** नामाहाङ लोवाको नाति, देवी बहादुर लोवाको छोरा, पाँचथर जिल्ला, याङनाम गा.वि.स. वडा नं. ६ भई हाल फिदिम न.पा. वडा नं. १० बस्ने **महेन्द्र कुमार लोवा** (ना.प्र.नं. ६३९, जि.प्र.का. पाँचथर, जारी मिति २०४०/०९/१८)।

**क.** देवी बहादुर लोवाको नाति, महेन्द्र कुमार लोवाको छोरा, पाँचथर जिल्ला, फिदिम न.पा. वडा नं. १० बस्ने **ववीन्द्र लोवा** (ना.प्र.नं. ०२-०१-८०-००१७०, जि.प्र.का. पाँचथर, जारी मिति २०८०/०१/२०)।

**व्यक्तिगत जमानतकर्ता :** देवी बहादुर लोवाको बुहारी, मन नारायण योङहाङको छोरी, महेन्द्र कुमार लोवाको पत्नी, पाँचथर जिल्ला, याङनाम गा.वि.स. वडा नं. १ भई हाल फिदिम न.पा. वडा नं. १० बस्ने **देउ कुमारी लोवा** (ना.प्र.नं. ०२३०१४/३२५, जि.प्र.का. पाँचथर, जारी मिति २०७०/०२/२७)।

**धितो सुरक्षणको विवरण : संयुक्त ऋणी मध्ये धितो जमानतकर्ता महेन्द्र कुमार लोवा**को नाममा मालपोत कार्यालय पाँचथरको लगतमा दर्ता श्रेष्ता कायम रहेको पाँचथर जिल्ला, याङनाम गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सिट नं. ६ ग स्थित कित्ता नं. २२, २०, ३१, २३ र २९ को क्षेत्रफल क्रमशः ४-४-३-२, १-९-३-३, ९-१३-१-२,२-७-१-१ र ०-९-१-३ (रोपनी) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शाखा कार्यालय : हेटौंडा, मकवानपुर**

**ऋणीको नाम :** अशोक श्रेष्ठको बुहारी, कृष्ण बहादुर श्रेष्ठको छोरी, अभिषेक श्रेष्ठको पत्नी, मकवानपुर जिल्ला, पदमपोखरी गा.पा. वडा नं. ८ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **करुणा थिङ** (ना.प्र.नं. १८/१३७९८, जि.प्र.का. मकवानपुर, जारी मिति २०६१/०१/२१)।

**व्यक्तिगत जमानतकर्ता :** सानु भाई श्रेष्ठको नाति, अशोक श्रेष्ठको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ३ भई हाल हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **अभिषेक श्रेष्ठ** (ना.प्र.नं. ३०/२१३१३, जि.प्र.का. मकवानपुर, जारी मिति २०६१/१२/२८)।

**धितो सुरक्षणको विवरण : ऋणी तथा धितो जमानतकर्ता करुणा थिङ**को नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.पा. वडा नं. ८ स्थित कि.नं. ४८८ को क्षेत्रफल ०-३-० (बिगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो। जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited


लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

■ २०औँ एसियाडको तयारी पूरा

# ४५ राष्ट्रका ११ हजार खेलाडीले प्रतिस्पर्धा गर्ने

जापानको आइची र नागोया सहरमा आयोजना हुने एसियन खेलकुद प्रतियोगिता सुरु हुन एक महिना बाँकी रहँदा बिहीबार विभिन्न उत्सव मनाइएको छ

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका



एसिया महादेशको 'मिनी ओलम्पिक'का रूपमा रहेको एसियन खेलकुद प्रतियोगिता (एसियाड) आउन एक महिना बाँकी रहेको छ। यसपटक २०औँ संस्करणको एसियाड जापानमा हुँदै छ। जापानको आइची र नागोया सहरमा एसियाड १९ सेप्टेम्बरदेखि ४ अक्टोबरसम्म अयोजना हुनेछ। लगातार १६ दिनसम्म चल्ने प्रतियोगितामा ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)मा आबद्ध राष्ट्रहरूले प्रतिस्पर्धा गर्नेछन्। ओसिएका अनुसार एसियाका ४५ राष्ट्रबाट लगभग ११ हजार खेलाडीले विभिन्न इभेन्ट्समा प्रतिस्पर्धा गर्नेछन्। आयोजक जापानले प्रतियोगिताको सबै तयारी पूरा भइसकेको जनाएको छ।

यसैबिच ओसिए र आयोजक सहरहरू आइची र नागोयाले एक कार्यक्रमबिच उत्सव मनाएका छन्। मुख्य आयोजक समितिले टोकियो अन्तर्राष्ट्रिय रंगशालामा एसियाड आउन एक महिना बाँकी रहेको अवसरमा उत्सव मनाएको हो। सो उत्सव कार्यक्रममा जापानका लागि ओलम्पिक खेलकुद प्रतियोगितामा पदक दिलाएका खेलाडीलाई आमन्त्रण गरिएको थियो। एमयुएफजी रंगशालामा आइचीका गर्भनर हिडेकी ओमुरा र जापान ओलम्पिक कमिटीका अध्यक्ष सेइको हासिमोटोले आगामी एसियाडलाई भव्य बनाउने दाबी गरेका थिए।

जापानिज स्पिन्टर योसिहिडे कियुले एसियाडको टच बोकेका थिए। सन् २०२३ मा चीनको हाङझाउमा भएको १९औँ संस्करणको एसियाडमा जापानले ट्र्याक एन्ड फिल्डमा दुई स्वर्णसहित १७ पदक जितेको थियो। जापानले यसपटक यस विधामा उत्कृष्ट प्रदर्शन हुने जनाएको छ। आयोजक जापानले सबै खेलमा सहभागिता जनाउनेछ। ६ हजार पदाधिकारी सहभागी हुने एसियाडमा जापानले ४३ खेलमा प्रतिस्पर्धा गर्नेछ। खेलाडीले चार सय ६९ स्पर्धामा भाग लिनेछन्। उनीहरूले एक हजार चार सय सात पदकका लागि भिड्नेछन्।

### जापानमा तेस्रोपटक आयोजना

जापानको यो तेस्रोपटक एसियाड आयोजना हो। सन् १९५८ मा जापानले पहिलोपटक एसियाड आयोजना गरेको थियो। जापानले दोस्रोपटक एसियाड आयोजना गर्न ३६ वर्ष प्रतीक्षा गर्‍यो। सन् १९९४ मा हिरोसिमामा प्रतियोगिता भएको थियो। त्यसवेला ओसिएले हिरोसिमाबाट शान्तिको सन्देश फैलाउन प्रतियोगिता आयोजना गर्न दिएको थियो। हिरोसिमामा आयोजित एसियाडले विश्वमा शान्ति फैलाउनुपर्ने मुख्य नारा राखेको थियो। ३२ वर्षपछि फेरि एसियाड आयोजना गर्न पाएको जापानले 'एक एसियाको कल्पना' भनेको छ।

'इम्याजिन वन एसिया' आधिकारिक नारासहित आइची र नागोया एसियाड हुने ओसिएले जनाएको छ। ओसिएका अध्यक्ष शेख जोआन थानीले ओलम्पिक परिवारभित्रको एसियाडको माध्यमबाट एसियामा एकताबद्ध गर्ने र सबैले साझा दृष्टिकोण हात पार्ने बताए। 'जापानले विगतको वर्षमा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्दै आइरहेको छ। यसपटक उनीहरूले एसियाड गर्दै छन्,' थानीले भने, 'आइची र नागोयामा हुने प्रतियोगिताले खेल क्षेत्रमा नयाँ मापदण्ड स्थापित गर्नेमा विश्वस्त छु। यसले आगामी पुस्तालाई प्रेरणा दिनेछ।'

### तीन सय ७० बिलियन यान बजेट

जापानले तेस्रोपटक एसियाड आयोजना गर्ने अवसर पाउँदा यसको बजेट तीन सय ७० बिलियन यान छुट्याएको छ। चार वर्षअघि हाङझाउबाट आयोजकको झन्डा बोकेर आएका आइची र नागोयाले प्रतियोगिता उत्कृष्ट बनाउन बजेटमा कुनै कमी नआउने जनाएका थिए।

'योपटकको एसियाड अरूभन्दा फरक हुनेछ। हामीले यहाँ तीन सय ७० बिलियन यानभन्दा माथि खर्च गरेका छौँ,' आयोजकका अध्यक्ष हासिमोटोले भने, 'प्रतियोगिता समाप्तिपछि विश्वले २०औँ संस्करणको मूल्यांकन गर्नेछ।' जापानले प्रतियोगिताका लागि १० हजार दुई सय स्वयंसेवक परिचालन गर्नेछ। आइची र नागोयामा प्रतियोगिताको उद्घाटन हुनेछ।

### नेपालबाट २२ खेलमा एक सय ३६ खेलाडी

नेपालले निरन्तर रूपमा एसियाडमा सहभागिता जनाइरहेको छ। नेपालले यसटपक समग्रमा एक सय ३६ खेलाडीलाई जापानमा सहभागिता गराउँदै छ। नेपाल ओलम्पिक कमिटीका अनुसार नेपालबाट पुरुषतर्फ ८० र महिलातर्फ ५६ खेलाडी सहभागी हुनेछन्। नेपालले अहिलेसम्म एसियाडमा तीन रजत पदक जितेको छ। सन् १९९८ मा बैंककमा भएको एसियाडमा तेक्वान्दोकी सविता राजभण्डारीले पहिलोपटक नेपाललाई ऐतिहासिक रूपमा रजत पदक दिलाएकी थिइन्। त्यसको २० वर्षपछि (सन् २०१८) मा जाकार्तामा भएको १८औँ संस्करणमा प्याराग्लाइडिङले टिम इभेन्ट्समा रजत हात पारेको थियो।

सन् २०२३ को संस्करणमा कराँतेकी एरिका गुरुङले रजत पदक जितेकी थिइन्। नेपालले लगातार दुई एसियाडमा रजत जितेको पहिलोपटक थियो। यसपटक नेपालबाट सहभागीमध्ये आर्चरीमा समान एक पुरुष र महिला खेलाडी रहेका छन्। यसैगरी, साइक्लिङमा समान एक पुरुष र महिला रहेका छन्। डान्स एन्ड स्पोर्ट्स्मा एक पुरुष खेलाडी सहभागी हुनेछन्।

# मोन्टीले दिए क्यानडाको मुख्य प्रशिक्षकबाट राजीनामा

क्यानेडियन क्रिकेट संघले १५ अगस्टमा मुख्य प्रशिक्षकको आवेदन खुलाएपछि मोन्टी देसाईले सोसल मिडियाबाट छाडे पद



एजेन्सी

मोन्टी देसाईले क्यानडाको राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकबाट राजीनामा दिएका छन्। मोन्टीले आसन्न विश्वकप लिग-२ मा नेपाल र ओमानविरुद्धको सिरिजआगाडि एक्कासि पदबाट हटेको सोसल मिडियाबाट जानकारी दिएका हुन्। उनले सामाजिक सञ्जालमार्फत बिदाइको पुष्टि गर्दै धन्यवाद दिएका छन्। विश्वकप लिग-२ मा क्यानडाको चार खेल बाँकी छ। क्यानडा अहिले २५ अंकका साथ पाँचौँ स्थानमा छ।

क्यानेडियन क्रिकेट संघले गत साता मुख्य प्रशिक्षकका लागि आवेदन खुलाएको थियो। १५ अगस्टमा प्रशिक्षक पदका लागि आवेदन खुला भएपछि मोन्टी पदबाट हटेका हुन्। मोन्टी र देसाईबिचको दोस्रोपटकको सहकार्य केवल तीन महिना मात्र रह्यो। क्यानडाले उनलाई गत मेमा दोस्रोपटक राष्ट्रिय टोलीको मुख्य प्रशिक्षक नियुक्त गरेको थियो। उनले विश्वकप लिग-२ अन्तर्गत घरेलु मैदान र स्कटल्यान्डमा भएका दुई त्रिकोणात्मक सिरिजमा टोलीको जिम्मेवारी सम्हालेका थिए।

क्यानडा अहिले सन् २०२७ एकदिवसीय विश्वकपको क्वालिफायर प्लेअफनजिक छ। मोन्टीले दोस्रोपटकको प्रशिक्षण अवधि छोटो रहे पनि अर्थपूर्ण भएको बताएका छन्। 'योपटक छोटो समय थियो, तर यसलाई मैले अर्थपूर्ण रूपमा लिएको छु,' मोन्टीले भनेका छन्, 'क्यानडाको क्रिकेट विकास विश्वास र सामूहिक जिम्मेवारीबाट निर्माण भएको हो। आजको दिनसम्म मलाई सहयोग गर्ने खेलाडी, सहयोगी स्टाफ र यो यात्रामा साथ दिने सबैलाई धन्यवाद छ।'

नेपाली क्रिकेटमा मोन्टी प्रसिद्धि कमाएका प्रशिक्षक हुन्। उनले नेपालको सिनियर टोलीमा मुख्य प्रशिक्षकका रूपमा काम गरेका थिए। चार वर्षअघि उनकै प्रशिक्षणमा नेपालले आइसिसी विश्वकप लिग-२ को तेस्रो स्थान रक्षा गर्दै विश्वकप क्वालिफायरमा स्थान बनाएको थियो। देसाईले नेपाललाई प्रशिक्षण दिनुअघि विश्वकप लिग-२ मा नेपाल कठिन मोडमा थियो। त्यसवेला नेपालको एकदिवसीय मान्यता गुम्ने अवस्था थियो। यसैबिच उनले नेपाललाई अविस्मरणीय रूपमा अन्तिम १२ मध्ये ११ खेलमा जित दिलाउँदै नेपालको विश्वकप ग्लोबल छनोटसँगै चार वर्षका लागि एकदिवसीयसमेत रक्षा गरेका थिए।

### नेपाललाई १० वर्षपछि विश्वकप पुर्‍याएका प्रशिक्षक

मोन्टीको प्रशिक्षणमा नेपालले सन् २०२४ को आइसिसी टी-२० विश्वकपको स्थान पक्का गरेको थियो। सन् २०१४ पछि नेपालले टी-२० विश्वकप खेल्दा १० वर्ष लगाएको थियो। दुई वर्षअघि अमेरिका र वेस्ट इन्डिजले आयोजना गरेको टी-२० विश्वकपमा नेपालले टेस्ट मान्यता राष्ट्रविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो। दक्षिण अफ्रिकासँग अन्तिम ओभरमा नेपाल एक रनले चुकेको थियो। यस खेलमा विजयी दक्षिण अफ्रिकाको भन्दा नेपालको चर्चा विश्व क्रिकेटले गरेको थियो। नेपाल क्रिकेट संघ (क्यान)सँगको आन्तरिक कारणले उनले पछिल्लो सिजन मात्र पदबाट राजीनामा दिएका थिए। मोन्टीसँग दुई दशकभन्दा बढीको अन्तर्राष्ट्रिय प्रशिक्षण अनुभव छ। उनले आफ्नो करिअरमा नेपालबाहेक युएई र अफगानिस्तानका राष्ट्रिय टोलीलाई मुख्य प्रशिक्षकका रूपमा प्रशिक्षण दिएका थिए। उनले तीन वर्ष नेपाललाई प्रशिक्षण गरेका थिए।

### नयाँ प्रशिक्षकको खोजीमा क्यानडा

मोन्टी प्रशिक्षकबाट बाहिरिएलगत्तै क्यानडाले आगामी विश्वकप लिग-२ का लागि नयाँ प्रशिक्षकको खोजी गरेको छ। क्यानडाले आगामी २८ अगस्टसम्म नयाँ प्रशिक्षकका लागि आवेदन दिन सकिने जनाएको छ। क्यानडाले विश्वकप लिग-२ को अर्को सिरिज आगामी ९ अक्टोबरमा ओमानमा खेल्ने तालिका छ। जहाँ उसले ओमान र नेपालको सामना गर्नेछ। दोस्रोपटकको कार्यकालमा क्यानडाको क्रिकेट निकै कठिन र विवादित बनेको छ। सन् २०२६ को टी-२० विश्वकपमा क्यानडाले आफ्ना सबै चार खेल गुमाएको थियो।

क्यानडा र न्युजिल्यान्डबिचको खेलमा म्याच फिक्सिङ भएको आशंकामा आइसिसीको एन्टी-करप्सन युनिटले अनुसन्धान सुरु गरेको छ। यसैगरी, आइसिसीको सदस्यतासम्बन्धी नियमको गम्भीर उल्लंघन गरेको भन्दै आइसिसीले गत मेमा क्यानडालाई दिने बजेट रोक्का गरेको थियो। अहमदाबादमा भएको आइसिसीको बैठकले क्रिकेट क्यानडाको एसोसिएट सदस्यता नै निलम्बन गर्‍यो। अहिले पनि क्यानडाको बोर्ड निलम्बनमै छ। क्यानडाले सदस्यता फिर्ता लिन आइसिसीका सर्त पालना गर्नुपर्नेछ।

## खेल संक्षेप

### अवार्डलाई इम्बार्क कलेजको साथ



**काठमाडौं**/ नेपाल खेलकुद पत्रकार मञ्चको आयोजनामा हुने एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड २०८२ ले इम्बार्क कलेजको साथ पाएको छ। एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डको २३औँ संस्करण आगामी १८ भदौमा हुँदै छ। इम्बार्क कलेज अवार्डमा एजुकेसन पार्टनरका रूपमा रहेको छ। मञ्चले छनोट गर्ने एकजना राष्ट्रिय खेलाडीलाई इम्बार्क कलेजले स्नातक वा स्नातकोत्तर तहको पूर्ण छात्रवृत्ति (अधिकतम १८ लाखसम्मको) प्रदान गर्नेछ। मञ्चको एनएसजेएफ एकेडेमीले आयोजना गर्ने रिसर्च, तालिम तथा मेन्टरसिप कार्यक्रममा इम्बार्क कलेजले सहयोग गर्नेछ। सम्झौतापत्रमा मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र इम्बार्क कलेजका कार्यकारी निर्देशक तथा सिइओ आशिष ठाकुरका तर्फबाट नीरज न्यौपानेले हस्ताक्षर गरे।

### एभर राइजले कर्णाली याक्ससँग सहकार्य गर्ने

**काठमाडौं**/ कर्णाली याक्सका लागि एभरराइज स्पोर्टस् प्रालि एपरेल पार्टनरका रूपमा आबद्ध भएको छ। तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल)का लागि कर्णाली याक्सका क्रिकेट निर्देशक ज्ञानेन्द्र मल्ल र एभर राइज स्पोर्टस् प्रालिका निर्देशक शेख मोहम्मद सभमनले बिहीबार सम्झौतापत्रमा हस्ताक्षर गरे। सम्झौतासँगै कर्णालीले तेस्रो सिजनमा एभर राइजको पोसाक लगाउनेछ। गत संस्करणमा पनि एभर राइज नै कर्णालीको एपरेल पार्टनर रहेको थियो। एभर राइज भारतीय स्पोर्टस् वेयर कम्पनी हो। कर्णालीका निर्देशक मल्लले लगातार दोस्रो वर्षको सहकार्यका लागि एभर राइजलाई धन्यवाद दिए। राइजका निर्देशक सभमनले लगातार दोस्रो वर्ष कर्णालीसँग आबद्ध हुन पाउँदा खुसी लागेको बताए।

### नेपालले विश्वकप हाप्किडोमा भाग लिने

**काठमाडौं**/ ११औँ विश्वकप हाप्किडो च्याम्पियनसिपमा नेपाली टोलीले प्रतिस्पर्धा गर्दै छ। विश्वकपमा सहभागी हुन दुई खेलाडीसहितको टोली बिहीबार दक्षिण कोरिया प्रस्थान गरेको छ। २२ अगस्टमा हुने विश्वकपमा पुरुष ८०-८४ केजीमा दीपक छन्त्यालले भाग लिनेछन्। महिलातर्फ मेग्मा गुरुङले ४८-५२ केजीमा प्रतिस्पर्धा गर्नेछिन्। दुई वर्षअघि थाइल्यान्डमा भएको १०औँ संस्करणमा मेग्माले रजत जितेको नेपाल हाप्किडो संघका अध्यक्ष कालीबहादुर घर्तीमगरले बताए। हाप्किडोको विश्व च्याम्पियनसिप दुई वर्षको अन्तरालमा हुने गरेको छ। खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव रामचरित्र मेहताले बिदाइ गरेका छन्।

### मार्बलस र रेडियन्ट सेमिफाइनलमा

**काठमाडौं**/ मार्बलस र रेडियन्ट पब्लिक १३औँ ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगिताको बिहीबार मार्बलसले संस्कृति इन्टरनेसनल स्कुललाई ६६-४० ले हराउँदै अन्तिम चार स्थान पक्का गरेको हो। अर्को क्वार्टरफाइनलमा रेडियन्टले इनोभेटिभलाई ४७-२४ ले पराजित गर्‍यो। महिलातर्फ सनसाइनले केभिएसलाई ४९-४४ तथा पुष्पसदनले गण्डकीलाई ५५-४५ ले हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे। जुनियर पुरुषमा एन्जल्स हार्टले नेपालयलाई ३९-२४ ले हराउँदै अन्तिम चार स्थान पक्का गर्‍यो। ज्ञान निकेतनले नवीन ज्योतिलाई ३१-२२ र इडेन ब्रिज एकेडेमी (इबिए) ले महामञ्जुश्रीलाई ५१-४६ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरेका छन्। सिनियर महिलामा भ्याली पब्लिकले केभिएसलाई २७-१४ ले हरायो।

## ■ पाकिस्तान १७१ रनमा अलआउट

**एजेन्सी**/ पाकिस्तान इंग्ल्यान्डविरुद्धको पहिलो टेस्टमा १७१ रनमा अलआउट भएको छ। प्रत्युत्तरमा बिहीबार इंग्ल्यान्डले आफ्नो पहिलो इनिङ्समा ६२ रनको अग्रता लिएको छ। लिड्समा चलिरहेको टेस्टमा पाकिस्तान पहिलो इनिङ्समा सस्तै रनमा समेटिँदा इंग्ल्यान्डका फास्ट बलर ओलिए रोबिन्सन तथा जोन टंगले समान पाँच विकेट लिएका थिए। ओलिएले ५१ रन र जोसले ४६ रन खर्चे। पाकिस्तानको ब्याटिङमा अब्दुल्लाह सफिकले सर्वाधिक ६१ रन र इमान उल हकले ४२ रन बनाए। कप्तान सलमान आघाले २१ रन बटुले।



### पोखरामा राइट टु प्रोटिन रन हुँदै

**नयाँ पत्रिका**

पाँचौँ संस्करणको राइट टु प्रोटिन रन २०२६ पोखरामा आयोजना हुने भएको छ। यसअघिका लगातार चार संस्करण काठमाडौंमा भएका थिए। यसपटक आयोजक नेपाल फिड इन्डस्ट्रिज एसोसिएसन (एनएफआइए)ले पोखरामा आयोजना गर्न लागेको जानकारी दिएको छ। आयोजकले आगामी ३ असोजमा पुरुष र महिलातर्फ हाफ म्याराथन दौड हुने जनाएको छ। आयोजकका अनुसार यसपटक दौडमा आठ विधामा प्रतिस्पर्धा हुनेछ।

खुला पुरुषतर्फ १० किलोमिटर र खुला महिलातर्फ पाँच किलोमिटरको दौड विधा समावेश छ। समग्रमा चार हजारभन्दा बढी धावक सहभागी हुने अपेक्षा गरिएको छ। पोषण, प्रोटिनको महत्त्व, शारीरिक तन्दुरुस्ती र स्वस्थ जीवनशैलीबारे जनचेतना फैलाउने उद्देश्यले दौड आयोजना गर्न लागिएको हो। १६ लाख रुपैयाँ पुरस्कार राशि रहेको प्रतियोगिताले पोखरालाई खेलकुद तथा स्वास्थ्य पर्यटनको गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने आयोजकको विश्वास छ।

एनएफआइएको आयोजनामा तथा युएस सोयाबिन एक्सपोर्ट काउन्सिल (युएसएसइसी)को मुख्य प्रायोजनमा हुने दौडलाई नेपाल एथलेटिक्स संघले प्राविधिक सहयोग गर्ने जनाइएको छ। कक्षा १२ सम्मका पुरुषका लागि पाँच किलोमिटर, महिलाका लागि तीन किलोमिटर तथा ह्विलचेयरतर्फ पुरुष र महिला दुवैका लागि तीन किलोमिटरको प्रतिस्पर्धा हुनेछ। प्रत्येक विधाका उत्कृष्ट पाँच धावकले नगदसहित पुरस्कार पाउनेछन्। दौड लेकसाइडस्थित वसुन्धरा पार्कबाट सुरु भएर हल्लनचोक, खहरे, सेदी, खपौंदी, पामे हुँदै पुनः वसुन्धरा पार्कमा सकिनेछ।

# इंग्लिस प्रिमियर लिग आजदेखि

२० क्लब सहभागी इंग्लिस प्रिमियर लिगमा साबिक विजेता आर्सनल, म्यानचेस्टर सिटी, लिभरपुल र चेल्सीलाई उपाधि दाबेदारका रूपमा हेरिएको छ

एजेन्सी

इंग्लिस प्रिमियर लिग २०२६/२७ को नयाँ सिजन शुक्रबारदेखि सुरु हुँदै छ। साबिक विजेता आर्सनलले घरेलु मैदानमा नवप्रवेशी कोभेन्ट्री सिटीविरुद्धको खेलसँगै नयाँ सिजनको इंग्लिस प्रिमियर लिग सुरु हुनेछ। मिकेल आर्टेटाको प्रशिक्षणमा रहेको आर्सनलले गत सिजनमा २२ वर्षको पर्खाइमा उपाधि हात पारेको थियो।

आर्सनलले गत सिजनको अन्तिम पाँच खेलमा जित निकाली दोस्रो स्थानमा रहेको म्यानचेस्टर सिटीलाई पछि पारेको थियो। २० क्लबबिच प्रतिस्पर्धा चलिरहँदा प्रशिक्षक अर्टेटासमक्ष उपाधि रक्षा चुनौती हुनेछ। आर्सनललाई नजिकको दूरीबाट म्यानचेस्टर सिटी, लिभरपुल र चेल्सीजस्ता क्लबले रोक्ने सम्भावना पनि उत्तिकै छ। इंग्लिस पण्डितहरूले आर्सनलकै दबदबा रहने र उपाधि जित्ने अनुमान गरेका छन्।

चेल्सीका पूर्वखेलाडी फ्रान्क लाम्पार्ड प्रशिक्षक रहेको कोभेन्ट्री पनि आर्सनललाई स्तब्ध बनाउने योजनामा छ। कम्युनिटी सिल्डमा आर्सनलले दमदार प्रदर्शन गर्दै सिटीलाई हराएको थियो। त्यसैले पनि आर्सनलको आक्रमणमा कोभेन्ट्रीले रक्षात्मक खेल प्रदर्शन गर्नेछ।



यसपटक लिगमा नयाँ कीर्तिमान बनिसकेको छ। नौ नयाँ प्रशिक्षकले यसपटक युरोपकै चर्चित र सर्वाधिक सफल लिगमा डेब्यु गर्दै छन्। लिग इतिहासमा सबैभन्दा धेरै क्लबले नयाँ प्रशिक्षक नियुक्त गरेको पहिलोपटक हो।

### नयाँ प्रशिक्षकलाई चुनौती

यसपटक म्यानचेस्टर सिटीले एन्जो मारेस्का, लिभरपुलले एन्डोनी इराओला, बर्नामाउथले मार्को रोज, चेल्सीले जाभी ओलोन्सो, क्रिस्टल प्यालेसले पिएर सागे, फुलह्यामले अल्भारो अल्बेलोआ, इसविच टाउनले ग्यारी ओनेइल, न्युक्यासलले म्याथिस जाइस्ली र नटिंघम फोरेस्टले ओलिभर ग्लास्नेरलाई अनुबन्ध गरेका छन्।

गत सिजनमा ३८ खेलबाट ८५ अंक जोड्दै आर्सनल च्याम्पियन बनेको थियो। अर्टेटाकै अहिले प्रिमियर लिगका सबैभन्दा अनुभवी र पुराना प्रशिक्षक हुन्। डिसेम्बर २०१९ मा आर्सनलको जिम्मेवारी सम्हालेका उनले सात वर्ष बिताइसकेका छन्। यसपटक प्रिमियर लिगका नयाँ प्रशिक्षक हुन्, एन्डोनी इराओला। आर्ने स्लटको बर्खास्तीपछि लिभरपुलले स्पेनिस प्रशिक्षक एन्डोनी इराओलालाई नियुक्त गरेको छ। इराओलाको पहिलो ६ वटै प्रिमियर लिग खेल नयाँ स्थायी प्रशिक्षक भएका टोलीविरुद्ध हुनेछ।

पेप ग्वार्डिओलाले गत सिजनको अन्त्यसँगै म्यानचेस्टर सिटीमा नरहने निर्णय गरेका थिए। एक दशकभन्दा बढी सिटीमा रहँदा ग्वार्डिओलाको विरासत धान्ने जिम्मेवारी एन्जो मारेस्काले पाएका छन्। मारेस्कालाई प्रिमियर लिग र च्याम्पियन्स लिग उपाधि पुनः जिताउने दबाब र अवसर दुवै हुनेछ।

चेल्सीले लियाम रोजेनियरको असफल कार्यकालपछि जाभी ओलोन्सोलाई अनुबन्ध गरेको हो। उनले जुलाई २०२६ बाट जिम्मेवारी पाएका हुन्। जाभीले खेलाडीका रूपमा प्रिमियर लिगको अनुभव बटुलिसकेका छन्। इंग्ल्यान्डका पूर्वखेलाडी माइकल क्यारिक १३ जनवरी २०२६ बाट म्यानचेस्टर युनाइटेडको प्रशिक्षक रहेका छन्। युनाइटेडलाई प्रिमियर लिगसँगै च्याम्पियन्स लिग उपाधि जिताउने दबाब र अवसर उनीमाथि रहेको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com